प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशद्वारा प्रकाशित

# योजना बुलेटिन

वर्ष: ३ | अंक: २ | पौष/माघ
Years: 3 | Issue: 2 | December



## प्रदेश योजना आयोग

लुम्बिनी प्रदेश, मुकाम: बुटवल

**प्रकाशक**
**प्रदेश योजना आयोग**
लुम्बिनी प्रदेश
फोन नं.: ०७१-५५००६३
ईमेलः infoppc.p5@gmail.com

**प्रकाशन तथा सम्पादन समिति**

**संयोजक**
**डा. दामोदर भुसाल**
सदस्य, प्रदेश योजना आयोग

**सम्पादन समितिका सदस्यहरु**

**श्री सुमन पौडेल**
नि. प्रशासकीय प्रमुख, प्रदेश योजना आयोग

**श्री इश्वरी प्रसाद पोखरेल**
उप-प्राध्यापक, बुटवल बहुमुखी क्याम्पस

**विष्णु प्रसाद अर्याल**
कम्प्युटर अधिकृत, प्रदेश योजना आयोग

**अतिथि सम्पादक**
**डा. बुद्धिप्रसाद शर्मा**
अनुसन्धानकर्ता

**मुद्रणः**
**प्रकाश अफसेट प्रेस, बुटवल**
राजमार्ग चौराहा बुटवल
फोन नं.०७१-५४८५७९, ९८५७०२५०४२
Email: prakashpressbtl@gmail.com

**ले-आउट सेटिङ्गः**
**अविनाश अधिकारी**

सम्पादकीय

# विकास निर्माणलाई नतिजामुखी बनाऔं

नेपालका तीनै तहका सरकारहरु चालु आर्थिक वर्ष ०७८/०७९ को अर्धवार्षिक समीक्षा गर्दै आर्थिक वर्ष ०७९/८० को बजेट निर्माणको पूर्व तयारीमा जुटिरहेका छन् । विशिष्ट राजनैतिक घटनाक्रमका कारण यो वर्ष लुम्बिनी प्रदेशको बजेट केही ढिलागरी पारित भयो । अध्यादेश मार्फत् प्रस्तुत गरिएको बजेटमा सामान्य परिवर्तन गर्दै प्रस्तुत बजेट मूलतः पूर्ववर्ती बजेटको निरन्तरता हो । बजेट निर्माणमा जे-जस्तो अवस्था भए तापनि यसको कार्यान्वयनमा विशिष्ठता प्रदर्शन गर्न जरुरी छ । यसका लागि प्रदेश योजना आयोगले मन्त्रालय, आयोग, प्रतिष्ठान तथा प्रधिकरणहरुको बजेट कार्यान्वयन कार्ययोजना उपर छलफल गरी बजेटलाई प्रभावकारी बनाउन विशेष निर्देशन दिइसकेको छ । सोहीअनुसार सम्बद्ध निकायहरु क्रियाशील छन् भन्ने आयोगको विश्वास छ । यस सम्बन्धमा यसै महिना प्रस्तुत हुने प्रगति समीक्षा रिपोर्टले वास्तविकता प्रस्ट्याउनेछ ।

नेपालले योजनाबद्ध विकासको लागि ६५ वर्ष व्यतित गरिसकेको छ । त्यस्तै हाम्रो प्रदेशले पनि तीन वर्ष योजनाबद्ध विकासको अभ्यास गरिसकेको छ। यसबीचमा देशले खर्चिएको समय र पुँजीको तुलनामा देशले प्राप्त गरेको उपलब्धिलाई नियाँल्दा पक्कै पनि सन्तोष हुन सकिँदैन । तथापि केही प्रगति नभएको भन्ने पक्कै पनि होइन । यसैक्रममा नेपाल अति कम विकसित देशको सूचीबाट स्तरोन्नति भएको छ । तथापि यसका प्रावधानहरु सन् २०२६ देखि मात्र लागु हुनेछन् । आगामी ५ वर्षको समयलाई सदुपयोग गर्दै नेपालले दिगो प्रतिव्यक्ति आय वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । विकासशील मुलुकको सूचीमा स्तरोन्नति भएसँगै अन्तर्राष्ट्रिय समुदायवाट नेपालले प्राप्त गर्दै आएको अनुदान एवम् सहयताहरु क्रमशः कम हुँदै जानेछन् । आन्तरिक आयले साधारण खर्चसम्म थेग्न नसक्ने स्तरको हाम्रो सरकारी आयको स्रोतले जनताको आकासिँदो विकासका चाहनाहरु सम्बोधन गर्न गाह्रो पर्ने निश्चित छ । यसर्थ बजेटको निर्माण एवम् कार्यान्वयनलाई नतिजामुखी बनाउनुको विकल्प छैन । जनताको आकांक्षा तथा स्थानीय प्राथमिकता प्रतिबिम्बित हुने, यथार्थपरक योजना निर्माण, नतिजामुखी बजेट निर्माण तथा कार्यान्वयन त्यस्तै नतिजामुखी अनुगमन र मूल्याङ्कनलाई अगाडि बढाउनु आवश्यक छ जसले सिमित स्रोत र साधनको विवेकसङ्गत प्रयोगमा मद्दत गर्नुका साथै राजश्वको परिचालनकर्ता सबै सरकारी निकायलाई थप जवाफदेही बनाउन सहयोग गर्नेछ ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि योजना निर्माणदेखि कार्यान्वयनको हरेक चरणमा नागरिकको सहभागिताको जरुरी हुन्छ । विकास निर्माणका कामहरु जुनसुकै सरकारले गरे तापनि त्यो नागरिकको समीपमै भइरहेका छन् । आफ्नो घर छेउँमा हुने हरेक निर्माणका कामहरुलाई गुणस्तरीय एवम् निर्धारित समयमा सम्पन्न गर्न नागरिक समुदायको नियमित अनुगमन तथा निगरानी जरुरी रहन्छ । तसर्थ नागरिक समुदायलाई योजनाको माग गर्ने क्रममा जस्तै विकास निर्माणका कार्य सम्पादनमा विशेष जागरुक हुन प्रदेश योजना आयोग अनुरोध गर्दछ ।

योजना बुलेटिन मूलतः प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशको मुखपत्रका रुपमा बुझिन्छ । योजनाबद्ध विकासका माध्यमबाट प्रदेशभित्र गुणस्तरीय एवम् दिगो विकासलाई प्रवर्धन गर्ने, नागरिकहरुको मर्यादित जीवनयापनको अधिकारलाई सुनिश्चित गर्ने, समतामूलक र समावेशी विकास मोडललाई अगाडि बढाउनु आयोगको मुख्य काम हो । *स्वावलम्वी जनता, संवृद्ध लुम्बिनी प्रदेश* बनाउने अभियानमा क्रियाशील सरकारका हरेक गतिविधिहरु नागरिकलाई जानकारी गराउने तथा नागरिकका पृष्टपोषणहरु सरकारसँग पुऱ्याउन मद्दत पुगोस् भन्ने हेतुले योजना बुलेटिनलाई प्रदेश सरकारको ऐनाका रुपमा प्रयोग गर्न चाहन्छौं ।

प्रदेश सरकारका सबै मान्त्रालयहरु, आयोग, प्रतिष्ठानहरु एवम् लुम्बिनी प्रदेशभित्रका १०९ वटै स्थानीय सरकारहरु तथा ९८३ वडाहरु मध्ये कुनै पनि तहमा भए गरेका नवीन एवम् जनमुखी कामहरुलाई विस्तार र विकास गर्ने तथा दिगो विकासलाई सुनिश्चित गर्नेक्रममा देखिएका समस्याको निधानका उपायहरुको खोजी गर्न मद्दत पुग्ने आशाका साथ यो प्रकाशनलाई निरन्तरता दिइरहेका छौं । हामीलाई विश्वास छ आयोगको यो प्रयासलाई सम्बद्ध सवै पक्षबाट यथोचित सहयोग मिल्ने नै छ ।

# योजना सम्मेलन-२०७८

## दस बुँदे लुम्बिनी घोषणापत्र जारी गर्दै सम्पन्न










राष्ट्रिय योजना आयोग र सातै प्रदेशका योजना आयोगका पदाधिकारीहरू, सचिव र सम्बन्धित कर्मचारीहरूको सहभागितामा २०७८ मङ्सिर १९ र २० गते योजना सम्मेलन-२०७८ लुम्बिनी प्रदेशको अस्थायी राजधानी बुटवलमा सम्पन्न भयो। विषेशतः बजेट तर्जुमा, योजना निर्माण लगायतका विषयमा राष्ट्रिय योजना आयोग र सातै प्रदेशका योजना आयोगका बीचमा अनुभव आदानप्रदान सघनरूपमा भयो। साथै राष्ट्रिय योजना आयोगबाट निर्माण गरिएका एमटिइएफ, प्रोजेक्ट बैंक र वित्तीय हस्तान्तरणसम्बन्धी विद्युतीय प्रणाली सबै प्रदेश योजना आयोगहरुलाइ हस्तान्तरण गर्ने कार्य सम्पन्न गरियो।

योजना सम्मेलन-२०७८ को पहिलो सत्र मङ्सिर १९ गते बिहान ८:३० बजेबाट सुरु भई साँझ ६ बजेसम्म सञ्चालन भएको थियो। कार्यक्रममा लुम्बिनी प्रदेशका मा.मुख्यमन्त्री कुलप्रसाद के.सी. प्रमुख अतिथि र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल विशेष अतिथि रहनु भएको थियो भने प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशका उपाध्यक्ष बामदेव क्षेत्री (घिमिरे) ले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो। साथै कार्यक्रममा अतिथिहरू राष्ट्रिय योजना आयोगका सदस्य सलोनी प्रधान सिंह, प्रदेश योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष डा. भोगेन्द्र झा, प्रदेश योजना आयोग गण्डकी प्रदेशका उपाध्यक्ष डा. रघुनाथ काफ्ले, राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारी र लुम्बिनी प्रदेशका प्रमुख सचिव डिल्लीराम शर्मा रहनुभएको थियो।

कार्यक्रममा राष्ट्रिय योजना आयोग र अन्य ६ वटा प्रदेशका प्रदेश योजना आयोगका वरिष्ठ पदाधिकारीहरू, सचिव र कर्मचारीहरू गरी करिब ५५जनाको सहभागिता रहेको थियो। लुम्बिनी प्रदेश योजना आयोगका सदस्य डा. दामोदर भुसालको स्वागत मन्तव्यबाट सुरु भएको मन्तव्य सत्रमा बोल्ने वक्ताहरूमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद के.सी.ले लुम्बिनी प्रदेशले आयोजना गरेको योजना सम्मेलनका सबै सहभागिहरुलाइ यस प्रदेशमा स्वागत गर्दै सम्मेलनको भब्य सफलताको कामना ब्यक्त गर्नुभयो। साथै उहाँले राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगहरूलाई संघ र प्रदेश बीचमा अधिकार बाँडफाँडमा देखिएका समस्या समाधानका लागि प्रभावकारी खाका तय गर्न समेत अनुरोध गर्नुभएको थियो। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले थोरै स्रोतमा दीगो विकास गर्नका लागि आवश्यक जानकारी तथा सबै प्रदेश योजना आयोगहरूलाई आवश्यक निर्देशन प्रदान गर्नुभएको थियो। लुम्बिनी प्रदेशका प्रमुख सचिव डिल्लीराम शर्माले हस्तान्तरित बिद्युतीय प्रणालीले प्रदेशमा वित्तीय अनुशासन प्रवर्द्धन गर्ने विषयमा धारणा राख्नुभयो। राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले हस्तान्तरित विद्युतीय प्रणालीको बारेमा थप विस्तृत जानकारी दिनुभएको थियो। प्रदेश नं २ प्रदेश योजना आयोगका उपाध्यक्ष डा.

भोगेन्द्र झाले बुद्धभूमि लुम्बिनी र जानकी नगरी जनकपुर को अन्तरसम्बन्धको बारेमा बोल्नु भएको थियो। राष्ट्रिय योजना आयोग सदस्य सलोनी प्रधान सिंहले योजना निर्माणमा बुद्धत्वको महत्त्व दर्साउनुभएको थियो।

सत्रको अन्त्यमा कार्यक्रमका अध्यक्ष तथा लुम्बिनी प्रदेशका योजना आयोग उपाध्यक्ष बामदेव क्षेत्री (घिमिरे) ले सबै सहभागीहरूलाई धन्यवाद व्यक्त गर्दै **MTEF**, **Project Bank** र वित्तीय हस्तान्तरणको क्षेत्रमा प्रदेशको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

**कार्यक्रममा मन्तव्य राख्नुहुने वक्ताहरूले उल्लेखित विषयहरूमा जोड दिनुभएको थियो:**

*१) पाँच लाखसम्मका स-साना आयोजनाहरूलाई प्रदेशस्तरमा प्राथमिकता नदिने,*

*२) विभिन्न प्रदेशहरूबिच असल अभ्यास आदानप्रदान गर्ने कार्यलाई निरन्तरता दिने।*

*३) आयोजना/परियोजना बैंक (**Project Bank**) मार्फत् आयोजना छनौट गर्ने कार्यलाई पद्धतिको रूपमा विकास गर्ने,*

*४) संघीयता र प्रदेशको सरकारको सार्थक औचित्यको लागि परिणामयुक्त जनमुखी विकासका योजना, कार्यक्रम र परियोजनामार्फत् जनविश्वास वृद्धि गर्ने।*

यस्तै गरी कार्यक्रमको दोस्रो सत्रमा प्रादेशिक योजना तथा बजेट तर्जुमा, परियोजना बैंक र सम्भाव्य लगानीका क्षेत्रहरू, तहगत समन्वय, समस्या, चुनौती र भावी कार्यदिशाका सम्बन्धमा योजना आयोग र प्रदेश योजना आयोगहरू बाट सम्बन्धित सचिवज्यूहरुले प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रमको दोस्रो दिन मङ्सिर २० गते राष्ट्रिय योजना आयोग र सातै प्रदेशका योजना आयोग तथा आर्थिक मामिला तथा योजना मन्त्रालयहरूको प्रस्तुतिलाई आधार मान्दै १० बुँदे लुम्बिनी घोषणापत्र जारी गर्दै सम्मेलन सम्पन्न भएको थियो।

## योजना सम्मेलन-२०७८ बाट जारी गरिएको १0 बुदे लुम्बिनी घोषणापत्रका बिषयहरू :

**१) राष्ट्रिय योजना आयोग र सातैवटा प्रदेश योजना आयोगबिचको समन्वयलाई प्रभावकारी रूपमा स्थापित गर्ने ।**

**२) सह-अस्तित्व, समन्वय र सहकार्यको सस्कृतिलाई आत्मसात गरी प्रदेशहरूवीच साझा दृष्टिकोण कायम गर्दै राष्ट्रिय र प्रादेशिक सन्तुलनको माध्यमबाट आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने ।**

मिति २०७८ मङ्सिर १९ र २० गते राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोग लुम्बिनी प्रदेशद्वारा आयोजित योजना सम्मेलनमा ७ वटै प्रदेश तहमा योजना तर्जुमा र कार्यान्वयन तथा बजेट व्यवस्थापनका सम्बन्धमा प्राप्त भएका अनुभव र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा विचार आदान प्रदान भयो। सम्मेलनको अन्त्यमा जारी ११ बुँदे

**लुम्बिनी घोषणापत्र**

१ राष्ट्रिय योजना आयोग र सातैवटा प्रदेश योजना आयोगबीचको समन्वयलाई प्रभावकारी रुपमा स्थापित गर्ने ।

२ सह-अस्तित्व, समन्वय र सहकार्यको संस्कृतिलाई आत्मसात गरी प्रदेशहरु बीचको साझा दृष्टिकोणकायमगर्दै राष्ट्रिय र प्रादेशिक सन्तुलनको माध्यमबाट आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने।

३ राष्ट्रिय योजना आयोगले संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम बर्गिकरण सम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।

४ प्रदेश तहले सम्भाव्य लगानीका क्षेत्रहरु पहिचान गर्दै परियोजना सम्बन्धी आवश्यक तयारी पुरा गरी लगानी सम्मेलन आयोजना गर्ने र यसका लागि परियोजना बैंकमा परियोजनाको सम्पूर्ण विवरण प्रविष्ट गर्ने।

५ राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण भएका विद्युतीय प्रणालीहरुको कार्यान्वयनका लागि क्षमता विकास गर्ने।

६ एक आपसमा जोडिएका प्रदेशहरुका योजना छनौट र संचालन गर्दा बहुप्रादेशिक महत्त्वका परियोजना बनाउन पहल गर्ने ।

७ संघीय तहबाट गरिने वित्तीय हस्तान्तरणलाई वस्तुपरक र समन्यायिक ढंगले वितरण गर्न राष्ट्रिय योजना आयोगले समन्वय गर्ने ।

८ प्रदेशहरुको आन्तरिक श्रोतहरुको पहिचान र विस्तारका लागि कानुनी र संस्थागत विकासमा जोड दिने।

९ जलवायु परिवर्तन र वातावरण प्रदुषणले उत्पन्न हुन सक्ने विपत्तीहरुलाई सामना गर्न साझा रणनीति र योजनाहरु तर्जुमा गरी कायान्वयन गर्ने ।

१० दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्दै ती लक्ष्य प्राप्तीका लागि सहकार्य र समन्वय गर्ने।

११ आगामी तेश्रो योजना सम्मेलन उपयुक्त समयमा गण्डकी प्रदेशले आयोजना गर्ने।

प्रदेश नीति तथा योजना आयोग, सुदुरपश्चिम प्रदेश

प्रदेश योजना आयोग, कर्णाली प्रदेश

योजना आयोग, लुम्बिनी प्रदेश

प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश

प्रदेश नीति तथा योजना आयोग, बाग्मती प्रदेश

प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २

योजना आयोग, प्रदेश नं. १

राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौ ।

सचिव

**३) राष्ट्रिय योजना आयोगले संघ, प्रदेश, र स्थानिय तहबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम बर्गीकरणसम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।**

**४) प्रदेशतहले सम्भाव्य लगानीका क्षेत्रहरू पहिचान गर्दै परियोजनासम्बन्धी आवश्यक तयारी पुरागरी लगानी सम्मेलन आयोजना गर्ने र यसका लागि परियोजना बैकमा परियोजनाको सम्पूर्ण विवरण प्रविष्टन गर्ने ।**

**५) राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण भएका विद्युतीय प्रणालीहरूको कार्यान्वयनका लागि क्षमता बिकास गर्ने ।**

**६) एक आपसमा जोडिएका प्रदेशहरूका योजना छनौट र सञ्चालन गर्दा बहुप्रादेशिक महत्त्वका परियोजना बनाउन पहल गर्ने ।**

**७) संघीय तहबाट गरिने वित्तीय हस्तान्तरणलाई वस्तुपरक र समन्वयात्मक ढङ्गले वितरण गर्न राष्ट्रिय योजना आयोगले समन्वय गर्ने ।**

**८) प्रदेशहरूको आन्तरिक स्रोतहरूको पहिचान र विस्तारका लागि कानुनी र संस्थागत विकासमा जोड दिने ।**

**९) जलबायु परिवर्तन र वाताबरण प्रदूषणले उत्पन्न हुन सक्ने विपत्तिहरूलाई सामना गर्न साझा रणनीति र योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।**

**१0) दिगो विकासका लक्ष्यहरूलाई स्थानियकरण गर्दै ती लक्ष्य प्राप्तिका लागि सहकार्य र समन्वय गर्ने ।**

कार्यक्रमको समापन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष बामदेव क्षेत्री (घिमिरे), गण्डकी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. रघुनाथ काफ्ले र लुम्बिनी प्रदेश योजना आयोगका सदस्य शिवपुजन यादवले मन्तव्य राख्नु भएको योजना सम्मेलन-२०७८ को सञ्चानल प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशका प्रशासकीय प्रमुख श्री सुमन पौडेलले गर्नभएको थियो।

# प्रदेश योजना आयोगद्वारा

## १० जना विद्यार्थीहरुलाई शोधवृत्ति प्रदान



प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशले निर्माण गर्ने नीति तथा योजनाहरुलाई थप सान्दर्भिक एवम् व्यवहारिक वनाउन, युवा विद्यार्थीहरुको खोजमूलक दृष्टिकोणहरु प्रभावकारी हुने तथ्यलाई दृष्टिगत गरी योजना आयोगले विभिन्न विधामा शोधकर्ता विद्यार्थीहरुलाई शोधवृत्ति प्रदान गर्दै आएको छ। यो कार्यक्रमबाट विद्यार्थीहरुलाई शोधकार्यमा जुट्न थप प्रोत्साहन मिल्ने विश्वास राख्दै प्रदेश योजना आयोगले यो कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। प्रदेशको आर्थिक, सामाजिक विकास, भौतिक पूर्वाधार, उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, विज्ञान-प्रविधि, सुशासन र व्यवस्थापन लगायतका विषय क्षेत्रहरुमा अध्ययन, अनुसन्धान र शोध गराउने आयोगको कार्यभारबमोजिम स्नातकोत्तर वा सोभन्दा माथिका तहमा अध्ययनरत १० (दस) जना विद्यार्थीहरुलाई शोधवृत्ति (Research Grant) प्रदान गरेको छ।

शोधवृत्तिसम्बन्धी कार्यविधि, २०७८ मा रहेको व्यवस्था बमोजिम आयोगले उल्लेखित विषयहरुमा स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरुबाट आवेदन माग गर्ने गरी मिति २०७८।०७।०९ गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरेको थियो। सोही सूचना बमोजिम जम्मा ३२ (बत्तीस) जना विद्यार्थीहरुले आवेदन पेस गरेका थिए। यसरी प्राप्त भएका आवेदन उपर अध्ययन मूल्याङ्कन गर्नका लागि आयोगको मिति २०७८।०८।२३ गतेको निर्णय बमोजिम आयोगका सदस्य डा. दामोदर भुसालको संयोजकत्वमा शोधपत्र मूल्याङ्कन समिति गठन गरिएको थियो। उक्त समितिमा विभिन्न विश्वविद्यालयबाट ३ (तीन) जना विषयविज्ञ समेत समावेश गर्दै प्रदेश योजना आयोगका नि. प्रशासकीय प्रमुख श्री सुमन पौडेललाई समितिको सदस्य सचिवको जिम्मेवारी प्रदान गरिएको थियो।

समितिले विभिन्न १० वटा मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा करिब ७ दिनको अथक प्रयास पश्चात आवेदक विद्यार्थीहरुमध्येबाट १० (दस)जना विद्यार्थीहरुलाई छनौट गरी शोधवृत्ति प्रदान गर्ने निर्णय गरेको थियो। सोही निर्णयबमोजिम आयोग र शोधवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु बीच सम्झौता गर्ने कार्य सम्पन्न भएको छ।

मूल्याङ्कन समितिका संयोजक डा. दामोदर भुसालको संयोजकत्वमा आयोजित उक्त सम्झौता कार्यक्रममा आयोगका उपाध्यक्ष श्री बामदेव क्षेत्री घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो। सो कार्यक्रममा उपस्थित विद्यार्थीहरुलाई आयोगका उपाध्यक्ष, सदस्यहरु र प्रशासकीय प्रमुखले प्रादेशिक आवश्यकताका आधारमा सम्बन्धित विषयमा शोध गरी आयोगमा प्रतिवेदन पेश गर्न निर्देशन दिनुभएको थियो। कार्यक्रममा नि. प्रशासकीय प्रमुख श्री सुमन पौडेलले विद्यार्थीहरुले पुरा गर्नुपर्ने प्रशासनिक प्रक्रियाहरुका बारेमा स्पष्ट पार्नुभएको थियो।

यसैगरी आयोगका सदस्य श्री शिव पुजन यादव र श्री विष्णुमाया थापा मगरले प्रादेशिक एवम् राष्ट्रिय महत्वका विषयलाई प्राथमिकतामा राखी शोध अनुसन्धान कार्य गर्न विद्यार्थीहरुलाई अनुरोध गरिएको थियो। कार्यक्रममा उपाध्यक्ष श्री बामदेव क्षेत्री घिमिरेले कृषि, स्वास्थ्य, अर्थशास्त्र र विज्ञान प्रविधि सङ्कायका विद्यार्थीहरु छनौट भएकामा खुसी व्यक्त गर्दै बहुआयामिक विषयमा शोध पत्रहरु प्राप्त हुने सन्दर्भले आयोगलाई गतिशीलता प्रदान गर्ने विचार राख्नु भएको थियो। साथै उहाँले सफल शोधकर्ता विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिँदै शोध कार्यलाई यथासक्य चाँडो सम्पादन गर्न अनुरोध गर्नुभयो। कार्यक्रममा संयोजक डा. दामोदर भुसालले शोधपत्र छनौट प्रक्रियामा कुनै पनि आग्रह, पूर्वाग्रह नराखी विद्यार्थीहरुले तथ्यपूर्ण लेखन तथा प्रस्तुतीकरण शैली हुनुपर्ने कुरामा जोड दिनुभयो। शोध्य विषयको

प्रभावसमेतलाई मूल्याङ्कन गरी १० (दस)जना विद्यार्थीहरु निष्पक्षरुपमा छनौट गरिएको अनुभव राख्नुभएको थियो। साथैं उहाँले यस्तो निष्पक्षता सरकारका सबै निकायबाट कायम गरिनुपर्ने विषयलाई समेत जोड दिँदै विद्यार्थीहरुलाई प्रदेश सरकारको आगामी आर्थिक वर्षको योजना तर्जुमा अघि नै अन्तिम प्रतिवेदन पेस गर्न आग्रह गर्नुभएको थियो।

| मूल्याङ्कन समितिका सदस्य एवम् विज्ञ समुह | | |
|---|---|---|
| डा. दामोदर भुसाल | सदस्य, प्रदेश योजना आयोग | संयोजक |
| श्री थानेश्वर ज्ञवाली | उपसचिव, शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| डा. प्रान्सु नेपाल | उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस | सदस्य |
| डा. शारदा पौडेल | उपप्राध्यापक, लुम्बिनी बौद्ध विश्वविद्यालय | सदस्य |
| श्री सुमन पौडेल | नि. प्रशासकीय प्रमुख, प्रदेश योजना आयोग | सदस्य सचिव |





## शोधवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरु:

| क्र. सं. | नामथर | शिक्षण संस्था | शोधपत्रको शिर्षक |
|---|---|---|---|
| १ | मनोज बस्नेत | कृषि तथा वन विज्ञान विश्वविद्यालय | YIELD AND POSTHARVEST PERFORMANCE OF DIFFERNENT HYBRID AND OPEN POLLINATED CULTIVARS IN DANG, NEPAL |
| २ | निरा चण्डी | त्रिभुवन विश्वविद्यालय/अमृत क्याम्पस | CHEMICAL ANALYSIS OF IRON ORE COLLECTED FROM JELBANG, ROLPA, NEPAL |
| ३ | गणेश वेल्वासे | त्रिभुवन विश्वविद्यालय/एक्वाकल्चर विभाग | EFFECTS OF REPLACEMENT OF FISH MEAL WITH SILK PUPAE PROTEIN ON THE GROWTH PERFORMANCE OF LABEO ROHITA MANAGED UNDER CAGE CULTURE |
| ४ | बाला शर्मा | त्रिभुवन विश्वविद्यालय/कृषि र पशु विज्ञान अध्ययन संस्थान | IDENTIFICATION, ISOLATION AND CHARACTERIZATION OF RHIZOBIUM |
| ५ | सन्दिप अर्याल | त्रिभुवन विश्वविद्यालय/कृषि तथा वन क्याम्पस | SOCIO ECONOMIC IMPACT EVALUATION OF INTEGRATED RICE, DUCK AND FISH FARMING IN LUMBINI PROVINCE |
| ६ | नमुना पौडेल | त्रिभुवन विश्वविद्यालय/अमृत क्याम्पस | AN ECO-FRIENDLY EXTRACTION, PHYTOCHEMICAT INVESTIGATION AND BIOLOGICAL ACTIVITY TEST OF EXTRACTS OF PTANT DYSPHANIA AMBROSIOIDES (L) MOSYAKIN & AMP, CLEMANTS USED IN THE TREATMENT OF NOVEL CORONAVIRUS. |
| ७ | प्रसन्न घिमिरे | लुम्बिनी वौद्ध विश्वविद्यालय | ASSIMILATION OF BUDDHIST ART AND ARCHITECTURE TO REDEFINE HOTELS IN LUMBINI, THE ARCHAEOLOGICAL SITE REMARKED AS THE WORLDHERITAGE. |
| ८ | अजय कुमार बजगाई | त्रिभुवन विश्वविद्यालय/अमृत क्याम्पस | CORROSION INHIBITION BY SHOREA ROBUSTA (SAL) BARK EXTRACT FOR MILD STEEL IN 1 M H2SO4. |
| ९ | सुनिता खरेल | त्रिभुवन विश्वविद्यालय/वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | STRESS AND COPING STRATEGIES AMONG ELDERLY PEOPLE RESIDING IN GOVERNMENT AND PRIVATE GERIATRIC CENTERS AT DEVGHAT NEPAL |
| १० | खिमानन्द भण्डारी | नेपाल खुला विश्वविद्यालय | IMPACT OF CAPITAL MARKET ON ECONOMIC GROWTH IN NEPAL |

# दीर्घकालीन रणनीति योजनाको आवश्यक्ता



**बामदेब क्षेत्री (घिमिरे)**
उपाध्यक्ष, प्रदेश योजना आयोग

योजना आयोग, लुम्बिनीप्रदेश योजनाआयोगले सातवटै प्रदेश योजना आयोग र राष्ट्रिय योजना आयोगलाई उपस्थिति गराई २०७८ मङ्सिर १९ र २० गते भव्य रूपमा योजना सम्मेलन गरेका छ । यस सम्मेलनमा तीनवटा महत्वपूर्ण सफ्टवयर (?), मध्यकालीन खर्च संरचना, वित्तीय हस्तातरण र प्रोजेक्ट बैंक प्रदेशहरूलाई हस्तान्तरण गरिएको छ । यो लुम्बिनीप्रदेश तथा अन्यप्रदेशलाई योजना बनाउन, लगानी सम्मेलन गर्नको लागि महत्वपूर्ण र कोसे ढुङ्गा सावित हुनेछ। दुई दिनको छलफल, सातवटै प्रदेशको प्रस्तुति, सम्भावना र चुनौतीहरूबारे आफ्ना अनुभूति सबैले व्यक्त गर्दै, यो सम्मेलन प्रदेशको लागि पनि गौरवको विषय बनेको छ। नेपालको संविधानअनुसार अब दीर्घकालीन रणनीति योजना २०८९ बनाउन जुट्न पर्ने भएको छ। त्यसबाट दीर्घकालीन सोच, यसका मार्गचित्र, लक्ष्य, रणनीति र दृष्टिकोणका परिणात्मक लक्ष्यहरूको बारेमा हामीले सरोकारवाला निकाय र सम्बन्धित विज्ञहरूबिच सुझावका लागि छलफल थालेका छौं । हामीले प्रदेशलाई पाँच वर्षमा भौतिक पूर्वाधारका प्रगतिको दिशामा आर्थिक वृद्धिदर ८ प्रतिशतमा ल्याउने र १० वर्षमा देशमा मध्यम आय भएको प्रदेश र विदेशीहरूसँग प्रतिस्पर्धा गर्ने गरी दुई अङ्कको आर्थिक वृद्धिदर कायम गर्ने योजना बनाउने तयारीमा छौं।

लुम्बिनी प्रदेशको कृषि उत्पादनका सन्दर्भमा हाल मासु, दुध, तरकारी र चामलमा आत्मनिर्भर हुने देखिएको छ तापनि पाँच वर्षमा पूर्णरुपले खाद्य वस्तुमा आत्मनिर्भर हुँदै छ । कुटिर उद्योग, मेनिफ्याक्चर उद्योगमा प्रवेश गर्दै छ। यहाँ उत्पादन भएका वस्तु, छिमेकी देशहरूमा निर्यात गर्ने १० बर्से रणनीति बनाउनु आवश्यक छ । औद्योगीकरण बिना देशको समृद्धि हुँदैन । हामीले तय गरेको '**समृद्धि प्रदेश आत्मनिर्भर जनता**' नारालाई सार्थक बनाउन पनि यो प्रदेश स्वास्थ्य, शिक्षा, रोजगार, खाद्यान्नमा आत्मनिर्भर हुन आवश्यक छ । परिवर्तन सम्भव छ। यो विषयलाई, हामी विभन्नि योजनाहरूको निर्माण र तिनको कार्यान्यनबाट समृद्धि प्रदेशको पक्षमा छौं । सर्वप्रथम समृद्धिप्रदेश बनाउनको लागि सुदृढ अर्थतन्त्रको आधार खोज्नुपर्छ। ती आधारहरू भनेका-

(क) वर्गीय उत्थान हो। वर्गीय उत्थनाका लागि रोजगारी सिर्जना गर्नुपर्छ जसबाट न्यून वर्ग र मध्यम वर्गको आधारभूत आवश्यकता सहजै परिपूर्ति हुन गई वर्गीय उत्थान हने देखिन्छ।

(ख) वितरण न्याय, किनकि विभिन्न भौगोलिक क्षेत्रहरूबिच भएका ????? असन्तुलनलाई हटाउन, मानवविकास सूचाङ्कको आधारमा भौतिक विकासको आधार हुन्छ त्यो आधारमा पछाडि परेका क्षेत्र र समुदायलाई विशेष प्राथमिकतामा राखी दीर्घकालीन योजना बनाउन आवश्यक छ।

(ग) औद्योगिक क्रान्तिका आधारहरू निर्माण गर्न आवश्यक छ । औद्योगिकीकरणबिना आर्थिक वृद्धिदर पनि बढ्दैन र समृद्धि पनि हुँदैन। यसलाई कसरी औद्योगीकरण गर्ने भन्ने योजना बनाउन आवश्यक छ।

(घ) सुशासनबिना देशमा दिगो समृद्धिको कल्पना गर्न सकिँदैन । सबै प्रकारका भ्रष्टाचार, ढिलासुस्ती, नातावाद, कृपावादको अन्त्य र सबै सरकारी तथा सार्वजनिक प्रतिष्ठानहरूलाई डिजिटल प्रविधि जडान गर्ने, अपारदर्शी तरिकाबाट कमाएको सम्पत्ति नियन्त्रित कानून, नोटबन्दीका अनेक उपायका योजना बनाउन आवश्यक छ।

(ङ ) अर्थतन्त्रको चालक शक्ति के हो ? कसले डोऱ्याउने ? भन्ने प्रश्नमा निश्चित योजना बनाउनुपर्छ । तत्काल नेपालमा अर्थतन्त्रको चालक शक्ति कृषि नै हो। अहिले पनि दुई तिहाइ जनता कृषिमा निर्भर छन् तसर्थ कृषिमा विकास गर्दै अन्य क्षेत्रलाई डाऱ्याउने नीति नेपालजस्तो गरिब मलुकमा उपयुक्त नै हुन्छ । हामीले कृषि क्षेत्रमा लगानी गरेर जीवनस्तर माथि उठाउने, आत्मनिर्भर हुँदै खाद्यान्नमा बाहिरबाट आयात हुने र आयातबाट बाहिरिने अरबौं रूपैंया देशमा नै रोकेर नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ।

(च) कृषि पछि अर्को महत्त्वपूर्ण पक्षका रूपमा उर्जालाई लिन सकिन्छ। जलविद्युत उत्पादन र वितरणमा विशेष ध्यानदिँदै उपयोग कसरी बढी गर्न सकिन्छ भन्नेबारे बहस गरेर योजना बनाउने, विद्युतको सहज र सुलभ आपूर्ति भई, अरबौंको पेट्रोलको र ग्याँसको आयातलाई विस्थापित गर्ने, लाइट चार्जिङ् इलेक्ट्रोनिक गाडीहरूको प्रयोग गर्ने, खाना पकाउनेदेखि लिएर सार्वजनिक यातायात, रेल सेवामा विद्युतको प्रयोग गर्ने, दीर्घकालीन योजना बनाउने र प्रदेशले राखेको उज्यालो प्रदेशको नारालाई केन्द्रबिन्दुमा राखी काम गर्न आवश्यक छ। आपूर्ति पक्षको समस्याले व्यापार सन्तुलन देखि भुक्तान सन्तुलनसम्मलाई असर पारेको छ। हामीले अभियान कै रूपमा स्वदेशी उत्पादन प्रयोग गर्ने योजना बनाउनपर्छ।

(छ) प्रदेश समृद्धिका लागि औद्योगीकरण आवश्यक छ। सामान्य दैनिक उपयोगका लागि आवश्यक पर्ने सामग्रीहरू-लत्ता, कपडा, जुत्ता, पुस्तक, निर्माण सामग्रीहरू -गिट्टी, बालुवा, छड, सिमेन्ट आदि सामान उत्पादन गरेर आत्मनिर्भर हुँदै गर्दा, बेरोजगारी समस्या हल हुने र खरबौं रकम देशबाट बाहिर जान रोक्न सक्ने योजना बनाउनु नितान्त आवश्यक छ।

(ज) सेवाक्षेत्रले नेपालको अर्थतन्त्रको ६० प्रतिशत हिस्सा ओगटेको छ। हाम्रो प्रदेशमा कुनै प्रतिशत त किटान गरिएको छैन तर यसको असर छ । बैंक, वित्तीय क्षेत्र, शैक्षिक संस्था, अस्पताल, कन्सलटेन्सीहरू, पर्यटन व्यवसाय, होटल तथा रेष्टुरेन्ट, सिनेमाहल, सञ्चारक्षेत्र आदिलाई गुणस्तरीय बनाउन योजना बनाउने, दीर्घकालीन सोच र परिणाममुखी लक्ष्य तय गर्ने गरी आर्थिक वृदिदर उच्च बनाउन, आवश्यक उपाय अवलम्बन गर्ने योजनाको खाँचो छ । बैंकिङ क्षेत्रबाट राहतको रूपमा जाने, रकमलाई औसत वस्तुनिष्ठ बनाएर हाम्रो प्रदेशको वित्तीय प्रणाली र राष्ट्र बैंकलाई अगाडि बढाएर सहकार्य गर्ने योजना बनाउने, प्रदेशले आफै बैंक सञ्चालन गर्ने, प्राथमिकताका आधारमा, निश्चित सिद्धान्तको आधारमा, यिनी क्षेत्रहरूमा अल्पकालीन, मध्यकालीन, दीर्घकालीन योजना, निर्माण गरी अगाडि बढाउन आवश्यक छ।

(ज) रोजगार र उत्पादनको बारेमा व्यापक वहस छ। नेपालमा सरदर ४ लाख जनशक्ति रोजगारको लागि तयार हुन्छ भने हाम्रो प्रदेशमा पनि वार्षिक ६०- ७० हजार जनशक्ति तयार हुन्छ। हामीले दीर्घकालीन योजना बनाउँदा वन क्षेत्र, नदी क्षेत्र, सार्वजनिक क्षेत्र, उद्योग पर्यटन क्षेत्रलाई विशेष ध्यान दिनुपर्छ। प्रधानमन्त्री रोजगार कार्यक्रममा हाम्रो प्रदेशमा खाद्यान्न र दैनिक ज्यालादारीको रूपमा २० हजार युवालाई रिजर्व फोर्स, विभिन्न सेवा, विपद् व्यवस्थापनमा भोलेन्टरी सर्भिसमा १० हजार, डिजिटल अर्थतन्त्रमा ५ हजार, उधोग पर्यटन कृषि र अन्य क्षेत्रमा ३५ हजार,आदि योजना रोजगार सृजना गर्ने, १०० जना रोजगार कम्पनीलाई ४० प्रतिशत आयकर छुट, ५०० जनालाई रोजगार दिनेलाई १० वर्षसम्म आयकर छुट, यस्ता योजना दीर्घकालीन बनाएर, उत्पादनसँग जोड्ने हो भने, हाम्रो प्रदेश बेरोजगारबाट मुक्त बनाउन दीर्घकालीन योजना बनाउन आवश्यक छ।

(झ) हामीले राष्ट्रिय गौरवका आयोजना, गृह, सडक, रेलसेवा, अनुसन्धान केन्द्र, प्रयोगशाला, सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि दीर्घकालीन एकीकृत रणनीति योजना बनाउने तयारीमा छौं। हाम्रो दीर्घकालीन रणनीति योजनाले पहाडलाई छुने डाँडासम्म बाटो, केबलकार, रोपवे बनाउने योजना छ। माथिसम्म कम्तीमा एक स्टार होटल, एउटा समुदायिक विद्यालय, सुइमिङ पुल, कृषिफारम, अर्गानिक फलफूल, तरकारी, मासु आदि उत्पादन, वृद्धाश्रम, मेडिटेसनहल, योगाश्रम, सेमिनार हल, सुरक्षा निकाय, सूचना, सञ्चार र अस्थायी आवास, ट्याक्स फ्रि जोन, वित्तीय प्रणाली, सबै सुविधा भएको नमुना बस्तीयुक्त गाउँपालिका बनाउने योजना पनि छ। यसका लागि दीर्घकालीन सोच बनाएर क्रमशः अरू गाउँपालिकामा पनि लागू गर्ने गरी, दीर्घकालीन योजना बनाई लागू गर्ने दृढ इच्छा शक्तिका साथ सबै लाग्नु आवश्यक छ।

# सत्यवती ताल पर्यटन पूर्वाधार विकास आयोजना




**सुन्दरप्रसाद श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत, तिनाउ गाउँपालिका, पाल्पा**

तिनाउ गाउँपालिकाको अत्यन्त रमणीय प्राकृतिक पर्यटकीय स्थलको रूपमा सत्यवती ताल रहेको छ। तिनाउ गाउँपालिका वडा नं. ४,मा अवस्थित यो ताल प्राकृतिक मनोरमता, जैविक विविधता, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवंम पर्यटकीय गहना हो। यो ऐतिहासिक पर्यटकीय काललाई यथोचित विकास र प्रवर्द्धन गर्न सकेमा तिनाउ गाउँपालिकाको मात्र नभई पाल्पा जिल्लाकै नमुना पर्यटकीय स्थलको रूपमा चिनाउन सकिने प्रशस्त आधारहरू छन्। पर्यटन प्रवर्द्धनसँगै कृषि तथा पशुपालन व्यवसाय, दालचिनीको पकेट क्षेत्र विकासका रूपमा विकास गर्न सकिन्छ। यसका साथै रिसोर्ट, होटेल, रेस्टुरेन्ट होम स्टे, लगायतका खुद्रा व्यवसाय संञ्चालन गरी आय आर्जनमा थप योगदान पुग्न सक्ने प्रचुर सम्भावना रहेको छ। विशेषगरी मगर समुदायको बसोबास रहेको यस क्षेत्रमा मगर संस्कृति झल्काउने होम स्टे सञ्चालन गर्न सकिने प्रशस्त सम्भावनाहरू छन्। समुद्र सतहदेखि करिब १२६७२ वर्ग मिटर क्षेत्रफलमा फैलिएको र १४०० मिटर उचाइमा अवस्थित यो ताल पहाडको टाकुरामा चारैतिर घना जङ्गल र पहाडले घेरिएर बिचमा ताल बनेको छ। सिद्धार्थ राजमार्गको झुम्साबाट पूर्वतर्फ करिब ११ किलोमिटर दुरीमा यो ताल रहेको छ।

प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्दशी र पूर्णिमाको दिन हजारौं भक्तजनहरू आस्था र विश्वासका साथ सो तालमा पुगी रातभर झ्याउरे, ठूलो नाच, ख्याली, (भजन) लोक दोहोरी गीत गाउँदै, नाच्दै, रमाउँदै जाग्राम बसी सत्यवती तालमा स्नान गरी, साल र निगालोको लिङ्गो लिएर दायाँ घुम्दै चिच्याएर सत्यवती बैरीदेवी बैरी/बज्यैसँग वर मागेमा चिताएको पुग्ने जनविश्वास रहेको छ। सत्यवती बज्यैले कान नसुन्ने भएकाले चिच्याएर वर माग्ने गरिएको जनश्रुति छ। साथै विगतमा आफ्नो माग एवम् भाक्कल पुरा भएपछि बली चढाउन र पूजा आजा गर्न सो ताल स्थित सत्यवती बज्यैको मन्दिरमा भक्तजनहरू पुग्ने गर्छन्।

आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकारको विशेष योजनातर्फको रु. १ करोड बजेटबाट सत्यवती ताल पर्यटन पूर्वाधार विकास आयोजना तिनाउ गाउँपालिकाद्वारा कार्यान्वयन गरिएको थियो। उक्त बजेटबाट सत्यवती बज्यैको मन्दिर तथा ताल संरक्षण गर्न र तालको भित्री भागमा २८७ मिटर र बाहिरी भागमा २१८ मिटर स्टोन मेसिनरी पर्खाल लगाइएको छ। तालको भित्री भागमा सुरक्षाको निम्ति ३१२ मिटर ३ लाइन स्टेनलेस स्टिल रेलिङ्ग निर्माण गरिएको छ। यसै गरी तालको वरिपरी पैदल हिड्नका लागि ५ मिटर चौडाइ भएको कङ्क्रिट पेभिङ्ग ब्लकको प्रयोग गरी ३३४ मिटर लम्वाइ बाटोको निर्माण गरिएको छ। साथै भक्तजनको सुविधाको लागि महिला, पुरुष र अपांङ्गलाई समेत उपयुक्त हुने गरी सुविधा सम्पन्न शौचालय निर्माण गरिएको छ। गत आर्थिक वर्षमा उक्त कार्य २ पटक ठेक्का प्रक्रियाद्वारा रु. ९४,५०,३९७।०० मा निर्माण सम्पन्न गरिएको थियो। सिद्धार्थ राजमार्गको झुम्सादेखि सत्यवती तालसम्म पुग्न कच्ची मोटरबाटो बनिसकेको छ, भने सिद्धार्थ राजमार्गको चौविस माइलदेखि सत्यवतीसम्म पुग्न सत्यवती दर्शन प्रा.लि.द्वारा केबुलकार संञ्चालनको तयारी भइरहेको छ। यसले उक्त तालसम्म पर्यटक तथा भक्तजनहरूलाई पुग्न सहज हुने र तुलनात्मक रूपमा धेरैभन्दा धेरै भक्तजन तथा पर्यटकहरूको घुइँचो लाग्ने आँकलन गरिएको छ। यसबाट पर्यटन प्रवर्द्धन तथा आयआर्जनको क्षेत्रमा ठूलो योगदान पुग्ने आशा गरिएको छ।

# लुम्बिनी प्रदेशमा सुगन्धित धान तथा प्याज खेती कार्यक्रम



– डा. मीनबहादुर श्रेष्ठ
पूर्व–उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

## १. पृष्ठभूमि

नेपालमा ठुलो जनसङ्ख्या कृषिमा संलग्न रहे तापनि न्यून उत्पादकत्व र अपर्याप्त उत्पादनको कारण कृषिमा संलग्न घरपरिवारको आयस्तरमा सुधार आउन सकेको छैन। कृषि क्षेत्रमा अर्ध-बेरोजगारी पनि अत्यधिक रहेको छ भने यस क्षेत्रमा संलग्न जनसङ्ख्यामा अत्यधिक गरिबीको अनुपात उच्च रहेको छ। मुख्यगरी स-सानो खण्डीकृत भूमिमा परम्परागत तरिकाबाट निर्वाहमुखी खेती गर्ने प्रथाको कारण यो अवस्था आइलागेको हो। कृषि व्यवसायमा लगानी पनि नउठ्ने अवस्था रहेको र त्यसमाथि युवाहरु वैदेशिक रोजगारीमा जानाले श्रमिकको समेत अभाव हुन गएको कारण हाल मुलुकमा करिब ३० प्रतिशतभन्दा बढी जमिन बाँझो रहन गएको अनुमान छ। यसको परिणाम स्वरुप मुलुकले आर्थिक वर्ष २०७७/७८ मा झण्डै रु. २ खर्ब बराबरको कृषिजन्य वस्तु आयात गर्नु परेको छ।

कृषिको आधुनिकीकरण र व्यावसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउनको लागि संघीय सरकारले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ। यस कृषि क्षेत्रमा लुम्बिनी प्रदेश सरकारले पनि केही ठोस कार्यहरु अघि बढाएको देखिन्छ। लुम्बिनी प्रदेश, प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७७/७८ मा बर्दिया जिल्लामा अत्याधुनिक कृषि फार्म स्थापना गर्नको लागि सम्भाव्यता अध्ययन गरी परियोजना विकासको कार्य सम्पन्न गरेको छ। यसअन्तर्गत राजापुर नगरपालिकामा सुरुमा १०० बिघा जमिन एकीकृत गरी हरियाली मोडेलमा सुगन्धित धान खेती र प्याज खेतीमा केन्द्रित हुने गरी कृषि फार्म स्थापना गर्ने र पछि क्रमशः खेतीक्षेत्र विस्तार गर्ने लक्ष्य राखिएको छ। यही कार्यक्रमसमेतको आधारमा प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा प्रदेशमा एकहजार बिघामा सुगन्धित धान तथा प्याज खेती गर्ने कार्यक्रम घोषणा गरेको छ।

## २. अत्याधुनिक कृषि फार्मको लागि हरियाली मोडेल

बर्दियाको राजापुरमा प्रस्तावित अत्याधुनिक कृषि फार्म हरियली मोडेलमा स्थापना गर्ने गरी परियोजना विकास गरिएको छ। हरियाली मोडेलमा जमिनको एकीकरण र चक्लाबन्दी गर्ने कार्य सुरु बिन्दुको रुपमा रहन्छ जसबाट जमिनको उत्पादन र उत्पादकत्व वृद्धि सुनिश्चित हुन सक्दछ। अर्कातर्फ यसमा कृषकको आफ्नो भूमिउपरको स्वामित्व कायमै राखी आय-आर्जन वृद्धि गर्ने कार्य हुन्छ। किसानहरुले आफ्नै लगानीको कम्पनीलाई आफ्नो स्वामित्वको जमिन लिजमा दिएर भाडा प्राप्त गर्ने, आफै कम्पनीको व्यवस्थापक वा कर्मचारी भई काम गर्ने र त्यस बापत तलब पाउने साथै कम्पनीको नाफाबाट लाभांश पाउने व्यवस्था हुन्छ।

हरियाली मोडेल चीनमा अभ्यास गरिएको उत्पादन ब्रिगेड, दक्षिण अफ्रिकाको टिम्बाली र भारतको आमूल मोडेलहरुको फ्युजन गरी निर्माण गरिएको मोडेल हो। यस मोडेलमा श्रम बजारमा उपलब्ध जनशक्तिलाई कृषि क्षेत्रमाउत्पादन ब्रिगेडको रुपमा परिचालन गरिन्छ। त्यसै गरी, यस मोडेलमा टिम्बाली मोडेलमा झैं समूहमा आबद्ध भएर काम गर्न चाहनेलाई जमिन, श्रम, पुँजी र प्रविधिको उचित संयोजन गर्ने कार्यमा एक विशिष्टीकृत संस्थाले सघाउँदछ। कृषकहरु आफै मिलेर सामूहिक कृषि गर्न चाहे तापनि उनीहरुले लगानी र प्रतिफलको मोडालिटीसम्बन्धी अन्यौल, पुँजी र प्रविधिको अभाव जस्तासमस्या सामना गर्नुपर्ने हुँदा यस्तो संस्थाको अगुवाइ आवश्यक हुन जान्छ।

कृषि क्षेत्रमा न्यून उत्पादनको समस्या प्रमुख रहेको छ। तर जे-जति उत्पादन हुन्छ, त्यसको पनि सहज रुपमा बजार पहुँच नहुँदा किसानहरुले उत्पादनको मूल्य पाउने निश्चितता हुँदैन। कृषि क्षेत्रमा लगानी गर्न नयाँ उत्साहका साथ आउने उद्यमीहरु उत्पादन बिक्री नभएपछि घाटा व्यहोरेर कृषिबाट छिटै पलायन भएका धेरै दृष्टान्तहरु छन्। हरियाली मोडेलमा कृषि उपजको बजारीकरणको लागि भारतको आमूल सहकारीले अपनाएको जस्तै बिधि अवलम्बन गरी सबै कृषि उत्पादनलाई हरियाली ब्राण्डमा स्वदेश तथा विदेशमा बिक्री गर्ने व्यवस्था गरिन्छ। यसमा गुणस्तर निर्धारण, नियन्त्रण र आन्तरिक प्रमाणीकरणको कार्यमा विशेष जोड दिइन्छ।

हरियाली मोडेलअन्तर्गत कृषि व्यवसाय सञ्चालन गर्न सानो स्केलको व्यवसायको लागि सहकारी र मझौला तथा ठुला व्यवसायको लागि कम्पनी स्थापना गरिन्छ। सहकारीअन्तर्गत जग्गाधनी साथै सीमित भौगोलिक क्षेत्रका घरपरिवार मात्र सहभागी हुन पाउने



व्यवस्था छ । ठूलो लगानी जुटाउन बाहिरका लगानी कर्ताहरुलाई समेत सहभागी गराउन कम्पनी मोडेलमा जान आवश्यक हुन्छ। जग्गाधनी कृषकहरु लगानीकर्ताको रुपमा रहन्छन् तर उनीहरुको लगानी क्षमता कम हुने तर व्यवशायको लागि ठुलो लगानी आवश्यक पर्ने भएकोले बाहिरको लगानीकर्तालाई समेत सहभागी गराइन्छ।

हरियाली मोडेल अन्तर्गत काम गर्दा कृषक घरपरिवार हरेकले कृषि सामाग्री, प्राविधिक सेवा, बैंकको कर्जा आदिको लागि धाउनु पर्दैन ।अर्कोतर्फ, सरकारी निकायहरुले पनि हरेक घरपरिवारलाई छुट्टाछुट्टैरुपमा सेवा उपलब्ध गराउनु पर्ने अवस्थाको अन्त्य हुन्छ। हरियाली मोडेलअन्तर्गत निर्माण हुने एक द्वार प्रणालीबाट किसान घरपरिवार र सरकारी निकायहरु दुवैतर्फको ठूलो श्रम, श्रोत र समयको बचत हुन सक्दछ।

### ३. सुगन्धित धान उत्पादन कार्यक्रम

नेपालमा कुल धान खेती हुने क्षेत्र १४ लाख ६० हजार हेक्टरमध्ये करिब १० प्रतिशतमा मात्र सुगन्धित धान खेति गरिँदै आएको छ। धानको औसत उत्पादकत्व ३.८ मेट्रिकटन प्रति हेक्टर रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल ५५ लाख ५१ हजार मेट्रिकटन धान उत्पादन भएको छ भने त्यसमध्ये सुगन्धित धानको उत्पादन ५ लाख २५ हजार मेट्रिकटन मात्र रहेको छ। सो आर्थिक वर्षमा मुलुकमा रु. २२ अर्ब बराबरको करिब ९लाख मेट्रिकटन चामल आयात गरिएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा रु. ५० अर्बको चामल आयात भएको छ। आयातित चामलमध्ये करिब ८० प्रतिशत चामल मसिनो र सुगन्धित रहेको देखिन्छ। नेपालले भारतका साथै पाकिस्तान, थाइल्याण्ड, संयुक्त राज्य अमेरिका र फिलिपिन्सबाट समेत सुगन्धित चामल आयात गर्ने गरेको छ।

बढी उत्पादन हुने कारणले नेपालमा मोटा अर्थात् असुगन्धित धानको खेती बढी गरिने तर बजारमा मसिनो अर्थात् सुगन्धित चामलको माग बढी हुने गरेकाले माग र अन्तरिक उत्पादन बीच तालमेल मिल्न नसकेकाले ठुलो मात्रामा चामल आयात गर्नु परेको हो । बढ्दो जनसङ्ख्यामा आयस्रोत परिवर्तन भैरहेको कारण खानपानको कारण सुगन्धित चामलको माग उच्च दरमा बढिरहेको देखिन्छ। बजारको माग र उत्पादन बीच तालमेल मिलाउन मुलुकमा सुगन्धित धानको खेतीलाई प्रोत्साहन गर्न आवश्यक छ । यही तथ्यलाई मनन गरी लुम्बिनी प्रदेश सरकारले सुगन्धित धान खेतीमा जोड दिएको छ।

बर्दिया जिल्लाको राजापुर परियोजनामा सुरुमा एकीकरण र चक्लाबन्दी गर्न प्रस्तावित १०० बिघा जमिनमध्ये ८० प्रतिशत अर्थात् ८० बिघा जमिनमा सुगन्धित धान खेती गर्ने लक्ष्य राखिएको छ । यसअनुसार प्रतिहेक्टर ५ मेट्रिकटन (प्रतिबिघा ३.३५ मेट्रिकटन) सम्मको लक्ष्य राखेर बासमती धानको उत्पादन गर्ने हो भने ८० बिघा जमिनमा २६८ मेट्रिकटन सुगन्धित धान उत्पादन हुने र त्यसबाट १६० मेट्रिकटन चामल उत्पादन हुनसक्ने देखिन्छ। यस परियोजनामा भित्र्याइने प्रविधि र विकास गरिने धान खेती प्रणालीको प्रयोगबाट सुगन्धित धानको उत्पादकत्व उल्लेखनीय रुपमा बढ्न जाने, छिटै परियोजना क्षेत्र वरपरका थप जमिनमा सुगन्धित धानको खेती विस्तार हुने र अन्ततः प्रदेशका सबै संभाव्य जिल्लाहरुमापुग्न सक्ने देखिन्छ। यसबाट मुलुक बाहिरबाट भैआएको चामलको आयात घटाउन ठुलो सहयोग पुग्न जानेछ।

### ४. प्याज उत्पादन कार्यक्रम

नेपालमा प्याजको उत्पादन न्यून रहेको हुँदा ठूलो परिमाणको प्याज मुख्यगरी भारतबाट आयात गर्ने गरिन्छ। मागभन्दा कम उत्पादनको कारण मुलुक प्याजमा अत्यधिक मात्रामा परनिर्भर रहेको अवस्था छ। भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७५/७६ मा नेपालमा १ लाख ६४ हजार मेट्रिकटन प्याज आयात गरिएको थियो। विश्वकै दोस्रो ठूलो प्याज उत्पादकको रुपमा रहेको छिमेकी मुलुक भारतमा प्याजको खेती प्रविधि उन्नत खालको रहेको, पर्याप्त पूर्वाधारको व्यवस्था रहेको, राज्यको ठुलो सहयोग रहेको र सोही कारण नेपालको उत्पादनले भारतीय प्याजसँग गुणस्तर र मूल्य दुवैमा प्रतिस्पर्धा गर्न नसक्ने भएकाले नेपालको भूमिमा प्याजको खेती राम्रै हुनसक्ने भए तापनि आन्तिरिक उत्पादन अत्यन्त न्यून रहेको र ठूलो मात्रामा प्याज आयात गर्नुपरेको अवस्था छ।

संसारमा सबैभन्दा धेरै प्याज उत्पादन गर्ने देश चीन हो। चीनले सन् २०२० मा २ करोड ३९ लाख मेट्रिकटन प्याज उत्पादन गरेको थियो । दोस्रो स्थानमा रहेको भारतको प्याज उत्पादन १ करोड ९४ लाख मेट्रिकटन रहेको थियो । चीनमा प्याजको उत्पादकत्व २१.९९ मेट्रिकटन र भारतमा १६.१८ मेट्रिकटन प्रति हेक्टर रहेको छ भने नेपालमा २०७५/७६ को तथ्याङ्क अनुसार प्याजको औसत उत्पादकत्व केवल १३.९४ मेट्रिकटन प्रति हेक्टर रहेको देखिन्छ। यो छिमेकी मुलुक भारतको भन्दा २.५४, चीनको भन्दा ८.०५ र प्रति हेक्टरका दरले कम हो।

नेपालमा प्याजको उत्पादकत्व बढाउने सकिने प्रशस्त सम्भावना छ। उपयुक्त जातका बीउ, मल, सिञ्चाइ, कृषि यन्त्र र उत्पादन प्रविधि जस्ता कुराहरुको सुनिश्चितता गर्न सकिएमा नेपालमा २५ मेट्रिकटन प्रतिहेक्टरसम्म प्याज उत्पादन गर्न सकिन्छ ।यसरी सुरुको प्रस्तावित ८० बिघा अर्थात ५४ हेक्टरबाट बर्दियाको राजापुरमा १३५० मेट्रिकटनसम्म प्याजको गाना उत्पादन गर्न सकिनेछ । प्याज खेतीको लागि छुट्टै जमिन चाहिने नभई सुगन्धित धानको बाली पछी सोही स्थानमा प्याज खेती गरिने हो। यसबाट क्रप रोटेसन हुन गई एक बालीले अर्को बालीको उत्पादकत्व बढाउनसमेत मदत पुग्नेछ।

### ५. अन्य क्रियाकलापहरु

बर्दियाको राजापुर परियोजनामा प्रस्तावित फार्मको मुख्य उत्पादन सुगन्धित धान-चामल र प्याज हुने व्यवसायको विविधीकरण गर्ने, थप रोजगारी सिर्जना गर्ने, कम उत्पादनशील जमिनको सदुपयोग गर्ने , फार्मलाई बहुउद्देश्यीय स्रोतकेन्द्रको रुपमा विकास गर्ने योजना रहेको छ। यस दृष्टिकोणबाट परियोजना स्थलको २० प्रतिशत क्षेत्र अर्थात् २० बिघा क्षेत्रमा अन्य बाली र फलफूल खेती, पशुपक्षी पालन, वनजन्य व्यवसाय, हरित पर्यटन र प्राविधिक सेवासम्बन्धी कार्य सञ्चालन गर्ने लक्ष्य राखिएको छ । उपर्युक्त कृषि फार्महरुको भविष्यमा थप हुँदै जाने जमिनको क्षेत्रफल र लगानी उपलब्धताको आधारमा उल्लिखित क्रियाकलापहरुको छनौट गरी नयाँ व्यावसायिक एकाइहरु थप गर्दै लैजान सकिन्छ।

### ६. प्रदेश तथा स्थानीय सरकारको लगानी सहभागिता

निजी क्षेत्र सहजै आकर्षित नहुने ठाउँमा उद्योग-व्यवसाय खोल्नु पर्दा सुरुमा राज्यले एकल स्वामित्व वा निजी क्षेत्रसँगको साझेदारीमा उद्योग-व्यवसाय स्थापना गर्ने र नाफामा जान सुरु भई निजीक्षेत्र आफैले सञ्चालन गर्न सक्ने अवस्था विकास भएपछि त्यस्तो उद्योग-व्यवसाय निजी क्षेत्रलाई नै हस्तान्तरण गर्ने विश्वभर नै स्थापित अभ्यास हो । नेपालमा पनि सुरुमा सरकारकै लगानीमा प्रमुख उद्योग तथा व्यवसायहरु खोलिएका हुन् । मुलुक संघीयतामा गएको हालको अवस्थामा केन्द्रका साथै प्रदेश तथा स्थानीय सरकारहरुले पनि छानिएका क्षेत्रमा यो मोडेलमा उद्योग-व्यवसायको स्थापनामा लगानी गर्नु आवश्यक छ।

प्रस्तावित अत्याधुनिक फार्म परियोजना एक कम्पनीको रुपमा सञ्चालन हुने, यसमा ठुलो सङ्ख्याका किसान घरपरिवार संलग्न हुने, ठुलो सङ्ख्यामा रोजगारी सिर्जना हुने र उत्पादन र उत्पादकत्व पनि बढ्ने भएकाले यस प्रकारको परियोजनामा सरकारको लगानीको उच्चतम प्रयोग हुने साथै लक्षित समूहका बहुसङ्ख्यक घरपरिवारसम्म पुग्ने कुरा सुनिश्चत हुने देखिन्छ। तसर्थ एक द्वार प्रणालीबाट बहुसङ्ख्यक कृषकको हित गर्न, रोजगारी सिर्जना गर्न र कृषिलाई नाफामूलक व्यवसायको रुपमा स्थापित गर्न प्रदेश तथा स्थानीय सरकारले हरियाली मोडेलको कम्पनीमा सकेसम्म शेयर लगानी गरी र त्यो नभए एकमुष्ट अनुदान प्रदान गरी बढीभन्दा बढी सङ्ख्यामा कृषि परियोजनाहरु अघि बढाउनु उपयुक्त हुने देखिन्छ।

# अवलोकन भ्रमण प्रतिवेदन



**विष्णु माया थापा मगर**
सदस्य-प्रदेश योजना आयोग

**पृष्ठभूमि**

नेपालको इतिहासमा तानसेन नगरपालिका नेपालकै दोस्रो नगरपालिका २००७ साल चैत्र महिनामा स्थापना भएको थियो । लुम्बिनी प्रदेशकै ऐतिहासिक र धार्मिक दृष्टिकोणले अति रमणीय सुन्दर नगर पाल्पा जिल्लाको सदरमुकाम तानसेन हो । त्यसैले त विभिन्न कविहरूले तानसेनलाई पहाडकी रानी उपनाम दिएका छन् । तानसेनको शीर्षभागमा सुन्दर श्रीनगर, उत्तरतिर सेता हिमशृङ्खला र दक्षिणतिर समथर भूभाग माडी, निकै मन्त्रमुग्ध पार्ने मनमोहक प्राकृतिक सौन्दर्यले भरिपूर्ण दृश्यहरू देख्न सकिन्छ । समुद्रसतहदेखि श्रीनगर १३७२ मिटर उचाइमा रहेको छ । यो नगरपालिका बुटवलदेखि ३९किलोमिटर र काठमाण्डौं देखि ३१० किलोमिटरको दुरीमा रहेको छ । १४ वटा वडाहरू रहेको तानसेन नगरपालिकाको पूर्वमा बगनासकाली गाउँपालिका, पश्चिममा रिब्दीकोट गाउँपालिका, उत्तरमा स्याङ्जा जिल्ला र दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन् । यसको क्षेत्रफल १०९.८ वर्गकिलोमिटर छ ।

शिक्षाको दृष्टिकोणले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको निकै पुरानो आङ्गिक क्याम्पस त्रिभुवन बहुमुखी क्याम्पस (वि.स.२०११) लुम्बिनी अञ्चलकै पनि पुरानो क्याम्पस रहेको छ । देशका पहाडी जिल्लाहरू ( स्याङजा, गुल्मी, अर्घाखाँची, प्यूठान , रोल्पा) र तराईका जिल्लाहरू (रूपन्देही, कपिलवस्तु, नवलपरासी) बाट अत्यधिक विद्यार्थीहरू उच्च शिक्षा अध्ययन लागि आउने गर्दथे र अहिले पनि केही मात्रामा गर्छन् । यस विश्वविद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू ठुला ठुला नेताहरु बन्नुका साथै सरकारी निकायको उच्च ओहदामा समेत पुगेका छन् । तर हाल आएर यहाँका विद्यालयदेखि महाविद्यालयहरूमा समेत शिक्षाको गुणस्तर अलि खस्केको हो कि अथवा अन्य जिल्लाका विद्यालयहरूसँग प्रतिस्पर्धा गर्न नसकेर हो, हालको शैक्षिक गतिविधिमा विद्यार्थीहरूको आकर्षण त्यति छैन ।

**तानसेन नगरपालिकाभित्रका निर्माणाधीन योजनाहरूको अनुगमन**

**क) निर्माणाधीन चमेनागृह र पुस्तकालय**

तानसेन नगरपालिका वडा नं. ९ दमकडामा अवस्थित श्री दमकडा नमुना माध्यमिक विद्यालयको निर्माण/पूर्वाधार व्यवस्थापन संघ सरकारको विशेष अनुदान विभिन्न समयमा २५, २५, ७० लाख बजेटबाट निर्माणाधीन चमेनागृह र लाइब्रेरीको अनुगमन गरियो ।

**ख) महिला छात्रावास भवन**

लुम्बिनी प्रदेश सरकारको १ करोड १० लाख विषेश अनुदानबाट निर्माणाधीन भवनको पनि अनुगमन गरियो । यो भवन अझै सम्पन्न भइसकेको छैन ।

**ग) पक्लुवा, अम्ल्यान सडक**

संघ सरकारको समपूरक बजेट ४ करोडभन्दा केही बढी रकम विनियोजन भएको थियो ३ कि.मी. मध्ये २.५ कि. मी. बाटो पिच भइसकेको छ भने ५००मि. मात्र पिच गर्न बाँकी रहेको छ । सो बाँकी भएको बाटो छिटै पिच गरेर सकिने कुरा तानसेन नगरपालिकाको इन्जीनियर रामकुमार श्रेष्ठले जानकारी गराउनु भयो ।

**घ) टक्सार, वनदेवी, बतासेडाँडा, ढुङगेखानी सडक**

संघ सरकारको समपूरक ३ करोडभन्दा केही बढी रकम विनियोजन भएको थियो । अहिले अन्तिम तेस्रो वर्ष हुनाले वाल(पर्खाल) र नाली ५० प्रतिशत काम सकिएको छ । अब पिच गर्ने तयारी छ, त्यसको लागि निर्माण सामग्रीहरू ल्याइसकेको अवस्था छ । आषाढ मसान्तभित्र सकाउने लक्ष्य भएको कुरा इन्जिनियर रामप्रसाद श्रेष्ठले जानकारी गराउनु भयो ।

**अनुगमित निर्माणाधीन सडक, चमेनागृह, पुस्तकालय र महिला छात्रावास भवनका सबल पक्षहरू:**

क) सडकहरू पिच हुँदै छन् ।

ख) बन्दै गरेका भवनहरू राम्रा र भूकम्प प्रतिरोधात्मक तरिकाले बनेका छन् । ती भवनका फाउण्डेसन व्यवस्थित तथा मजबुत छन् ।

ख) विद्यालय व्यवस्थापन धेरै राम्रो छ । विद्यालयमा अङ्ग्रेजी र नेपाली दुवै भाषाबाट पढाइ हुने कुरा निकै सकारात्मक पक्ष हो । यहाँ दृष्टिविहीन विद्यार्थीहरूको पनि आफ्नै ब्रेल लिपिबाट पढाइ भइरहेको र दृष्टिविहीन विद्यार्थीको लागि खाना र छात्रवासको व्यवस्था राम्रो छ । हालसम्म विद्यालयको उच्च तहमा विज्ञान सङ्काय र सिभिल इन्जिनियरिङ, व्यवस्थापन र मानविकी विषय पढाइ भइरहेको कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राजेशकुमार अर्यालले बताउनु भयो । त्यस्तै टाढाबाट पढ्नका लागि आएका विद्यार्थीहरूलाई बस्न उपयुक्त छात्रावासको पनि व्यवस्था छ । अचम्मको कुरा त के हो भने अहिलेसम्म विद्यालयले कुनैपनि विद्यार्थीलाई कुनैपनि शीर्षकमा फिस लिएको छैन । विद्यालयमा राम्रो खाना र चमेना गृहको पनि व्यवस्था छ । शिक्षकहरू सरकारी ३०जना, निजी स्रोतबाट २४ जना र कार्यालय सहयोगी २जना गरी जम्मा कर्मचारी सङ्ख्या ५६ जना रहेका छन् । १००८जना विद्यार्थी सङ्ख्यामध्ये २५जना दृष्टिविहीन रहेका छन् । यो विद्यालय २०२३ सालमा स्थापना भएको र २०४० सालदेखि एस्. एल्. सि. दिन लागेका हुन् । विद्यालयको नाममा १०रोपनी जग्गा रहेको छ । हाल विज्ञान सङ्कायमा ४०जना इन्जिनियरिङमा ४४जना विद्यार्थीहरूले अध्ययन

श्री दमकडा नमुना माध्यमिक विद्यालयको निर्माणाधीन चमेनागृह र पुस्तकालय



गरिरहेका छन् । विद्यालयमा व्यवस्थित २वटा कम्प्युटर कक्षा र एकवटा साइन्स प्रयोगशाला(ल्याब) रहेका छन् ।

अनुगमन गरिएका निकायमा देखिएका चुनौती /दुर्बल पक्षहरू

**अनुगमनको क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्यालले विद्यालयमा पढाउने निजी स्रोतका शिक्षकहरू धेरै भएको बताउँदै भन्नुभयो –**

क) विद्यालय सञ्चालनमा कठिनाइ छ किनकि विद्यार्थीसँग हालसम्म कुनै फिस नलिइएकाले आर्थिक व्ययभार बढेको

ख) विद्यालयमा अङ्ग्रेजी र नेपाली माध्ययमबाट अध्यापन हुने हुँदा धेरै सेक्सनहरू भएकाले शैक्षिक व्यवस्थापनको लागि निजी स्रोतबाट शिक्षकहरू राख्दा आर्थिक समस्या आएको

ग) दृष्टिविहीन विद्यार्थीहरूका लागि दृष्टिविहीन मैत्री छात्रवास नभएको, जुन छात्रवास त्यो निकै पुरानो र जीर्ण अवस्थामा रहेको

घ) छात्रवासका दृष्टिविहीन छात्र छात्राको लागि केही मनकारी व्यक्तिहरूले सहयोग गरेका र अन्य विद्यार्थीका सन्दर्भमा संयुक्त खर्चको दमासाहीमा भागबन्डा गरी स्वयम् विद्यार्थीहरुले नै व्यहोर्ने गरेको

ङ) टक्सार, वनदेवी, बतासे डाँडा, ढुङ्गेखानी सडक अहिले अन्तिम वर्ष भएकाले पिच गरेर सक्न अलि समय अपुग हुने देखिन्छ किनकि वर्षायाम लागेपछि पिच गर्न गाह्रो हुने र बनाउँदा बनाउँदै पानीले बगाउने समस्या हुनसक्ने ।

**समस्या समाधानका लागि उक्त निकायका तर्फबाट भएका प्रयासहरू**

विद्यालयको आर्थिक व्ययभार समाधान थोरै भएपनि विद्यार्थीबाट मासिक शुल्क लिने कि भन्ने सल्लाह भइरहेको कुरा अध्यक्ष राजेशकुमार अर्यालले बताउनु भयो ।

**अनुगमन टोलीको सुझावहरू**

क) यस्ता नमुनायुक्त र गौरव हुने खालका विद्यालयलाई जोगाउन प्रदेश सरकार र संघ सरकारको छुट्टै खालको नीतिनियम बनाउने पर्ने देखिन्छ ।

ख) टक्सार, वनदेवी, बतासेडाँडा, ढुङ्गेखानी सडक अहिले अन्तिमबर्ष भएकाले पिच गरेर सक्न अलि समय नपुग्ने सन्दर्भमा वर्षा याम लागेपछि पिच गर्न गाह्रो हुने र बनाउँदा बनाउँदै पानीले बगाउने समस्यालाई मध्यनजर गरी सडकलाई छिटोभन्दा छिटो पिच गर्न सक्रियता बढाउनुपर्छ ।

# सहकारीहरुलाई रोजगारी र उद्यमशीलतामा

## लगानी केन्द्रित गर्न अनुरोध




प्रदेश योजना आयोग लुम्बिनी प्रदेशका सदस्य डा. दामोदर भुसालले प्रतिबद्ध बचत तथा ऋण सहकारी संस्थाको ११औं साधारण सभाको उद्घाटन गर्दै सहकारीले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान गरेको उल्लेख गर्नुभयो । राजेन्द्रप्रसाद घिमिरेको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा प्रमुख वक्ता डा. भुसालले अबका दिनमा सहकारीहरुले साना तथा घरेलु उद्योगको विकासमा लगानी केन्द्रित गर्नु पर्ने बताउनु भयो । वैदेशिक रोजगारीको पर्खाइमा रहेका युवा जनशक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सहकारीकर्मीहरुलाई आव्हान् गर्नुभयो । आकासिँदो व्यापारघाटाले देशको अर्थतन्त्र सिथिल भएको छ । कृषिजन्य वस्तुहरु नै आयात गर्नुपर्ने बाध्यताले यो सङ्केत गर्दछ कि नेपालमा वैदेशिक रोजगारीबाट प्राप्त आयले निष्क्रिय जीवन शैली यापन गर्ने मानिसहरुको सङ्ख्या बढदै गएको छ । यसको परिणाम नेपालको परम्परागत उत्पादनका सम्बन्धहरु मात्र ध्वस्त हुँदै गएका छैनन् कि मानिसहरुमा अल्छीपनको वृद्धिका कारण असाध्य रोगका लक्षणहरु बढ्दो मात्रमा देखिँदै छन् ।

नेपालका तीनै तहका सरकारहरुसँग व्यवसायिक सीप तथा उद्यमशीलता विकाससम्बन्धी तालिमका कार्यक्रमहरु रहेका छन् । तर तिनको सही तरिकाले सदुपयोग हुन नसक्दा सामान्य रोजगारीको लागि ठुलो सङ्ख्यामा युवाशक्ति विदेशिन बाध्य छन् । तसर्थ सहकारीहरुले आफ्ना सदस्यहरुलाई अनिवार्यरुपमा उद्यमी बन्न प्रोत्साहन गर्ने कार्ययोजना बनाउन सुझाव दिनुभयो । नेपाल भर्खर मात्रै विकासशील देशको सूचीमा स्तरोन्नति भएको छ, तर यसकालागि हामीले २०२६ सम्ममा प्रतिव्यक्ति आय बढाउनु पर्ने हुन्छ । यसका लागि पनि उद्यमशीलता विकास कार्यक्रमले म योगदान गर्न सक्छ ।

नेपालका सहकारीहरुले सदस्यहरुलाई उत्पादनसँग जोड्नेभन्दा पनि बैंकहरुकै सिको गर्दै आर्थिक सङ्कलन र हायर पर्चेज ऋणमा धेरै लगानी गर्ने गरेका छन्, साना तथा घरेलु व्यवसायमा लगानी गर्न रुची राख्दैनन् जसले गर्दा सीमित पुँजीपति व्यक्तिहरु मात्र लाभान्वित भइरहेका छन् । जो सहकारी सिद्धान्त र भावनाको प्रतिकूल छ । यसर्थ सहकारीहरुले सहकारीको सिद्धान्तमा अडिएर काम गर्न जरुरी छ यसो हुँदा मात्र राष्ट्र निर्माणमा राष्ट्र बन्न मद्दत गर्नसक्छ ।

# प्रदेश योजना आयोग : औचित्य र महत्व



कुमार प्रसाद दाहाल
सदस्य सचिव
प्रदेश योजना आयोग

योजना समाजवादी चिन्तनको उपज हो।पुँजीवादी देशहरुमा योजना होइन सरकारको केन्द्रीय नीति हुन्छ। विकासमा निजी क्षेत्रको सहकार्य र सरकारी नीतिको फ्यूजन हुन्छ तर केन्द्रीय योजना तल्लोस्तरसम्म लादिँदैन। तल्लोस्तरको इच्छा र आवश्यकतानुसार सरकारले नीति बनाउँछ। योजना बनाउँदैन।

सन् १९३० को विश्व आर्थिक मन्दीपछि उदारवादको अन्त्य भयो।अर्थ, राजनीति र विकासलाई जोड्ने सेतु पुँजीवाद हुन सकेन र मिश्रित अर्थतन्त्रको विकास भयो। मिश्रित अर्थशास्त्रमा योजनाभन्दा सरकारको नियन्त्रण मुख्य थियो। निजी क्षेत्रको विकासका लागि सरकारले टेवा दिने र सरकारको आह्वानमा निजी क्षेत्रको विकास गर्ने धारणा मिश्रित अर्थव्यवस्था हो। यो झण्डै १९८० को दशकसम्म आर्थिक विकासको मेरुदण्डको रुपमा रह्यो। सन् १९६० पछिको सरकारका धारणामा आएको परिवर्तनले क्रमशः पुँजीवादलाई प्रश्रय दिँदै गयो।सन् १९८० को दशकपछि सरकारी नियन्त्रणलाई कम गर्दै व्यक्तिगत पूँजी, श्रम र प्रविधिले पुँजीवादको धारणा लाई अगाडि ल्यायो जसलाई उदारवादको नामले चिनिन्छ।सन् १९५० पछिको विकास प्रशासनको धारणाले योजनालाई सरकारको मुख्य नीति बनाइयो। गरिब र अविकसित देशमा मुख्य नीतिको रुपमा उदारवादको नीति यद्यपि छँदैछ। विकास प्रशासन भन्नु नै योजनाको प्रशासन हो। समाजवादी चिन्तन भएका देशमा सामाजिक न्यायको वितरणको लागि दिगो विकास र सन्तुलित विकासको लागि केन्द्रीय योजना ल्याइन्छ।

नेपालमा वि.सं. २०१३ साल पछि योजनाको नीतिगत थालनी भयो। आजसम्म केन्द्रीय योजनामार्फत् विकास गरिँदैछ। विकास प्रशासन यथावत् छ। नेपालको संविधान वि.सं. २०७२ ले संघीयतामा राज्य परिणत भयो। संविधानमा नै प्रदेश योजना आयोगको व्यवस्था गरिएको छ सामाजिक न्याय र सन्तुलित विकासलाई संविधानले अङ्गीकार गरेको छ। नेपालमा योजनाको अन्त्यको बहस यथावत छ।संविधानका अनुसूचीहरुमा तीन तहको सरकारको अधिकार संविधानद्वारा नै विभाजन गरिएको छ। अब तल्लो तह र सीमान्त विकासमा केन्द्रीय योजना चाहिँदैन भन्ने धारणा बलियो छ। तर अहिले हामीसँग संघीय योजना आयोग र प्रदेश योजना आयोग छन्। यी संस्थाहरुले गर्ने काममा कुनै फरक छैन। राष्ट्रिय योजना आयोगको जस्तै प्रदेश योजना आयोगले काम गरेका छन्। प्रदेश योजना आयोग चार वर्ष बितिसक्दा पनि संस्थागत हुन सकेका छैनन्। यो अहम् प्रश्न हो।योजना आयोगले समग्र प्रदेशको विकास नीति बनाउँछ। पुँजीगत स्रोतको अनुमान गर्छ। रणनैतिक योजनामार्फत् सरकारको स्रोत, नीति, कार्यक्रमलाई क्यानालाइज गर्छ। अल्पकालीन र दीर्घकालीन लक्ष्य बताइदिन्छ।सन्तुलित विकास र, स्रोतअनुसार सरकारको व्यवसायिकतालाई ध्यान दिन्छ। योजना नीतिले। तर हामीले यसमा ध्यान दिएका छौं ? संस्थागत विकासमा मात्रै सोच्नु जरुरी छ ? बजेट हेर्दा कुनै योजनाबद्ध विकासमा ध्यान दिएजस्तो लाग्दै न। सानातिना बजेट छन्। बहुवर्षीय कार्यक्रममा स्रोत पर्याप्त छैन। योजना छरिएका छन्। अल्मलिएका छन् ।योजनाहरु मागमा आधारित देखिँदैनन्। दीर्घकालीन लक्ष्य प्रष्ट देखिँदैन। चार वर्ष बितिसक्दा पनि उदाहरणीय योजनाहरु बनेको देखिँदैन। संघीय, प्रदेश र स्थानीय तहका बजेट नीति कार्यक्रम जोडिएका छैनन्। प्रदेश भित्रका मन्त्रालयको बजेटको बाँडफाँडमा दोहोरोपन छ। पुँजीगत अनुदान ,चालु अनुदानमा थुप्रै रकम राखिएको छ। स्थानीय तहसँग योजना बनाउँदा सहकार्य छ जस्तो देखिँदैन। अन्तरप्रदेश, अन्तरपालिका र ठूला योजनाहरुमा ध्यान दिएको जस्तो लाग्दैन। planning networking प्रष्ट देखिँदैन। चार वर्ष बितिसक्दा यी विषय पर्याप्त हुनुपर्ने थियो। भएको छैन। अब यस्ता विषयमा सुधार गर्नु जरुरी भइसकेको छ।

विकास व्यवस्थापनलाई दुई तरिकाले हेर्न सकिन्छ। मन्त्रालय आफैँले गर्ने विकास व्यवस्थापन र नीति व्यवस्थापनमा प्रदेश योजना आयोगको भूमिका। विकासमा स्रोत, लागत र विकासको सम्भावनालाई एकीकृत गर्न योजना चाहिन्छ तर योजना निर्देशित हुनुहुँदैन। मन्त्रालयले गर्ने विकास योजनामा मन्त्रालय स्वयम् उत्तरदायी छ। हुन्छ। स्रोतको व्यवस्थापन मात्र गरिदिए पुग्छ ।तर कहिलेकाहीँ एकीकृत नीति आवश्यक पर्छ, यस्तो बेलामा योजना आयोग चाहिन्छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एकीकृत योजना नीति बनाएर मन्त्रालयलाई जिम्मा दिँदा योजना आयोग भन्दा मुख्यमन्त्री कार्यालय बढी उत्तरदायी हुन्छ । अन्ततः स्रोत व्यवस्थापन गर्ने प्रदेश सरकारले नै हो। मुख्यमन्त्री कार्यालयले बौद्धिक भण्डार (think tank) को रूपमा नीति व्यवस्थापन, नीति निर्माणकालागि योजना आयोगको संस्थागत विकास गर्नुपर्छ।। संघीय योजना आयोगले राष्ट्रिय नीति र प्राथमिकता तोक्ने हो। ठूला आयोजनाहरूको नीति तथा कार्यक्रममा एकरूपताका लागि बजेट, योजना नीति बनाउने र त्यही एकीकृत नीतिलाई मूलनीति मानी प्रदेश मन्त्रालयले विकास योजना विनियोजन गर्दा प्रदेश योजना आयोग प्रभावकारी हुन्छ। तर पुँजीगत बजेट ,कार्यक्रम र नीतिमा प्रदेश योजना आयोगको नीतिगत स्वीकृति र सहकार्य महत्वपूर्ण हुनु पर्छ। प्रदेशका विकेन्द्रित नीतिलाई मुख्यमन्त्री कार्यलयले निर्देशित गर्छ। मन्त्रालयहरुले आफ्ना योजना आफै बनाउँछन्। यसलाई प्रदेश सरकारले संसद मार्फत् अनुमोदन गर्छ। यसैलाई बजेटमा देखाइन्छ ।यसोगर्दा संस्थागत विकासमा अनुशासन हुन्छ। तर मूल कुरालाई एकातिर राखेर विकास व्यवस्थापनलाई हामी छरपष्ट पार्दै छौं। अब प्रदेश सरकारले बिकाश कसरी गर्ने भन्ने एकीकृत नीति र सोचाइ राख्न ढिलो भइसकेको छ।

हाम्रो राजनीति परम्पराले विकास व्यवस्थापनमा नयाँ कुरा होइन पुरानै कुरालाई पछ्याएको छ। संस्था निर्माणको औचित्य र महत्त्वलाई ध्यान दिनैपर्छ। प्रदेशहरूमा योजना आयोगको निर्माण भइसकेको छ र चार वर्ष व्यतित पनि भएको छ।

आज संघीयताको विषयमा नै चर्चा हुन थालेको छ। पालिकाहरुमा बिकास ब्यवस्थापनको आफ्नै परम्परा छ। विकास व्यवस्थापन सीमान्त र तल्लो तहसम्म छ। बजेट, योजना नीति मागमा आधारित छन् र पालिकाको विकास प्रत्यक्ष देखिएको छ। यसको महत्व बढेर गएको छ। तर प्रदेश नदेखिएको तर महत्त्वपूर्ण संस्थाको रुपमा ओझेलमा छ। प्रदेशका योजनाहरु छरपष्ट छन्। एकीकृत छैनन्। अब प्रदेश सरकारले एक वर्षमा कम्तिमा २५करोडका प्रत्येक जिल्लामा दुईवटा योजना ल्याउनुपर्छ। साना, मझौला र ठूला योजनामा ध्यान दिनुपर्छ। ५ करोडदेखि २५ करोडसम्मका योजनामा बनाउनुपर्छ। पुँजीगत बजेटको कम्तिमा ६०% विनियोजन गर्नुपर्छ यस्ता

योजनाहरुमा। त्यसपछि प्रदेशभित्र प्रदेश सरकार देखिन्छ र पालिका भन्दा भिन्न राजनीतिक महत्व देखिन्छ। गरिबी निवारण, रोजगारी, पर्यटनको विकास, संस्कृतिको बिकास, जैविक विविधता संरक्षण, फोहोरमैला व्यवस्थापन, अन्तर पालिका र अन्तर प्रदेश सडकहरूमा ठुला योजना ल्याउन जरुरी छ। चालु अनुदान र पुँजीगत अनुदानलाई निरुत्साहित गर्नुपर्छ। योजना बनाउँदा तल्लो तहसम्म छलफल गरेर बनाउनुपर्छ। राजनिति प्रभाव, ब्यक्तिगत प्रभावका आधारमा योजना विनियोजन गर्नु हुँदैन।

लुम्बिनी प्रदेशमा थुप्रै सम्भावना छन्। लगानी गर्न निजी क्षेत्र आतुर छ। हामीले प्रदेश नीति बनाएर सङ्घीय सरकारसँग समन्वय गरी निजी क्षेत्रलाई आकर्षण गर्न किन सकेनौ ? यो नीतिगत प्रश्न हो। अहिले नै पनि तटबन्ध गरेर नदी उकास जग्गा व्यवस्थापन, वैकल्पिक ऊर्जा, सिटी बस व्यवस्थापन, electric बस सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्र लगानी गर्न तयार छानीति बनाएर निजीक्षेत्रलाई आकर्षित गर्नुपर्छ। ढुङ्गा गिट्टीको व्यवस्थापनबाट उठ्ने ठूलो रकम हामीसँग छ। विवादलाई व्यवस्थापन गर्दा यो ठूलो स्रोत हुन सक्छ। यसमा प्रदेश सरकारले ध्यान दिनुपर्छ। लुम्बिनी आफै पनि पर्यटकीय क्षेत्र हो। लुम्बिनी प्रदेश देवभूमि पनि हो। संस्कृतिमा धनी छ। जैविक, सांस्कृतिक विविधता छ। थुप्रै जातिहरुको संस्कृति मिसिएको छ। प्रदेश सरकारले आफैंले पर्यटन विकास गर्न सक्छ। कर्णाली नदीमा rafting, आधुनिक होमस्टे हरूको विकास, जैविक विविधता पर्यटनको विकास गर्न सकिन्छ। थुप्रै सम्भावना छन्। निजी क्षेत्र सहकार्य गर्न तयार छ तर हामी कति अग्रसर छौं। प्रदेश योजना आयोगलाई नीतिनिर्माण र योजना बनाउन पूर्ण जिम्मेवार बनाउन सकिन्छ यस्ता विषयहरुमा।

विकासलाई नाप्न र लक्ष्य निर्धारण गर्न अनुगमन, मूल्याङ्कन, तथ्य, तथ्याङ्क, नीति, रणनीति, कार्यक्रमको यथार्थता जरुरी हुन्छ। लुम्बिनी प्रदेशमा २०७४ सालमा आवधिक योजना बनाइयो। बनाइएको छ। अनुगमन मूल्याङ्कन निर्देशिका छ। प्रदेश भित्रका तथ्य र तथ्याङ्कहरू छन्। तर यसैलाई आधार मानेर हामीले बजेट बनाएका छौं कि छैनौं ? अहिले आवधिक योजना र रणनीतिक योजना बनाउने तयारीमा हामी छौं। अनुगमन र मूल्याङ्कनबाट आएका तथ्यहरु कति यथार्थ छन्, यसलाई कति सार्थक बनाइएको छ बजेटले। बजेट, नीति, कार्यक्रम बनाउँदा यसमा ध्यान दिएका छौं कि छैनौं ? योजना आयोगको भूमिकालाई स्पष्ट गर्छ बजेटको स्वरुपले। बजेटको अवस्था र प्रदेशको स्थिति प्राथमिकतामा आधारित छैन। बजेट बनाउँदा यस्ता विषयमा पर्याप्त छलफल भएका छैनन्। आवधिक योजना र रणनीतिक योजनालाई सपोर्ट गर्ने बजेट हुनुपर्छ। तब मात्र हाम्रा लक्ष्य र उद्देश्यहरु निर्धारित हुन्छन्। हामी हतारमा बजेट बनाउँछौं र पछि विवाद गर्छौं र भन्छौं मेरो क्षेत्रमा बजेट परेन। बजेट एकलौटी भयो। यसको अर्थ प्रदेश योजना आयोगले भूमिका निर्वाह गर्न सकेको छैन।

प्रदेश योजना आयोगलाई उत्तरदायी बनाउनुपर्छ। मन्त्रालयहरुले पुँजीगत बजेट, नीति तथा कार्यक्रममा प्रदेश योजना आयोगसँग सहकार्य गर्नुपर्छ। नीतिगत रूपमा मासिक, चौमासिक, वार्षिक प्रगति विवरण आयोगमा पठाउनु पर्छ। लेखा उत्तरदायी अधिकृत र मन्त्रीसँग पुँजीगत बजेट नीति तथा कार्यक्रममा निरन्तर छलफल हुनुपर्छ। प्रदेश मन्त्रालयको समस्या समाधान समितिमा आयोगको अर्थपूर्ण प्रस्तुत हुनुपर्छ। आयोगसँग पुँजीगत खर्च र कार्यक्रमका विवरण हुनुपर्छ र बेलाबेला प्रदेश योजना आयोगले योजनाहरूको निरीक्षण गर्ने गर्छ। आयोगलाई स्रोतसाधन पर्याप्त दिनुपर्छ। अनुगमन मूल्याङ्कनमा स्थलगत निरीक्षण गर्न जाँदा गाडी, तेल, सवारी चालकको व्यवस्था गरिनुपर्छ। तब मात्र प्रदेश योजना आयोग प्रभावकारी हुन्छ। अहिले प्रदेश योजना आयोग पूर्ण छ। तर कर्मचारीको अभाव छ। सवारी साधनको व्यवस्था छैन। पदाधिकारीहरुलाई सुविधा दिइएको छ तर प्रदेश योजना आयोगमा एउटा दुईवटा गाडी उपलब्ध हुनुपर्छ। मन्त्रालयसँग पुँजीगत र योजनाका विषयमा आयोगको अनुगमन र मूल्याङ्कन प्रभावकारी हुनुपर्छ। बजेट बनाउँदा योजना आयोगले नीतिगत छलफल घनीभूत गर्नुपर्छ। यसबाट बजेट छरिने, दोहोरिने हुँदैन। बहुवर्षीय कार्यक्रममा बजेट निश्चितता हुन्छ। लक्ष्यहरू निर्धारण गर्न सजिलो हुन्छ र प्रदेशले विकासमा निर्देश गर्छ। संस्थागत विकासले मात्र विकास हुँदैन संस्थाहरुलाई दरो परिचालन गर्नुपर्छ। यी विषय राजनीतिक हुन तर राजनीतिकले यस्ता विषयहरुलाई व्यवस्थापिकीय ढङ्गबाट हेर्नुपर्छ।

# प्रदेशलाई आत्मनिर्भर बनाउँछौं : मुख्यमन्त्री

बुटवल, पुस २५ गते। लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले पाँच दलीय गठमन्धको सरकाले सङ्घीय संरचनालाई बलियो बनाउँदै समृद्ध र आत्मनिर्भर प्रदेश बनाउने अभियानमा अघि बढेको बताउनु भएको छ।

उहाँले सङ्घीयताको माध्यमबाट जनताको जीवनमा आमूल परिवर्तन गर्नेतर्फ लुम्बिनी प्रदेश सर कारले योजना अघि बढाएको बताउँदै गठबन्धन सरकारले नेपालमा सङ्घीय मोडेलको नतिजा दिन चाहेको उल्लेख गर्नुभयो।



लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी।

धौलागिरि बहुद्देश्यीय सहकारी संस्था लिमिटेडको २२ औं वार्षिक साधारण सभाको बुटवलमा उद्घाटन गर्दै मुख्यमन्त्री केसीले सहकारी संस्थाले उत्पादनशील क्षेत्रमा लगानी गरेर आत्मनिर्भर बन्नुपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री केसीले सहकारी सम्बन्धी केही ऐन व्यावहारिक भए कि भएनन् भन्ने तर्फ ध्यान दिँदै गठबन्धन सरकार बनेपछि सहकारी मन्त्रालयलाई जनताको विश्वासयोग्य "ब्राण्ड" बनाउन कोसिस गरेको बताउनुभयो।

कार्यक्रममा नेपाली काँग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाणले सहकारी अभियानबाट आर्थिक परिवर्तनसँगै महिलारुमा नेतृत्व गर्न सक्ने क्षमताको विकास भएको बताउनुभयो।

# प्रदेश तथा स्थानीय तहको योजना निर्माणमा

## मध्यमकालीन खर्च संरचनाको उपादेयता



– कमल पौडेल *पिएचडी

### पृष्ठभूमि

नेपालमा वि.सं. २०५९/६० देखि मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework, MTEF) तयारीको सुरुवात भएको थियो । तत्कालीन अवस्थामा करिब २००भन्दा बढी ग्रामीण तथा जिल्ला स्तरीय कार्यक्रम/योजनाहरुको औचित्यता नदेखिएकाले कटौती गरिएको थियो। यसले दुर्लभ साधन र स्रोतको परिचालन गरी वित्तीय कुशलता हाँसिल गर्न तथा योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुलाई वार्षिक बजेटले अङ्गीकार गर्न नसकेको कुरालाई पुष्टि गर्दछ । तसर्थ, मध्यमकालीन खर्च संरचनाको यथार्थपरक कार्यान्वयन नहुनु पनि हाम्रा विगतका योजनाहरुले लिएका लक्ष्यहरु पुरा हुन नसक्नुको प्रमुख कारक हो भन्ने कुरालाई हृदयङ्गम गर्दै करिब दुई दशकको अथक प्रयासबाट सिक्दै प्रदेश र स्थानीय तहहरुमा यसको यथार्थपरक कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोग र नेपाल सरकार विभिन्न मन्त्रालयहरु जुटेका छन् । तथापि यसको महत्व र आवश्यकतालाई बुझाउन नसक्दा प्रदेश तथा स्थानीय तहहरुका बजेट तथा कार्यक्रम तर्जुमा हचुवाको भरमा हुने गरेका छन् । यसले एकातिर विगत लामो समयदेखि आर्थिक वर्षको आधा समयसीमा सकिँदा पनि पुँजीगत खर्चको १५ प्रतिशत पनि खर्च हुन सकेको छैन। अर्कोतर्फ नेपालका आवधिक योजनाका लक्ष्यहरु पनि कहिल्यै पुरा हुन सकेका छैनन् । तथापी, प्रथम चौमासिकमा पुँजिगत खर्चको विनियोजन नै तुलनात्मक रुमपा कम हुने गर्दछायसका साथै यसले हाम्रो विनीयोजन दक्षतालाईसमेत गिज्याइरहेको छ । अर्कोतर्फ राजनीति र प्रशासनको द्वन्दलाईसमेत मलजल गरिरहेको आभास भएको छ। नेपालको संविधानको व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहहरुका एकल र साझा अधिकारका सूचीअनुसारका संवैधानिक कार्यभारहरु सहकारिता, समन्वय र सहअस्तित्वका आदर्श अभ्यासहरु मार्फत सञ्चालन गर्दै देशमा उपलब्ध आर्थिक साधन र स्रोतलाई सामाजिक न्यायका आधारमा परिचालन गरी आर्थिक उपलब्धिहरुको न्यायोचित वितरणको व्यवस्था मिलाउनु तीनै तहका सरकारहरुको साझा उद्देश्य हुनु पर्दछ। यसरी हेर्दा दीर्घकालीन सोच योजना र वार्षिक बजेटबिच तादम्यता र सामन्जस्यता कायम गरी विकास योजनाका लक्षित नतिजा हासिल गर्न दुर्लभ साधनको न्यायोचित वितरणको व्यवस्था मिलाउन, पारदर्शी र मितव्ययी खर्च प्रणालीको विकास गरी पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर, प्रभावकारिता, वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक र वित्तीय स्थायीत्व हाँसिल गर्ने महत्वपूर्ण औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ।

### मध्यमकालीन खर्च संरचनाको कानुनी आधार

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले संघीय सरकार तथा प्रदेश र स्थानीय तहले समेत मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कार्यभार सुम्पिदिएको छ । यसका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तर्सम्बन्ध सम्बन्धी ऐन, २०७७ ले समेत मध्यमकालीन खर्च संरचनाको तयारी तथा योजना निर्माणमा तीनै तहका सरकारहरु उत्तरदायी हुनुपर्ने कानुनी व्यवस्था गरेको छ।

### मध्यमकालीन खर्च संरचनाको औचित्य

- मध्यमकालीन खर्च संरचनाको उपयोगिता तथा औचित्यतालाई देहायका बुँदामा समेटिएको छ।
- मध्यमकालीन खर्च संरचनाले उपलब्ध साधन स्रोतको आँकलन गर्छ।
- मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाका प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि स्रोत र खर्चको बाँडफाँड गर्छ।
- प्रस्तावित विकास योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा बजेट विनियोजनमा आवश्यकताको पुष्ट्याइँलाई समेत मध्यमकालीन खर्च संरचनाले समेट्छ।
- प्रस्तावित विकास योजना कार्यान्वयन हुने आर्थिक बर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको मध्यमकालिन खर्च संरचनाले लेखाजोखा गर्छ।
- बार्षिक कार्यक्रम लागु गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरेको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिहरु के के हुने भनेर मध्यमकालिन खर्च संरचनाले प्रक्षेपण गर्दछ।
- मध्यमकालिन खर्च संरचनाले पहिलो बर्षमा बजेटको बास्तविक स्रोत र खर्चको अनुमान गर्छ भने बाँकी दुई वर्षको लागि उक्त परियोजनाको लागि आवश्यक स्रोत तथा खर्चको प्रक्षेपण गर्दछ।
- मध्यमकालिन खर्च संरचना तयारी गर्दा पहिलो वर्षको बजेट कार्यान्वयनको समिक्षा गरी प्राप्त उपलब्धिका आधारमा तथा उपलब्ध हुने स्रोत साधनका आधारमा आगामी दुई वर्षको स्रोत तथा खर्चको परिमार्जन गरि थप एक वर्षको स्रोत तथा खर्च प्रक्षेपण हुने गर्छ। यसैकारण मध्ययमकालिन खर्च संरचनालाई रोलिङ्ग बजेटको रुपमा लिइन्छ।

**प्रदेश तथा स्थानीय तहहरुमा मध्यमकालिन खर्च संरचनाको आवश्यकता:** प्रदेश तथा स्थानीय तहरुको बार्षिक बजेट तर्जुमा गर्न तथा आवधिक योजना निर्माण गर्न समेत मध्यमकालिन खर्च संरचनाको आवश्यकता पर्छ। यसका लागि प्रदेश तथा स्थानीय तहहरुले वित्तीय हस्तान्तरण सहितको आफ्नो आम्दानी तथा राजश्वका स्रोतहरुको पहिचान गरी स्रोत साधनको आँकलन गर्न सक्नु पर्छ। यसै गरी प्रदेश तथा स्थानीय तहहरुमा विभिन्न राजनितीक दलहरु र अन्य सरोकारवालाहरुका आवाजलाई पनि सुन्न र कार्यान्वयन गर्न दवाब पर्ने भएकोले सवैका विचारहरुका आधारमा उपलब्ध स्रोतको महत्तम प्रयोग गर्न मध्यमकालिन खर्च संरचनाको अवधारणाले सहयोग पुर्‍याउछ। कुन योजनाको लागत कति हुने, लाभ के कति हुने, अपेक्षित प्रतिफलहरुले आवधिक योजनाका कुन कुन लक्ष्य तथा रणनीतिहरुलाई सहयोग पुर्‍याउँछ, प्रदेश तथा स्थानीय तहहरुको आ-आफ्नै प्राथमिकताका क्षेत्रमा कसरी योजना तर्जुमा गर्ने जस्ता थुप्रै विषयहरुमा मध्यमकालिन खर्च संरचनाले छनौटको आधार प्रदान गर्ने भएकोले यसको आवश्यकता सवै प्रदेशहरु र स्थानीयतहरुमा रहेको छ। प्रदेश तथा स्थानीय तहहरुले आँफै बजेट तथा कार्यक्रम तर्जुमा गरेको पाँच वर्ष पुग्दा समेत यस्तो महत्वपुर्ण विषय हालसम्म पुर्ण कार्यान्वयनमा नल्याई बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनपुग्दा चालु आर्थिक वर्ष २०७८/७९ को ६ महिना वितिसक्दा समेत अझै १६ स्थानीय तहहरुले बार्षिक बजेट पारित गरी कार्यान्वयन गर्न नसकेको अवस्था छ। यसले भोलिका दिनमा आर्थिक अराजकता वढ्दै जाने र बेरुजुको हिस्सा थपिदै जाने भएकोले यसको

पुर्ण कार्यान्वयनमा जोड दिनु जरुरी छ। राष्ट्रिय योजना आयोगले हालै सबै प्रदेश तथा स्थानीय तहहरुका लागि **MTEF** र आयोजना बैंक सञ्चालन गर्न सफ्टवेयरको शुरुवात गरेको छ। यसको प्रयोगले आयोजना छनौट गर्दा प्राथमिकताका आधारमा छनौट हुने र समयमै खर्च हुने प्रणालीको विकास गर्न सहयोग पुग्ने देखिन्छ। यसका साथै कार्यान्वयन नै हुन नसक्ने कार्यक्रमहरुमा बजेट विनियोजन हुन रोकिने छ। प्रदेश तथा स्थानीय तहहरुमा पक्कै पनि योजना तथा तथ्याङ्क विश्लेषण गर्न सक्ने दक्ष जनशक्तिको अभाव छ। जे भए पनि अहिले भएकै जनशक्तिलाई तालिम दिएर र भविष्यमा यसको सफल कार्यान्वयन गर्न प्रतिवद्ध कर्मचारीहरुको टिम बनाइ काम गर्नु पर्छ। यसले भोलिका दिनमा योजनाको प्रगति अनुगमन गर्न समेत सहयोग पुग्नेछ।

**निष्कर्ष**: मध्यमकालिन खर्च संरचनाले प्रदेश तथा स्थानीय तहहरुको यथार्थपरक स्रोत साधनको आँकलन गरी प्राथमिकताका क्षेत्रहरुमा यस्तो दुर्लभ साधनको परिचालन गर्न सहयोग गर्छ।बार्षिक बजेटलाई आवधिक योजनासँग आवद्धता कायम गर्न सहयोग पुऱ्याउने यो एउटा औजार भएकोले यसको सफल कार्यान्वयनमा सवै प्रदेश तथा स्थानीय तहहरुले प्राथमिकता दिन जरुरी छ। यसले बार्षिक बजेट तथा कार्यक्रमलाई व्यवहारिक बनाउन र प्रदेश तथा स्थानीय तहहरुलाई थप जवाफदेही बनाई वित्तीय अनुशासन कायम गर्न समेत सहयोग पुऱ्याउछ।

# प्राविधिक शिक्षामा लगानीले, ल्याउछ सुनौलो बिहानी






**छत्रदेव गाउँपालिका**
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

शिक्षा मानिसको चेतना वृद्धि र सीप विकासको साथै रोजगारी उपलब्ध गराउने महत्त्वपूर्ण आधार हो। सीपबिनाको शिक्षा केवल बेरोजगार जनशक्ति उत्पादन गर्ने माध्यम मात्र हुन्छ। त्यसै कुरालाई आत्मसाथ गर्दै छत्रदेव गाउँपालिकाले "सीपयुक्त मानवजनशक्तिमा लगानी ल्याउछ सुनौलो बिहानी" भन्ने नारालाई अगाडि सारेको छ। गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने गरीब परिवारका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा उपलब्ध गराउन आर्थिक वर्ष २०७६/०७७ बाट वार्षिक रु. २० लाख (तीन वर्षमा रु ६० लाख) लगानी गरी ४० जना विद्यार्थीहरूलाई एग्रो फरेष्ट्री बहु प्राविधिक शिक्षालय, छत्रदेव -४, अर्घाखाँचीमा कृषि विषयमा डिप्लोमा तह अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गरेको छ।

नेपाल कृषिप्रधान देश भए तापनि प्राविधिक ज्ञानको अभावमा यहाँका अधिकांश कृषकहरू परम्परागत निर्वाहमुखी कृषि प्रणाली अपनाउँदै आएका छन्। कृषि प्राविधिक जनशक्तिको उपलब्धता हुन सकेमा मात्र कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिलाई व्यवसायिक ढङ्गबाट अगाडि बढाउन मद्दत पुग्दछ भन्ने हेतुले गाउँपालिकाले प्राविधिक जनशक्ति उत्पादनमा लगानी गरेको हो। बहुसङ्ख्यक नेपालीहरू आश्रित रहेको कृषि पेशालाई व्यवसायिक बनाउन सकेमा मात्र गरिबी र बेरोजगारी हटाउन सकिने तथ्यलाई सबैले आत्मसात गर्नु जरुरी छ। हाम्रो भूगोल र सानो लगानीबाट नै पेशा व्यवसाय गरी आर्थिक उपार्जन गर्न सकिने एक मात्र लाभको क्षेत्र कृषि नै हो। तसर्थ कृषि क्षेत्रको विकास नै आजको आवश्यकता हो। प्राविधिक जनशक्तिबिना कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण सम्भव छैन। कृषकलाई समयमै प्राविधिक ज्ञान उपलब्ध गराउन सकेमा मात्र कृषिमा हुने नोक्सानी घटाएर कृषकहरूलाई कृषि पेशामा समयसम्म टिकाउन मद्दत पुग्दछ। यसबाट वैदेशिक रोजगारीमा जान बाध्य युवाहरुलाई समेत स्वदेशमै कृषि पेशामा संलग्न भएर रोजगारी र आम्दानी गर्न उत्प्रेरित हुने र त्यसले युवा जनशक्ति स्वदेशमै रहने हुँदा यसले अन्य क्षेत्रमा समेत सकरात्मक प्रभाव पर्ने हुन्छ।

यस कार्यक्रम मार्फत् उत्पादित जनशक्तिले कृषि क्षेत्रमा रहेको जनशक्ति न्यूनतालाई पुरा गर्ने त छँदैछ त्यसबाहेक रोजगारी सिर्जना र समग्र कृषि क्षेत्रको विकासमा समेत मद्दत पुग्ने विश्वास गाउँपालिकाले लिएको छ।

# ग्रामीण तहमा

## खानेपानी, सरसफाइ तथा स्वच्छताका परियोजनाहरू



**ध्रुव घिताल**
उपसचिव
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

### १. पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) आम मानिसहरूको आधारभूत आवश्यकता हो । यसलाई नेपालको संविधान २०७२ को धारा ३५ (४) ले मौलिक अधिकारको रूपमा लिएको छ। संविधानको यस प्रावधानले सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच हुनुपर्ने निश्चितता प्रदान गरेको छ । सोही अनुरूप नेपाल सरकारले जुनसुकै समय, जोसुकैलाई, जहाँसुकै पनि प्राप्त हुने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र गच्छेअनुसारको वास सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तर सुधार गर्ने प्रमुख लक्ष्य राखेको छ। यो लक्ष्य प्राप्तिमा योगदान गर्न नेपाल सरकारले वास क्षेत्रगत विकास योजना (Sector Development Plan, 2016-2030) पनि तयार गरेको छ । यसै अनुरूप लुम्बिनी प्रदेशको एक घर एक धाराको सङ्कल्प प्रस्ताव बमोजिम स्थानीय तह स्तरमा सबै घर, विद्यालय, संस्था तथा सार्वजनिक स्थलहरूमा दिगो तथा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउने उद्देश्यकासाथ स्थानीय तहहरूमा पनि आ-आफ्नो क्षेत्रमा स्थानीय स्तरको वास योजना तर्जुमा गर्न थालिएको छ । सोही सन्दर्भमा लुम्बिनी प्रदेशका सबै (१०९) स्थानीय तहहरूबाट तर्जुमा गरिने वास योजनहरूमा एकरूपता कायम रहोस् भन्ने उद्देश्यले सो कार्यमा आर्थिक र प्राविधिक सहयोग तथा समन्वय गर्नका लागि पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय, लुम्बिनी प्रदेशले वास क्षेत्रको समष्टिगत सूचना तथा जानकारीहरू NWASH MIS mobile to web Application को माध्यमद्वारा सङ्कलन गरेको छ। भू-सान्दर्भिक (Geo-Referenced) तथ्याङ्कहरूको प्रविधियुक्त नक्साङ्कन गर्ने, सोको विश्लेषण गर्ने तथा हालसम्म वास सेवासुविधाबाट वञ्चित समुदायको पहिचान गरी सो स्थानका समुदायमा सेवा प्रवाहको सुनिश्चितता सहित वास योजना निर्माण गर्ने कार्यमा स्थानीय तहहरूलाई सहयोग गरिरहेको छ । यसका लागि स्थानीय तह जिल्ला र मन्त्रालयमा गरी ७३ जना गणक, १२ जना वास संयोजक र एक जना वास विज्ञको परिचालन गरी तथ्याङ्क सङ्कलन कार्य भइरहेको छ।

### २. वास योजनाको उद्देश्य

वास योजनाको प्रमुख उद्देश्य स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा अवस्था पहिचान गरी सेवाबाट वञ्चित समुदाय लागि वास सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण प्रदान गर्न योजना निर्माण गरिएको हो । स्थानीय तहमा विद्यमान स्रोतहरूलाई औचित्य सावित गरी समतामूलक वितरण गर्ने कार्य नै समस्याको दिगो समाधानसहितको योजना निर्माण गर्नु हो। यो नै वास योजनाको प्रमुख अपेक्षित लक्ष्य हो। यस अधारमा वास योजनाको विशिष्ट उद्देश्यहरू निम्न प्रकार रहेका छन् :

१. खानेपानीका विद्यमान स्रोहरू तथा मौजुदा खाने पानी तथा सरसफाइसम्बन्धी संरचना सुविधाहरूको लागत सङ्कलन गरी अभिलेखीकरण गर्ने,
२. स्थानीय तह क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच बाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको सुनिश्चिततासहित अल्पकालीन र दिर्घकालीन रणनैतिक योजना तयार पार्ने,
३. खानेपानी, सरसफाइ तथा स्वच्छतासँग अन्तरसम्बन्धित विषयवस्तुहरू सहित यसबाट प्राप्त गर्न सकिने प्रतिफलहरूको परिचालन, प्राथमिकीरण र प्रवर्द्धन योजना तयार गर्ने,
४. स्थानीय तह क्षेत्र भित्रको सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार गरी उपर्युक्त सेवा विस्तार निश्चित समयावधिमा शतप्रतिशत पूर्ण गर्न प्रतिबद्धता सहितको अवधारणा तयार पार्ने,
५. वास योजनासँग अन्य विषयगत योजनाहरूलाई एकीकृत गर्नको निम्ति स्थानीय तहको संस्थागत सुदृढीकरण कार्य योजनासहित स्थानीय सरकारलाई सहजीकरण गर्ने,
६. वासको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने,
७. वास क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरूपता प्रदान गर्ने,

माथिका उद्देश्यहरू परिपूर्ति गर्न तर्जुमा गरिने वास योजना स्थानीय तहका प्रतिनिधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय, वडा स्तरीय जनप्रतिनिधि र विषय विज्ञहरूसहित स्थानीय आवश्यकता प्रतिबिम्बित हुने गरी समतामूलक र सहभागितात्मक विधिद्धारा प्राथमिकता पहिचान गरी स्थानीय सरकारद्वारा प्रमाणीकरण गरेर कार्यान्वयन गरिनेछ।

### ३. वास योजनाको आधारभूत सैद्धान्तिक पक्षहरू (Fundamental Approach of WASH PLAN)

स्थानीय तहमा तयार गरिने वास योजना खासगरी पालिकास्तरको समग्र विकास रणनैतिक योजनाको अङ्ग हो। यसले समग्र विकास योजना भित्रको वास पक्षलाई समेट्छ । वास योजनाले मूलतः खानेपानी र सरसफाइ र त्यससँग सम्बद्ध सबै वातावरणीय पक्षलाई समेटी एकीकृत ढङ्गले योजना तर्जुमा गरिन्छ। माथि उल्लेख गरिएका उद्देश्यहरू पूर्ति गर्न वास योजना तर्जुमा प्रक्रियाले निम्नानुसार आधारभूत सैद्धान्तिक पक्षहरू (Approach) अवलम्बन गर्दछ। यी सैद्धान्तिक पक्षहरू (Approach) अवलम्वन गरी तर्जुमा गरिएका वास योजना स्थानीय सरकारका माताहतमा विभिन्न तहका समग्र विकास कार्यक्रमको निम्ति Planning Tool (योजना औजारको) रूपमा प्रयोग हुनेछ। स्थानीय तह र प्रदेश सरकारको निम्ति पनि वास योजना र कार्यक्रम निर्माण गर्दा यसले उपयुक्त मार्गदर्शन गर्नेछ । त्यतिमात्र नभएर रणनैतिक र आवधिक योजना तर्जुमा गर्न सोही अनुरूपको विश्लेषण गर्नुका साथै आयोजना प्रस्तावना तयार गर्न यो वास योजनालाई बजारीकरण र समन्वीकरणका लागि औजार (Marketing and Coordination Tool) को रूपमा स्थानीय तहले प्रयोग गर्न सक्नेछन् ।

वित्तीय स्रोत जुटाउन संघीय सरकार, प्रदेश सरकारसहित अन्य विकास साझेदारहरूसँग समन्वय वार्ता र सम्झौता गर्दा पनि स्थानीय तहले वास योजनालाई आधारभूत दस्तावेजको रूपमा उपयोग गर्न सक्नेछन् । यो योजना स्थानीय सरकारलाई प्राथमिकतासहितको लगानी योजना (Investment Plan) निर्माण गर्दा पनि अति नै उपयोगी हुन सक्दछ।

**३.१ स्थानीय तहको स्वामित्व (Ownership of Local Government)**

वास योजनाको प्रमुख सैद्धान्तिक पक्ष भनेको, यो सम्बन्धित स्थानीय तहले निर्माण गर्दछ र स्वामित्व ग्रहण गर्दछ। यसमा स्थानीय बासिन्दाको जनसहभागिता र स्थानीय सरकारको नेतृत्व रहन्छ । योजना तर्जुमा चरणमा तथ्याङ्क सङ्कलन तथा आयोजनाको आवश्यकता र प्राथमिकीकरणको प्रक्रिया धेरै जसो समुदाय तथा उपभोक्ताहरूद्वारा स्थानीय स्तरमै व्यवस्थापन गरिन्छ । स्थानीय तहको क्षमता अभिवृद्धीकरण र समुदायको सचेतीकरणमा पनि योजना तर्जुमाका चरणहरूमा ध्यान केन्द्रित गरिन्छ।

**३.२ मध्यस्थता, सहयोग, समन्वय, सहकार्य र आपसी समझदारी (Mutual Coordination, Coopertaion, Collaboration and Joint Efforts)**

खास अर्थमा यो वास योजना खानेपानी र सरसफाइसहित पर्यावरणीय स्वच्छतासित पनि सम्बन्धित एक समन्वयात्मक सहकार्य हो । यसको प्रमुख आधार नै सम्बन्धित पालिकाको निर्णय र अधिकार क्षेत्रभित्र रहेर योजना तर्जुमामा व्यापक समन्वयात्मक सहकार्यको कार्यान्वयन हो। यसले केन्द्र र प्रदेशसँगको सहकार्यको मार्ग प्रशस्त गराउने ध्येय पनि राखेको छ । विभिन्न अन्य स्थानीय तहहरूका सिकाइ र अनुभवहरू पनि वास योजना तर्जुमा प्रक्रियामा समावेश गर्न सकिन्छ। वास योजनाको आधारमा पालिका, प्रदेश र संघको पनि वास क्षेत्रमा सो पालिका स्तरमा गर्नुपर्ने Intervention, Cooperation/Mutual Understanding (मध्यस्थता, सहयोग र आपसी समझदारी) तय हुने भएकाले यो योजना तर्जुमा एक समन्वयात्मक सहकार्य पनि हो। प्रदेश स्तरमा तयार गरिएको कार्यविधि, संघीय विभागको मार्ग दर्शन निर्देशिका र पालिकास्तरको निर्णय सबैलाई समन्वयात्मक रूपमा अवलम्बन गरी वास योजना तर्जुमा गरिन्छ। वास योजना एक जीवन्त (Live Document) दस्तावेज पनि हो, जसको सान्दर्भिकता संघ र प्रदेशदेखि स्थानीय तहको वार्ड स्तरसम्म हरदम रहिरहन्छ।

**३.३ पहुँच नपुगेको ठाउँमा पहुँच पुर्‍याउने र सेवा वञ्चितहरूलाई सेवा पुर्‍याउने अवधारणामा केन्द्रित (Reach to Unreached and Serve to Unserved)**

वास योजना तर्जुमाको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्र भित्र वास सेवा सबैलाई समान रूपमा पुर्‍याउने अवधारणामा केन्द्रित हुनु हो । सेवाबाट वञ्चित समुदाय, क्षेत्र र जनसङ्ख्यालाई समुचित सेवा पुर्‍याउनु र कहिल्यै कोही नआइपुगेका ठाउँ / समुदायमा सेवासहित पुग्ने बाटो बनाउनु हो । यसको अर्थ वास योजना तर्जुमा गर्नु भनेको स्थानीय तहको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमको पूर्ण सुनिश्चितता प्रदान गर्न मार्ग प्रसस्त गर्नु हो। वास योजना तर्जुमा गर्दा मौजुदा खानेपानी स्रोतको अभिलेखकरण र सम्भाव्य स्रोतहरूको खोजी र विश्लेषण गरिन्छ । यसका लागि पालिका स्तरबाट योजना तर्जुमाको पहिलो चरणमै बनाइएको योजनाको रूपरेखा (Framework) र सर्वेक्षण, अध्ययन तथा परामर्शबाट प्राप्त आधार रेखा तथ्याङ्कको आधारमा पहिचान गरिएको Gap (भिन्नता) लाई परिपूर्ति गर्न योजनाहरूको छनौट तथा प्राथमिकीकरण गरी आवश्यक बजेटसहित वास योजनाको एकीकृत कार्य-योजना तयार गरिन्छ।

**३.४ भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरू (Geo-referced Data)**

वास योजना तर्जुमाको अर्को प्रमुख विशेषता भनेको भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरू (Geo-referced Data) हुन् । वास योजना तर्जुमा प्रक्रियामा सङ्कलन गरिने मौजुदा तथ्याङ्क र सूचनाहरू सबै प्रविधियुक्त विधि र औजारहरू NWASH Apps (mobile to web tool) प्रयोग गरिन्छ। NWASH Software System को Mobile मा In-built Apps हरूको माध्यमबाट



सबै सङ्कलित तथ्याङ्क र सूचनाहरू प्रतिवेदनको रूपमा प्राप्त गरिन्छ। हरेक सूचनाहरू र तथ्याङ्कहरूमा त्यस स्थलको, GPS Location सहित फोटो र जानकारीहरू समावेश भएको हून्छ। त्यसैले यो प्रक्रियाबाट सङ्कलित तथ्याङ्क सूचनाहरू Evidence Based(प्रमाणमा आधारित) र Spot Based(स्थल आधारित) हुन्छन्। मौजुदा सूचना र तथ्याङ्कहरूबाट आधार रेखा (Base Line Information)जानकारी स्थापना गरिन्छ र पालिका तहसँगको परामर्श/गोष्ठीले तयार गरेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच र लक्ष्यको खाका (Framework) प्राप्त गर्न कति Gap (अन्तर) छ पत्ता लगाउन अत्यन्त भरपर्दो Benchmark(मापदण्ड) बन्दछ।

३.५ सहभागितामूलक **(Participatory)** र ऊर्ध्वगामी **(Bottom-up)** योजना प्रक्रिया

वास योजना तर्जुमाको अर्को आधारभूत सैद्धान्तिक पक्ष हो- सहभागितामूलक (Participatory)र उर्ध्वगामी (Bottom-up) योजना पहिचान प्रक्रिया। यसका लागि सेवाप्रदायक संस्था, विज्ञ/जनप्रतिनिधि र सरोकार वालाहरूले समुदायस्तरमै छलफल परामर्श गर्नुपर्दछ। खासगरी विशेष समुदाय अर्थात् सीमान्तीकृत समुदायको आवाजलाई मुखरित हुने अवसर प्रदान गर्दछन्। त्यसपछि वार्ड स्तरीय छलफल, परामर्श र गोष्ठीमा पनि वार्ड भित्रका जनसमुदाय र जनप्रतिनिधिहरूले व्यापक अन्तर क्रिया र छलफल पछि आवश्यकतानुसार योजना पहिचान र प्राथमिकीकरण गर्दछन्। समुदाय र वार्डस्तरीय परामर्श पछि मात्र पालिकास्तरमा छलफल गरिन्छ र प्राथमिकीकरण गरी निर्णय गरिन्छ। तलबाट माथितिर जाने ऊर्ध्वगामी (Bottom-up) सैद्धान्तिक आधारमा योजना तर्जुमा गरिने भएकाले यो सहभागितामूलक र ऊर्ध्वगामी हुन्छ भनिएको हो। योजना तर्जुमा प्रक्रियामा सबैको अधिकार को सम्मान गरिन्छ र समुदायसँग सहभागितामूलक पद्धतिद्वारा आयोजनाहरूको प्राथमिकीकरण गरिन्छ।

४. वास योजनाले समेट्ने विषयहरू

नेपालको संविधान २०७२ ले प्रदान गरेको सबै नागरि कहरूका निम्ति सुरक्षित खानेपानी र सरसफाइको सुनिश्चितता, दिगो विकास लक्ष्यले (सन् २०३० सम्म सबैलाई सुरक्षित किसिमले व्यवस्थापन भएको खाने पानी र सरसफाइसेवा र पर्यावरणीय क्षेत्रमा सबैको न्योचित पहुँच भएको हुनुपर्ने) लक्षित गरेको सूचकहरू र वास क्षेत्रगत विकास योजना (SDP)को आधारमा हरेक स्थानीय तहअन्तर्गत स्रोतपहिचान र परिचालनका निम्ति वास योजना अत्यावश्यक रहेको देखिन्छ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास, विगतमा WASH भनिँदै आएको) क्षेत्रमा राष्ट्रिय स्तरमा तयार भएको क्षेत्रगत विकास योजना (SDP) नै स्थानीय स्तरमा तयार गरिने वास योजनाको प्रमुख मार्गदर्शन दस्तावेज हो। यो योजना दिगो विकास लक्ष्य (SDG) सँग तालमेल (aligned) गरी बनाइएको छ। क्षेत्रगत विकास योजना (SDP) को अध्याय दस (क्षेत्रगत विकास योजनाको कार्यान्वयन) खण्ड १०.१ : पहिलो चरण (२०१७-२०२२) अन्तर्गत १०.१.२: मा स्थानीयवास योजना निर्माण गर्ने कुरा स्पष्ट उल्लेख छ। यसमा यस क्षेत्रगत विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहले यस योजनाका लक्ष्यहरू हासिल गर्ने हिसावले स्थानीय वास योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् भनी स्पष्ट किटान गरिएको छ।

त्यसैगरी पूर्ण सरसफाइ मार्गदर्शन २०७३ मा पूर्ण सरसफाइ सफा तथा स्वच्छ क्षेत्र चरणको ३ नं. बुदामा खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी तथ्याङ्कक सङ्कलन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रमा समन्वय समितिहरूले सरोकारवालाहरूको सहभागिता र सक्रियतामा पालीका सरसफाई र स्वच्छता योजना (Work Plan) तर्जुमा गरिने छ भनी उल्लेख गरिएको छ।

वास योजनाले समग्र स्थानीय तहको क्षेत्राधिकार भित्रको स्थानीय स्रोहरूको पहिचान, अभिलेखीकरण र विश्लेषण गरी सम्भाव्य प्राविधिक विकल्पहरूसहित प्रभावकारी, दिगो र उपयुक्त कार्यक्रमहरूलाई प्रस्तुत गरी उपयुक्त लगानीका अवसरहरूको खोजी गर्न पनि प्रभावकारी भूमिका खेल्न सक्छ।

यी सबै प्रावधान, सोच र योजनानुरूप नै वास योजनाको अपरिहार्यता पुष्टि हुन्छ। यस्तो योजना तर्जुमा गर्दा हरेक स्थानीय तहहरूको वास क्षेत्रको सामान्य र विशिष्ट आवश्यकताहरू के कस्ता क्रियाकलापमा केन्द्रित आयो जना तर्जुमा गर्ने ? त्यसका लागि आवश्यक लगानीका स्रोतहरू के-कस्ता हुन् सक्छन ? त्यसका लागि जिम्मेवार निकाय र सरोकारवालाहरू को-को हुन् ? सो क्रियाकलाप तथा आयोजनाहरू कहाँ सञ्चालन गरिने हो ? त्यसका उपभोक्ता वा लगानी कर्ता को को छन् ? अनि यस्ता कार्ययोजनाहरू कति समयमा सम्पन्न गरिने हो ? सबैको स्पष्ट लेखाजोखा र पहिचान गरिनुपर्छ।

५. वास योजनाको कार्यान्वयन **( Wash plan Implementation)**

वास योजना सम्बन्धित स्थानीय तहको निम्ति वास विकास क्रियाकलापहरूका लागि एक जीवन्त रणनै तिक दस्तावेज (Live Strategic Document) को रूपमा रहन्छ। यसबाट सो स्थानीय तहमा कार्यरत विकास साझेदार (Development Partners) तथा सरोकारवालाहरू (Stakeholders) लाई आयोजना निर्माण, सुधार, विस्तार, पुनर्स्थापना साथसाथै क्षमता अभिवृद्धि, सचेतीकरण आदि क्रियाकलापहरूका लागि मार्गदर्शन प्राप्त हुन्छ। यो दस्तावेज (Document) को माध्यमद्वारा स्थानीय तहहरूले संघीय, प्रादेशिक सरकार, विकास साझेदार तथा सरोकारवालाहरूसँग वास क्षेत्र विकासका लागि वार्ता, योजना, सम्झौता र बजारीकरण (Marketing) गर्न सक्दछन्।

- विषयगत निकायहरू (Sectoral Agencies) तथा विकास साझेदार (DPs) सँग वास योजनाको प्रचारप्रसार, पैरवी, वार्ता र बजारीकरण (Marketing)
- स्थानीय समुदाय, वार्ड तथा पालिका स्तरबाट प्राथमिकीकरण गरिएका आयोजनाहरू कार्यान्वयन गर्न लगानी जुटाउने (Investment) अवसरको रूपमा यसको प्रयोग महत्त्वपूर्ण हुन सक्ने।
- जलवायु परिवर्तन अनुकूलन (Adaptation), लचकता (Resilience) र पुर्नउत्थानशीलता तथा विपद जोखिम न्यूनीकरण (Mitigation) आदि प्रयासहरूमा पनि वास योजना अत्यन्त महत्वपूर्ण दस्तावेजको रूपमा रहने

यस वास योजनामा समावेश गरिएका आयोजनाहरूलाई निर्दिष्ट गरेअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यान्वयनका लागि यसले मार्ग प्रशस्त गर्दछ। यो एक जीवन्त (Live Document) दस्तावेज भएकाले आवश्यकतानुसार यसरी अद्यावधिक (Updating) गर्नु पनि त्यतिकै जरुरी हुन आउँछ। वास योजना तर्जुमा भई पारित भइसकेपछि पनि यसरी पुनरावलोकन, अद्यावधिक र समीक्षा Periodic Basis (आवधिक आधारमा) मा भइराख्नु पर्ने भएकाले यसको निम्ति संयन्त्र(Mechanism) को पनि व्यवस्था गरिनु आवश्यक हुन्छ।

# मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम



**ग्रिस पुन**
**कार्यक्रम निर्देशक**
**मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम**
**लुम्बिनी प्रदेश**

विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक क्षमतामा सुधार गर्न विशेषगरी आधारभूत तहका विद्यालय तथा बालविकास केन्द्रहरूमा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लागु गरेर विद्यालयहरूको भौतिक अवस्था तथा शैक्षिक गुणस्तरमा थप सुधार गर्ने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकारले आ.व. २०७८/०७९ को निम्ति १२वटै जिल्लाका सबै स्थानीय तहको गाउपालिका, नगरपालिका र उपमहानगरपालिकामा क्रमशः ६० लाख, ७० लाख र ८० लाख बजेट विनियोजन गरेको छ। उक्त कार्यक्रम कार्यन्वयन पश्चात लक्षित वर्गमा उपलब्धिमूलक र परिणाममुखी नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ।

**कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्यहरूमा आधारभूत विद्यालय तथा बालबालिका केन्द्रहरूको भौतिक तथा वातावरणीय पक्षमा सुधार गर्ने, गरिब तथा विपन्न परिवारको बालबालिकालाई शैक्षिक सामाग्री उपलब्ध गराउने, विद्यालय छोडने प्रवृतिलाई कम गर्न आवश्यक विशेष कार्यक्रमहरू सञ्चालन गर्न निम्न रणनीतिहरू अवलम्बन गर्न सकिने छ।

१. आधारभूत विद्यालय तथा बालबालिका केन्द्रहरूको मर्मत सम्भार र रङरोगनको व्यवस्था गरी उपयुक्त शैक्षिक वातावरण सृजना गर्ने,

२. समुदाय र स्थान विशेषमा रहेको विद्यालयको खास खास समस्याको पहिचान गरी समस्या समाधानको निम्ति आवश्यक कार्य गर्ने,

३. विद्यालयमा विद्युतीय प्रणालीमार्फत् अध्ययनको व्यवस्था गर्ने,

४. शैक्षिक गुणस्तर अभिवृद्धिको निम्ति लक्षित वर्ग, स्थानीय तह र गैर सरकारी संघसंस्थाहरूका सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने

**कार्यक्रमको क्षेत्र**

यस कार्यक्रम अन्तर्गत मूलतः विद्यालयको पुर्वाधार निमार्ण तथा मर्मत सम्भार र शैक्षिक गुणस्तर सुधारसम्बन्धी कृयाकलापहरू सञ्चालन हुने छन् :

१. पूर्वाधार निमार्ण तथा मर्मत सम्भार सम्बन्धी निम्न कृयाकलापहरू सञ्चालन गरिने छन् :

क) विद्यालय भवन र कक्षा कोठामा रङरोगन, तारबार, व्यवस्थित शौचालय निमार्ण तथा व्यवस्थापन, स्वच्छ खानेपानीको व्यवस्था, बगैंचा निमार्ण तथा मर्मत सम्भार र मार्कर-डस्टरसहितको कक्षा कोठा व्यवस्थापन।

ख) सङ्गीत, खेलकुद सामग्रीको व्यवस्था, विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था र इन्टरनेट सुविधा जडान गर्ने कार्यहरू सञ्चालन गर्ने,

२. शैक्षिक गुणस्तरसम्बन्धी निम्न कृयाकलापहरू सञ्चालन गर्न सकिने छ :

क) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गराउने र विद्यालय भर्ना भएका बालबालिकाहरूलाई बिचैमा विद्यालय छोड्नबाट रोक्नका आवश्यक क्रियाकलाप सञ्चालन गर्ने,

ख) विपन्न तथा अपाङ्गतायुक्त विद्यार्थीहरूको विशेष आवश्यकता सम्बोधन गरी विद्यालय बिचमै छोड्न बाध्य हुने अवस्था पहिचान गरी सोको अन्त्य गर्न उपयुक्त कार्य सञ्चालन गर्ने,

ग) विद्युतीय प्रणालीमार्फत् अध्ययन अध्यापनका लागि आवश्यक पर्ने क्षमता विकासको क्रियाकलाप सञ्चालन गर्ने,

घ) संभावनायुक्त विद्यालयमा साङ्केतिक भाषा, अन्य भाषा, सङ्गीत र खेलकुदसम्बन्धी जनशक्ति उपलब्ध गराउने,

**कार्यक्रमको लक्षित समूह**

उपर्युक्त कृयाकलापहरू विशेषगरी निम्न लक्षित समूहमा केन्द्रित गरिने छ :

क) आधारभूत विद्यालय तथा बाल विकास केन्द्रहरूमा अध्ययनरत विपन्न र अपाङ्ग बालबालिका,

ख) आधारभूत तहका सामुदायिक र धार्मिक विद्यालयहरू,

ग) माध्यमिक र आधारभूत तह र बाल विकास केन्द्रहरूमा अध्यापनरत जनशक्ति,

घ) खुला तथा अनौपचारिक नमुना विद्यालयहरू।

**कार्यक्रम कार्यान्वयन प्रकृया र संरचनात्मक व्यवस्था**

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको निम्ति संरचनात्मक व्यवस्था र जिम्मेवारी तोकिएको छ, जसमा सबैभन्दा माथिल्लो तहमा माननीय मुख्यमन्त्रीको अध्यक्षतामा ५ सदस्यी निर्देशक समिति रहेको छ। यस समितिले कार्यक्रमको समग्र समन्वय, अनुगमन, सहजीकरण र समीक्षा गर्नु का साथै कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत निर्णयहरू गरी कार्यान्वयन गर्ने र गराउनेछ भने तेस्रो तहको कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइ रहेको छ। यस इकाइले निर्देशक समितिको निर्णायहरू कार्यान्वयन गर्ने गराउने र कार्यक्रमसम्बन्धी एकीकृत अभिलेख तयार गरी सूचनाको विश्लेषणसहित वार्षिक प्रतिवेदन तयार गर्नेछ।

दोस्रो तहमा जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहेको छ। यस समितिले स्थानीय तहको कार्यक्रम छनौट समितिलाई योजना/परियोजनाहरूको पहिचान गर्ने कार्यमा कार्यक्रम छनौट समितिलाई आवश्यक सहयोग उपलब्ध गराउन साथै स्थानीय तहबाट चौमासिक प्रतिवेदन लिने र आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ भने पहिलो तहमा यस कार्यक्रमको कार्यान्वयन गर्ने प्रकृयामा सबैभन्दा जिम्मेवार समिति स्थानीय तहको प्रमुख/मेयर को संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी शिक्षा शाखाको अधिकृत र मुख्यमन्त्रीबाट एक जना महिला सहित २ जना मनोनित सदस्य रहेको ५ सदस्यी कार्यक्रम छनौट समिति रहेको छ। उक्त समितिले सम्बन्धित स्थानीय तह र सम्बन्धित क्षेत्रको प्रदेशसभा सदस्यसँगको परामर्शमा योजना/परियोजना छनौट गरी जिल्ला समन्वयकर्ता मार्फत् स्वीकृतिको निम्ति कार्यक्रम कार्यान्वयन तथा समन्वय एकाइमा पठाउने व्यवस्था छ।

**कार्यक्रम छनौटका आधारहरू**

यस कार्यक्रमलाई लक्षितसम्म पुर्‍याउन कार्यक्रम छनौट निम्न आधारहरूलाई अवलम्बन गर्नु पर्ने व्यवस्था छ।

(क) आन्तरिक स्रोत साधन न्यून भएका,

(ख) विद्यार्थीको सङ्ख्या कम भई गाभ्ने/गाभिने संभावना कम भएका,

(ग) भौतिक तथा वातावरणीय पूर्वाधारहरू कमजोर रहेका,

(घ) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सोही विद्यालयको लागि बजेट विनियोजन नभएका,

(ङ) सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी अध्यापन गर्न संभव भएका,

(च) अन्य निकाय वा स्रोतबाट जनशक्ति, तालिम उपलब्ध हुने संभावना नभएका।

**अपेक्षित उपलब्धिहरू**

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम छनौट भएका विद्यालयहरूमा कार्यक्रम सम्पन्न पश्चात निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

क) आधारभूत विद्यालय तथा बालविकास केन्द्रहरूमा स्वच्छ, स्वस्थ खानेपानी सुविधा उपलब्ध हुनेछ।

ख) विद्यालयमा शौचालय, पर्खाल, खेलमैदान, मनोरञ्जन पार्क जस्ता भौतिक पुर्वाधारहरूको निमार्ण तथा मर्मत सम्भार हुने छन्।

ग) विद्यालयमा ICT ल्याब, विज्ञान प्रयोगशालाहरूको निमार्ण तथा मर्मत सम्भार हुने छन्।

घ) विद्युतीय प्रणलीमार्फत् अध्ययन अधयापनको निम्ति डिजिटल उपकरणहरूको उपलब्धता हुनेछ।

ङ) विद्युतीय प्रणालीमार्फत् अध्ययनरत जनशक्तिको दक्षता विकास हुनेछ।

च) अभिभावक सचेतना, भर्ना अभियान, विपन्न तथा अपाङ्ग बालवालिकालाई सहयोगजस्ता कार्यक्रममार्फत् विद्यालयमा भर्ना हुनका साथै भर्ना भएका बालबालिकाहरूको बिचैमा विद्यालय छोड्ने दर न्यून हुनेछ।

**निचोड**

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमअन्तर्गत मुख्य गरी पूर्वाधार निर्माण तथा मर्मत सम्भार र शैक्षिक गुणस्तर वृद्धि गर्ने क्षेत्रमा कार्यक्रम सञ्चालन गरी लक्षित समूहमा केही सुधार लयाउने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकारले यो कार्यक्रम लागु गरेको छ, यद्यपि गुणस्तर सुधारको नतिजा छोटो समयमै प्राप्त हुने विषय हैन। यो कार्यक्रम स्वाभाविक रूपमा विकेन्द्रित कार्यक्रम नभएर उपरोक्त दुई क्षेत्रमा मात्र कार्यक्रमको निश्चित निशाना भएकाले कार्यक्रमले अपेक्षा गरेका उपलब्धिहरू हासिल हुने प्रबल सम्भावना छ। त्यसका निम्ति यो कार्यक्रमलाई उपलब्धिमूलक , सफल र परिणाममुखी वनाउन सम्पूर्ण सरोकारवालाहरू विनाराजनीतिक पूर्वाग्रह, मन,वचन र कर्मले इमान्दारीका साथ जिम्मेवार भूमिका निभाउन आवश्यक छ। राजनीतिक प्रणालीमा परिवर्तन मात्रै ठूलो कुरा हैन, जबसम्म राज्य सञ्चालनको समग्र संयन्त्रमा निस्वार्थ र इमान्दारिताको सोच पलाउँदैन तबसम्म राष्ट्रले अग्रगति लिन सक्दैन।

**धन्यवाद ।**

# आमा सुरक्षा कार्यक्रम

## (गर्भवती महिलाको लागि एम्बुलेन्स भाडा र जन्म दर्ता प्रोत्साहन)

**आर्थिक वर्ष : २०७७/०७८ (वार्षिक बजेटमा आधारित)**

बैजनाथ गाउपालिका,
रामपुर, बाँके

**पृष्ठभूमि**

नेपालको संविधानले मौलिक हक अन्तर्गत महिलाको हक र स्वस्थ जीवन जिउनको लागि स्वास्थ्यको हक र बालबालिकाको हकको व्यवस्था गरेको छ। दिगो विकासका लक्ष्य, पन्ध्रौं आवधिक योजना र वार्षिक बजेटमा मुलुकमा रहेको बाल तथा मातृ मृत्युदर घटाउन विभिन्न स्वास्थ्य लक्षित कार्यक्रमहरु सञ्चालन गरिरहेको सन्दर्भमा बैजनाथ गाउँपालिकाको आ.व.२०७७/०७८ को गाउँसभाले आमा र बच्चाको स्वास्थ्यलाई ख्याल गर्दै आमा सुरक्षा कार्यक्रमअन्तर्गत गर्भवती महिलाको लागि एम्बुलेन्स भाडा र ३५ दिनभित्र जन्म दर्ता गर्न आउने लाई प्रोत्साहन गर्न आउनेका आमा / अभिभावकको लागि यातायात खर्च कार्यक्रम सञ्चालन गर्न वित्तीय समानीकरण अनुदानबाट रु. ८ लाख बजेट विनियोजन गरेको थियो। यसले घरबाट बर्थिंग सेन्टर सम्म आउन रु. एम्बुलेन्स/अटो भाडा बापत पाँच सय, कोहलपुरसम्म एक हजार, नेपालगन्ज सम्म रु. १५ सय र अन्य स्थानमा सुत्केरी आमा लैजाँदा बिलबमोजिमको भाडा सम्बन्धित स्वास्थ्य सँस्थामार्फत् दिने गरेको थियो । त्यस्तै ३५ दिनभित्र जन्म दर्ता गर्ने कार्यमा बढोत्तरी गर्न रु. एक हजार प्रोत्साहन गर्ने गरेको थियो। सो वर्ष जम्मा ८ लाखमा बजेटमा ५लाख ८३ हजार खर्च भएको थियो।

**स्वास्थ्य कार्यक्रमका सबल पक्षहरु**

- बर्थिंगसेन्टरमा / स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाको सङ्ख्यामा बढेको र यसबाट आमा तथा बालबालिकाको ज्यान जाने जोखिम कम हुने सम्भावना देखिएको छ।
- स्थानीय सरकारप्रति जनविश्वास र स्वास्थ्य संस्थाप्रति अपनत्व बढेको छ।
- बच्चा जन्मे पछि नियमित खोप लगाउनुपर्छ र नियमित सुत्केरी आमाको स्वास्थ्य परीक्षण गराउनुपर्छ भन्ने विषयको चेतना बढेको छ।
- सो अवधिमा चिसापानी हेल्थपोस्टबाट १ जना, नौबस्ता हेपोबाट २८ जना, टिटीरिया हेपोबाट ९ जना र बनकटवा प्रास्वा केन्द्रबाट १६ जनाले यो सुविधा लिएका छन्।
- व्यक्तिगत घटना जस्तो राष्ट्रिय कार्यक्रमलाई समेत सफल पार्न सहयोग पुगेको छ। २०७६ सालमा १ देखि ३५ दिनभित्र जन्म दर्ता गर्नेको सङ्ख्या ४६५ रहेकामा २०७७ सालमा ५५८ जनाले सो अवधिभित्र जन्म दर्ता गरेका छन्। यसबाट बाहिर का स्वास्थ्य संथामा सुत्केरी गरे तापनि सम्बन्धित वाड कार्यालयमा गएर निर्धारित समयमा यस्ता काम गर्नु पर्ने चेतनाको विकास भएको छ।
- जनता र स्थानीय सरकारबिचको सामीप्यता बढेको छ।
- बर्थिंग सेन्टरमा खास गरी न्यून आय,कमजोर वर्ग, विपन्न परिवारका समुदाय आउने हुनाले स्रोतको वितरण र सुविधा पनि तल्लो तहका समुदायले प्राप्त गरेको अनुभूति भएको छ।

# कृषि, पर्यटन र जलविद्युतको एकीकृत विकास

## (पाल्पा जिल्लाको सत्यवती ताल क्षेत्रको अनुगमन प्रतिवेदन)



**सुमन पौडेल**
नि. प्रशासकीय प्रमुख
प्रदेश योजना आयोग



सत्यवती तालको दृश्य

### पृष्ठभूमि

नेपालमा धेरैजसो घरपरिवारको आर्थिक उपार्जनको प्रमुख स्रोत कृषि हो। देशको कुल ग्राहस्थ उत्पादनको करिब ४० प्रतिशत हिस्सा कृषि र कृषिजन्य उत्पादनमार्फत् प्राप्त हुन्छ। यसअर्थमा नेपालको प्रमुख पेसा र प्रमुख उद्यम नै कृषि हो साथै यो हाम्रो मुख्य जीवनशैली हो भन्न सकिन्छ।

नेपालले आर्थिक विकासको लागि प्रथमिकतामा राखेको एक महत्वपूर्ण क्षेत्र पर्यटन हो। अलिकति मात्र पनि लगनशीलताका साथ फरक ढङ्गले प्रचारप्रसार गर्न सकिएको खण्डमा नेपालमा पर्यटनमार्फत् आर्थिक उपार्जन गर्न सकिने प्रचुर सम्भावना रहेको पाइन्छ। मानिसको परिवर्तित जीवनशैली सँगसँगै घुमघामको प्रवृत्तिमा पनि परिवर्तन भएको छ। नयाँ नयाँ ठाउँमा पुग्ने र फरक फरक सँस्कृति , कला र हावापानीको अनुभव बटुल्ने सँस्कृति नेपालमा पनि बढेर गएको छ।

नेपालमा जलविद्युत विकासको इतिहास हेर्ने हो भने एक शताब्दी पुरा भइसकेको छ। जलस्रोतको धनी भईकन पनि अपेक्षित उर्जा उत्पादन गर्न नसकेको अवस्था एकातिर छ भने उत्पादित जलविद्युतको वितरण र खपतमा सन्तुलन हुन नसक्दा कतै विद्युत आपूर्तिको अभाव त कतै विद्युत खेर गइरहेको अवस्था छ। दीर्घकालमा विद्युत आपूर्ति र खपतबीच सन्तुलन कायम गर्न र यसको दिगो व्यवस्थापन गर्न वैकल्पिक योजनाहरुको विकास गर्न आवश्यक छ।

हाल नेपालमा दिउँसोको समयमा विद्युत खपत कम भई विद्युत क्ष्गचउगिक छ भने विद्युत अति खपत हुने समय एभबप ज्यगच मा विद्युत आपूर्ति कम छ। यस परिप्रेक्ष्यमा बहुउद्देश्यीय (कृषि, पर्यटन र जलविद्युत) जलाशययुक्त आयोजनाहरुको पहिचान तथा विकास गरी दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी परियोजनाहरुको विकास तथा निर्माण गर्नु आवश्यक छ। कृषि पर्यटन र जलस्रोतको एकीकृत विकासका योजनाहरु निर्माण एवं सम्भावना अध्ययनकालागि प्रदेश योजना आयोगले लुम्बिनी प्रदेशले आ.व.को स्वीकृत वार्षिक कार्यक्रममा यस अवधारणा समावेश गरेको छ।

### सत्यवती तालको संक्षिप्त परिचय

समुद्री सतहबाट करिब ११०० मि. उचाइमा रहेको सत्यवती ताल धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र हो। वन, वातावरण र जैविक विविधताको हिसावले विशेष क्षेत्र मानिन्छ। बुटवलबाट १६ किलोमिटर दूरीमा पर्ने यो क्षेत्रमा सधै चिसो शीतल र स्वस्थ वातावरणका लागि पर्यटकहरु जान रुचाउने गर्दछन् । सत्यवती ताल क्षेत्र सिमसार क्षेत्रमा रहेको दुर्लभ तालका रुपमा रहेको पाइन्छ। चुरे र सीमसार क्षेत्रमा कमै मात्रामा ताल भेटिन्छन्। ती मध्येकै एउटा महत्वपूर्ण तालको रुपमा यो सत्यवती क्षेत्र रहेको छ। तालको छेउमा बाजेबज्यैको मन्दिर छ। यस तालको संरक्षण तथा व्यवस्थापनको लागि प्रदेश सरकारले करिब २४ लाख रकम खर्च गरी ताल तथा मन्दिरको परिक्रमा गर्न मिल्ने गरी पर्यटकका लागि व्यवस्थित, चौडा बाटो पनि निर्माण गरेको छ।

रुपन्देहीको बुटबल उपमहानरपालिका क्षेत्रतर्फबाट आउने पर्यटकका लागि पाल्पा जिल्लाको भुम्सा नजिकै को पानीमिलबाट करिब ९ कि.मि कच्ची मोटरबाटो यात्रा गरिसकेपछि उक्त ताल क्षेत्रमा पुग्न सकिन्छ भने पाल्पाको तानसेन हुँदै आउने पर्यटकका लागि बुटवल-तानसेन सडक खण्डको चौबीस माइल भन्ने ठाउँबाट करिब दुई घण्टा पैदल उकालो यात्रापछि सत्यवती ताल पुगिन्छ। सत्यवती ताल करिब १५० मि. लम्बाइ र करिब ५० मिटर चौडाइ गरी करिब ७५०० वर्ग मिटर क्षेत्रफलमा अण्डाकार भएर फैलिएको छ।

### अवलोकनबाट प्राप्त विषयहरु

सत्यवती तालमा कृषि, पर्यटन र जलविद्युतको एकीकृत विकास गर्नका लागि आधार निर्माण गर्नु यस अवलोकन भ्रमणको प्रमुख उद्देश्य थियो। यस क्षेत्रमा निम्नानुसारका सम्भावनाहरुको विकास गर्न सकिने देखिन्छ तथापि यसको विस्तृत अध्ययनबाट मात्रै वास्तविक योजनाको पहिचान गर्न सहज हुनेछ :

- Pumped Storage Revolving Hydropower: बुटवल क्षेत्रमा बढ्दो सहरी विकाससँगै उर्जाको माग बढ्दो अनुपातमा वृद्धि भइरहेको छ। विशेषगरी, दीर्घकालसम्म साँझ बिहानको बिजुलीको माग पुरा गर्नका लागि Storage Project को निर्माण हुन अनिवार्य छ। यसका लागि तिनाउको पानीलाई Store गरेर दिउँसोमा हुने Surplus Electricity को उपयोग गरी लिफ्टिङ्ग प्रणालीबाट सत्यवती तालमा जम्मा गर्ने, सत्यवती तालको क्षेत्र विस्तार गर्ने र Peak Hour मा सोही पानी प्रयोग गरेर विद्युत उत्पादन गरी अतिरिक्त विद्युत मागलाई पुरा गर्न सकिने देखिन्छ।

- पर्यटकीय सम्भावनाको विस्तारः यसरी तिनाउ नदीको झुम्सा क्षेत्रमा पर्यटकीय क्षेत्र विस्तार हुँदा तिनाउ तथा सत्यवती ताल क्षेत्रमा बहुआयामिक पर्यटन सम्भावनाको विकास गर्न सकिन्छ। सत्यवती आफैमा ऐतिहासिक एवम् धार्मिक पर्यटकीय क्षेत्र हो। यसका कारणले थप आकर्षण बढ्ने देखिन्छ।
- सत्यवती ताल वरिपरिका ग्रामीण क्षेत्रमा तरकारी र फलफूल खेतीका लागि थोपा सिञ्चाइ उपलब्ध हुने, पर्यटकहरुका लागि होमस्टे सञ्चालन गरेर आयआर्जन तथा रोजगारीकामा वृद्धि गर्न सकिने देखिन्छ।

**विकास गर्न सकिने अवधारणा/सुझावहरु**

सम्भाव्यता अध्ययन पूर्व गरिएको अवलोकन भ्रमणबाट प्राप्त तथ्यहरुका आधारमा सत्यवती तालमा कृषि, पर्यटन र जलविद्युतको एकीकृत विकास गर्ने कार्यलाई अझ बढी प्रतिफलयुक्त बनाउन अवलोकन टोलीको तर्फबाट केही सुझावहरु यहाँ प्रस्तुत गरिएको छः

१. यसै वर्षमा उक्त क्षेत्रको विस्तृत अध्ययन गरी DPR बनाउने र आ.व. २०७९/०८० बजेटबाट प्रदेश गौरवको आयोजनाको रुपमा अगाडि बढाउने।

२. उक्त ताल रहेको स्थानमा सहज रुपमा पुग्नको लागि हाल रहेको पहुँच मार्ग (झुम्सा-सत्यवती मार्ग ९ कि.मि.) लाई कालोपत्रे गर्ने।

३. उक्त क्षेत्रमा करिब १०० भन्दा बढी घर परिवारको बसोबास रहेको पाइयो तर यस क्षेत्रमा खानेपानीको अभाव रहेको पाइएकोले तालमा सिञ्चित गरिएको पानी प्रशोधन गरी स्थानीय बासिन्दाको खानेपानीसम्बन्धी समस्यासमेत समाधान हुने र ताल क्षेत्र वरपर सरल सिञ्चाईंका माध्यमबाट बेमौसमी, जैविक तरकारी खेती तथा व्यवसायिक फलफूल खेती गरेर कृषि उत्पादन तथा उत्पादकत्व बढाउने कार्यक्रम सञ्चालन गर्ने।

**अध्ययन कार्यदल**

| | | | |
|---|---|---|---|
| १. | डा. दामोदर भुसाल | सदस्य | प्रदेश योजना आयोग |
| २. | श्री दिपक धिमिरे | सचिव | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ३. | श्री महेश पोखरेल | महाशाखा प्रमुख | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ४. | श्री सुमन पौडेल | नि. प्रशासकीय प्रमुख | प्रदेश योजना आयोग |

**सत्यवती ताल क्षेत्र र भ्रमण दलका सहभागीहरु**





# खानेपानीको धारा वितरण संगै महिलाहरुको स्वास्थ्यमा सुधार

## बङ्गलाचुली गाउँपालिका वडा न ३ र ४

अन्य आवश्यकताको साथसाथै यस गाउँपलिकामा खानेपानीको आवश्यता प्रमुख समस्याको रूपमा रहेको पाइन्छ। खानेपानीको लागि कुवा प्राकृतिक मूल, खोला, खोल्साहरूको भर पर्नुपर्दछ र घण्टौं लाइन लागेर डोको र नाम्लोको भरमा घण्टौं हिडेर गाग्रोमा पानी बोक्नु पर्ने बाध्यता रहेको थियो।

लुम्बिनी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको आयोजनामा बङ्गलाचुली गाउँपालिका वडा नं. ३ र ४ कमिरेचौर, जुम्लेपानी काभ्रे सिरुवारीका विभिन्न टोलका बस्तीहरूलाई खानेपानी आयोजना वितरणको कार्य सम्पन्न गर्न सफल भएको छ।

ठूलो खोला कमिरेचौर खानेपानी आयोजनाको लागि लुम्बिनी प्रदेश सरकारले रकम बिनियोजन गरेसँगै गाउँपालिकाले टेण्डर प्रक्रिया अनुसार मिति २०७६/०२/०६ गते लोपपूर्ण तिरुपाते जेभि निर्माण कम्पनीसँग सम्झौता गरी काम थालनी गरेको थियो । उक्त आयोजनाको कुल लागत स्टिमेट रु. २,४३,५२,८४३।- रहेकोमा निर्माण कम्पनिसँग घटिघटाउ टेण्डरमा रु.२,३३,४९,६९६।- मा सम्झौता भएको थियो। यस आयोजनाको मुहान बस्तीदेखि तल भएको हुँदा लिफ्ट गरी पानी तानिएको छ।

लिफ्टको लागि एउटा स्टेसनको लम्बाइ मुहानदेखि बीचमा ५५३ मिटर रहेको छ भने ठाडो उचाइ १४३ मिटर रहेको छ। बीचको स्टेसनबाट सबैभन्दा माथिको टङ्कीको लम्बाइ ४१२ मिटर रहेको छ भने ठाडो उचाइ जम्मा ११२ मिटर रहेको छ।

उक्त आयोजनामा निजी धारा जडान २१८ घरमा रहेको छ भने सस्थागत धारा जडान ५ वटा छ।

ठूलो खोला कमिरेचौर खानेपानी आयोजना मिति २०७७।०३।२५ मा निर्माण कम्पनीसँग सम्झौता भयो। सोहीअनुसार आयोजना सम्पन्न भएको थियो। यो आयोजना सम्पन्न भएपश्चात यस क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरूलाई बर्षौंदेखिको खानेपानीको समस्याको समाधान भएको छ। घरदेखि टाढा उकालो ओरालोमा पानी बोक्दा महिलाहरूमा विभिन्न शारीरिक समस्या देखिएको थियो। महिलाको स्वास्थ्य तथा अन्य जीवनस्तरमा पनि सुधार आएको छ। पानी लिने समयको बचत भएको छ। उक्त समयमा अन्य आयआर्जनसम्बन्धी कामहरू गर्दा आर्थिक अवस्थामा पनि सुधार देखिएको छ। बच्चा बच्चीहरूलाई पनि घरमा पढाउने समय भएको छ। जसका कारण बच्चाबच्चिहरूको पढाइमा पनि सुधार आएको छ। दूषित पानीको कारणबाट लाग्ने रोगहरूमा कमी आएको छ।

काभ्रे गा.वि.स.का तत्कालीन अध्यक्ष तिलकराम घिमिरे ले घरघरमा पानी वितरण हुँदा अत्यन्तै खुसी लागेको बताउनु भयो र मेरो सपना पनि पूरा भएको बताउदैं खुसी व्यक्त गर्नु भयो। त्यस्तै यो क्षेत्रकी महिला शिवा वलीको घरको आगनमा पानीको धाराबाट पानी आउँदा उहाँ खुसी हुँदै भन्नुहुन्छ, "अब हाम्रा पनि सुखका दिन आए। विगतमा पानी भर्न बिहान ४ बजे उठेर जानुपरेको थियो त्यही पनि कहिले त कुवाको पानी सिद्धिएर रित्तै आउनु पर्थ्यो। बर्सादको समयमा भल आई पानी खानै नहुने हुन्थ्यो अहिले त सफा पानी खान पाइयो।" भन्नुहुन्थ्यो।

यसरी यस क्षेत्रमा खानेपानी आयोजना सम्पन्न हुनु ठुलो उपलब्धि हासिल भएको सम्पूर्ण जनतादेखि नेताहरूको भनाइ छ।

# लुम्बिनी प्रादेशिक अस्पतालबाट

## यस आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका नवीनतम कार्यहरु

**डा. इन्द्र ढकाल**
मे.सु., लुम्बिनी प्रादेशिक अस्पताल




१. विस्तारित अस्पताल सेवा सञ्चालनः- यो सेवा सुचारु भए पश्चात लामो समयदेखि चिकित्सकीय परामर्श र शल्यक्रियाको लागि कुर्नु पर्ने समस्यालाई क्रमिक पले सहज बन्दै गएको छ। दैनिक १२ देखि १५ जना व्यक्तिले अपरेशन सेवा लिइराख्नु भएको छ।

२. पेइंग वार्डः- गुणस्तरीय सेवाकका मागलाई मध्यनजर गर्दै १० बेडको पेइंग वार्ड सुरु गरिएकामा हाल बिरामीको माग उच्च रहेकाले पुन बिस्तार गर्नुपर्ने अवस्था भएका कारणले थप १२ बेड विस्तार हुँदैछ।

३. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग MD/MS अध्ययन अध्यापनको निम्ति सम्झौता गरिएको र आगामी सत्रबाट विद्यार्थी भर्नाको निम्ति गृहकार्य भइरहेको छ।

४. बढ्दो मुटु रोगको बिरामीलाई मध्यनजर गर्दै सुविधा सम्पन्न मुटु रोग विभाग स्थापना गर्ने हेतुले प्रक्रिया अगाडी बढाएर् ऋबतज ीबद टेन्डर गरिएको छ।

५. यस भेगमा सरकारी अस्पतालहरुमा MRI को सेवा केही पनि उपलब्ध नरहेकले बिरामी साधारण MRI को निम्ति काठमाडौं जानुपर्ने बाध्यता अन्त्यको लागि MRI को टेन्डर गरिएको छ।

६. ट्रमा रुमः- सबै प्रकारकव दुर्घटनाका बिरामीहरुलाई समयमै गुणस्तरीय उपचार उपलब्ध गराउने लक्ष्यका साथ ट्रमा रुम अर्थात् घातक उपचार कक्ष स्थापना गरिएको छ।

७. न्युरो सर्जरी विभागलाई व्यवस्थित गर्दै चार सैयाको न्युरो HDU सेवा विस्तार गरिएको छ।

८. बिरामीको आपतकालीन उपचारमा सहज उपलब्धता र गुणस्तरीय सेवा प्राप्त गर्न सकुन भन्ने उद्देश्यका साथ MDGP विशेषज्ञ डाक्टरलाई परि चालन गरी २२ बेडमा सीमित रहेको इमरजेन्सी वार्डमा १३ बेड थप गरी ३५ बेडमा बिस्तार गरिएको छ।

९. आन्तरिक व्यवस्थापनलाई सुधार गर्दै क्यासलेस डिस्चार्ज काउन्टर (Cashless Discharge Counter), पेपरलेस डिस्चार्ज सिस्टम तथा इमरजेन्सी काउन्टर (Paperless Discharge System / Emergency Counter) को विस्तार गरिएको छ।

१०. कोभिड महामारीको सरल र सहज व्यवस्थापन गर्ने हेतुले कोभिड सम्बन्धी उपचार सम्पूर्ण रुपमा एउटै छानामुनि हुने व्यवस्थ गरी कोभिड इमरजेन्सी से वा विस्तार गरिएको छ।

११. बिरामीको सहज उपचार, अस्पतालको सरसफाइ सङ्क्रमण घटाउने उद्देश्यका साथ बिरामीका आगन्तुक समय निर्धारणको साथै भिजिटिङ्ग कार्ड (Visiting Hours / Visiting Card) सुरुवात गरिएको छ।

१२. पाँच बेडमा सञ्चालनमा रहेको डायलाइसिस सेवालाई १२ वेड थप गरी १७ बेडमा सेवा विस्तार गरिएको छ। HIV, Hepatitis सम्बन्धी बिरामीको डायलाइसिसका लागि काठमाडौ धाउनुपर्ने बाध्यलाई अन्त्य गर्न २ वेड Sero–Positive डायलाइसिस सेवा स्थापना गरिएको छ।

१३. कोभिड महामारीमा अक्सिजन व्यवस्थापन सहज गराउनका लागि अक्सिजन प्लान्ट स्थापना गरी पाइपलाइन बिस्तार गर्ने काम सकिएको छ।

१४. दाँत तथा मुख स्वास्थ्यको अति आवश्यक जाँच सिबिसिटी (CBCT) सञ्चालन गरिएको छ। जुन सेवा प्रदान गर्ने हामी लुम्बिनी प्रादेशिक अस्पताल काठमाडौँ उपत्यका बाहिर पहिलो सरकारी अस्पताल हो।

१५. न्युरोलोजी विभाग अन्तर्गतको अति महत्वपूर्ण इइजी (EEG) सेवा विस्तार गरिएको छ।

१६. बिरामीको सुविधा मध्यनजर गर्दै स्त्री रोगको ओपिडी र इसिजी सेवा व्यवस्थित र सहज ठाउँमा व्यवस्थापन गरिएको छ।

१७. हप्तामा दुई पटक इन्डोसकपी (Endoscopy) हुने सेवा हप्ताको चार पटक हुने व्यवस्था गरिएको छ।

१८. एक दिन बिराएर उपलब्ध भइरहेको गर्भवती जाँच र स्त्री रोग जाँचलाई नियमित हरेक दिन हुने व्यवस्था गरिएको छ।

१९. कर्मचारीलाई प्रोत्साहन विगत लामो समयदेखि रोकिएको विकास समितिको भत्ता र आमा सुरक्षा कार्यक्रम भत्ता वितरण गरी कर्मचारीमा थप उर्जा र लगनशीलताको साथ काम गर्ने वातावरण सिर्जना भएको छ।

२०. यी लगायत प्रशासनिक सुधारसहित अस्पताल सरसफाइ व्यवस्थापनदेखि लिएर सेवाग्राहीहरुको सहजताका लागि स-सानो सुधार हामीले गरेका छौं। फलस्वरुप सेवा प्रवाहसमेत प्रभावकारी हुनुको साथै जनताको सरकारी सेवाप्रति विश्वाससमेत बढ्दै गएको छ।

# मानव जीवनमा पोषणको महत्व



**भूमिश्वर शर्मा**
प्रदेश योजना आयोग, लुम्बिनी
प्रदेश समन्वयकर्ता
बहुक्षेत्रीयपोषण कार्यक्रम

**पृष्ठभूमि**

पोषण भन्नाले पोषक तत्त्वहरू र शरीरबिचको अन्तर्सम्बन्धको अध्ययन गर्ने विज्ञानलाई बुझिन्छ । सामान्यतया, खाना खाने, चपाउने, पचाउने, शोसिने तथा शरीरका विभिन्न भागमा गएर भण्डारण हुने प्रक्रिया नै पोषण हो । पोषक तत्त्वहरूको पूर्ति गर्न खाइने आहारा र त्यसमा भएका पौष्टिक तत्त्व शरीरमा शोसिने प्रक्रियामा आउने असन्तुलन (कम वा बढी हुनु) नै कुपोषण हो । साधारण रूपमा कुपोषण र न्यून पोषणलाई एउटै अर्थ बुझाउने शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ तर कुपोषणले न्यून पोषणका अवस्थाहरूका साथै अधिक तौल तथा मोटोपनको अवस्थालाई पनि बुझाउँछ । न्यून पोषण भन्नाले पुड्कोपना, कम तौल, ख्याउटेपना तथा सूक्ष्म पोषकतत्त्वको कमीले हुने अवस्थाहरूलाई बुझाउँछ । कुपोषण हुनुमा स्वास्थ्य, स्याहार-सुसार, खाद्य सुरक्षा, शिक्षा, खानेपानी तथा सरसफाइ, खाद्यान्न स्रोतको पहुँच बढी हुनु वा नहुनु र यसको प्राप्तिका क्षेत्रमा देखिने सशक्तीकरण जस्ता कारणहरू जिम्मेवार रहेका हुन्छन् । त्यसैले कुन खाद्यवस्तु उत्पादन वा खरिद गर्ने ? के कस्तो खानेकुरा खाने ? पोषणको दृष्टिकोणले जोखिममा हुने वर्गको स्याहार-सुसार के कसरी गर्ने भन्ने कुराहरूले पोषणको अवस्थामा प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ। जीवनको पहिलो १००० दिन (गर्भावस्थाको पहिलो दिनदेखि बच्चा जन्मिएको दुई वर्षसम्म) पोषणको अवस्था सुधार गर्ने सुनौलो मौका हो । यो अवधिमा बच्चाको शारीरिक, बौद्धिक तथा संवेगात्मक विकासको सुरुवात द्रुतगतिले हुन्छ। यो अवधिमा हुन नसकेको बृद्धि विकास बाँकी अवधिमा हुन सक्दैन । त्यसैले पोषणसँग सम्बन्धित क्रियाकलापहरू उक्त हजार (१०००) दिनका उमेर समूहका बालबालिका तथा महिलाहरूलाई लक्षित गरेर कार्यान्वयन गर्नुपर्ने हुन्छ।

**बहुक्षेत्रीय पोषण योजनाको सन्दर्भ**

कुपोषणको विद्यमान अवस्थामा सुधार ल्याउन नेपालमा विगत लामो समयदेखि विभिन्न प्रयासहरू हुँदै आएका छन् । विभिन्न निकायहरूले संयुक्त रूपमा पहल गरे मात्र पोषणको अवस्थामा उल्लेख्य प्रगति हासिल गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात् गर्दै बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरिएको हो । पहिलो योजना वि.सं. २०६९ देखि २०७४ सम्म कार्यान्वयन सम्पन्न भएर अहिले दोस्रो वि.सं. २०७५-२०८० सम्मको योजना कार्यान्वयनमा आएको छ । यस योजनाको निर्माणमा राष्ट्रिय योजना आयोगले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ भने संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य, कृषि विकास, पशुपक्षी, शिक्षा, महिला, बालबालिका तथा समाज कल्याण र खानेपानी तथा सरसफाइ मन्त्रालयहरूले आ-आफ्ना क्षेत्रमा पोषणका कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएको छ । यस योजनाअन्तर्गतका कार्यक्रमहरू कार्यान्वयन गर्दा विषेशतः संघीय मामिला तथा सामान्यप्रशासन मन्त्रालयले व्यवस्थापकीय कार्यहरू, स्वास्थ्य मन्त्रालयले पोषण लक्षित कार्यक्रमहरू अनि बाँकी मन्त्रालयहरूले पोषण संवेदनशील थप कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाई दिएको छ।

यस योजनाले मानवपुँजीको विकास, समग्र सामाजिक एवं आर्थिक विकासमा कुपोषण अवरोधकका रूपमा नरहने अवस्थाको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ भने यसका उपलब्धिहरूमा पोषण विशेष सेवाहरूमा समान पहुँचको निर्माण र त्यसको उपभोगमा सुधार ल्याउने, पोषण संवेदनशील सेवाहरूको पहुँच र उपभोगमा वृद्धि तथा स्वस्थ्य किसिमका बानीव्यवहारमा सुधार ल्याउने, पोषणको अवस्थामा सुधार ल्याउन समर्थ बनाउने र वातावरणका लागि संघ, प्रदेश तथा स्थानीयतहहरूको नीति, योजना र बहुक्षेत्रीय समन्वयमा सुधार ल्याउने कार्ययोजनाहरू रहेका छन् ।

**पोषणमा लगानीको महत्त्व**

पोषणका लागि बालबालिकामा गरिने लगानीले मानव जीवन र समग्र अर्थतन्त्रमा उल्लेख्य प्रतिफल प्राप्त हुन्छ। विश्व पोषण प्रतिवेदन २०१६ अनुसार कुपोषणको कारणबाट कुल ग्राहस्थ उत्पादनमा ११ प्रतिशतसम्म ह्रास आउँछ । कुपोषणले भविष्यमा हुनसक्ने दीर्घरोगहरू जस्तैः मधुमेह, मोटोपना, मुटुरोग, उच्च रक्तचाप, क्यान्सर तथा छिटो बुढ्यौलीपन हुने सम्भावनालाई बढाउँछ । बालबालिकामा गरिएको लगानीले भविष्यमा १६ गुणासम्मको प्रतिफल प्राप्त हुने अध्ययनले देखाएको छ । नेपाल जनसाङ्ख्यिक सर्वेक्षण, २०१६ अनुसार नेपालमा ५ वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपन ३६ प्रतिशत, २७ प्रतिशत बालबालिकामा कमतौल, १० प्रतिशत बालबालिकामा ख्याउटेपन विद्यमान छ भने लुम्बिनी प्रदेशमा पुड्कोपन ३९ प्रतिशत, ८ प्रतिशतमा ख्याउटेपन, २७ प्रतिशतमा कमतौल र ५३ प्रतिशतमा रक्तअल्पता रहेको छ।

पोषणको अवस्थामा सुधार नभएसम्म मानवपुँजीको निर्माण नहुने र मानवपुँजीबिना देशलाई विकसित अवस्थामा पुऱ्याउन सम्भव छैन । आजका विकसित मूलुकहरू पहिला नै पैसा भएर धनी भएका पटक्कै होइनन् तर मानवपुँजीका कारण धनी भएका अवश्य हुन् किनभने मानवपुँजीले जहिले पनि प्राकृतिक श्रोत साधनको उपलब्धतालाई सदुपयोग गर्दै प्रविधिको आविष्कार गर्दछ । प्रविधिले रोजगारी सिर्जनासँगै उत्पादन बढाई वित्तीय अवस्थालाई बलियो बनाउँछ र जनजीवनलाई सहजता प्रदान गर्ने पूर्वाधारहरू निर्माण गर्दछ । साधारण अर्थमा समाजमा मानव विकास भनेको यही हो ।

**निष्कर्ष**

विश्व स्वास्थ्य सङ्गठनको न्यूनतम प्रवेशमार्गका (Thresholds) सीमाहरूको आधारमा (Stunting) पुड्कोपना, (Wasting) ख्याउटेपना, (Underweight) कमतौल हुने समस्या र (Anemia) रक्तअल्पताको क्षेत्रमा नेपाल न्यूनतम स्विकार्य स्तरभन्दा पनि तल रहेको छ। यस अवस्थाबाट देशलाई माथि उठाउन एकीकृत रूपमा बहुक्षेत्रगत प्रयासहरू जरुरी छन्। विद्यमान अवस्थाको बारेमा अध्ययन गर्दा सन २०३० सम्ममा दिगो विकास लक्ष्यहरूको प्राप्तिको सीमालाई आधार मान्ने हो भने अहिले भैरहेका क्षेत्रगत प्रयासहरू पनि पर्याप्त देखिँदैनन् । संघीय व्यवस्थामा प्रदेश र स्थानीयस्तरको विकासको लागि प्रदेश र स्थानीय सरकारहरू नै जिम्मेवार हुने हुनाले प्रदेश र स्थानीय सरकारहरूले भौतिकपूर्वाधार सँगसँगै पोषणका क्षेत्रमा पनि पर्याप्त रकम विनियोजन गरी बहुक्षेत्रगत एकीकृत कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य छ।

लुम्बिनी प्रदेशका सबै स्थानीय तहहरूमा संघीय सरकारले युरोपियन युनियनको आर्थिक सहायतामार्फत् यस योजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दै आइरहेको छ। ससर्त अनुदानमार्फत् स्थानीयतहहरूले आफ्ना प्राथमिकताका कार्यक्रमहरू थप गरी बजेटसमेत विनियोजन गर्दै कार्यान्वयनमा लान स्वतन्त्र छन्। अदृष्य नतिजाका कारण पोषण योजनाको अनुमानअनुसार पोषणमा बजेट विनियोजन र कार्यान्वयनमा सक्रियता देखिँदैन । अब स्थानीय र प्रदेशसरकारले पोषणलाई विकासको एजेण्डा बनाउन पहल नगर्ने हो भने सामाजिक विकास क्षेत्रका दर्जनौं दिगो विकासका लक्ष्यहरू सन २०३० मा हासिल गर्न सकिने अवस्था छैन।

# आर्थिक नीति विश्लेषण योजना तथा बजेट तर्जुमा र अन्तर-सरकारी सूचना आदान-प्रदान विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न




उद्घाटन सत्र कार्यक्रमको समापनमा मन्तव्य राख्नु हुँदै अर्थ मन्त्रालयका सचिव (राजश्व)

**पृष्ठभमि**

प्रदेशमा नीति निर्माणमा मुख्य भूमिका खेल्ने प्रदेश योजना आयोग र आर्थिक मामिला मन्त्रालय तथा सङ्घीय अर्थमन्त्रालयको सहकार्यमा प्रदेशमा सक्रिय अन्य सरोकारवालाहरुको सहभागितामा तथ्यमा आधारित योजना निर्माण र कार्यान्वयनयोग्य बजेट तर्जुमासम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम लुम्बिनी प्रदेशको मुकाम बुटवलमा २०७८ कार्तिक १५ र १६ मा सम्पन्न भएको छ कार्यक्रममा प्रदेश योजना आयोग र आर्थिक मामिला मन्त्रालय कासाथै प्रदेश योजना तथा बजेट निर्माणमा संलग्न रहने अन्य मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरुको सहभागिता थियो। कार्यक्रमले मूलतः तथ्यमा आधारित योजना निर्माण र बजेट तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुने जनशक्तिहरुको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि, सङ्गठनात्मक लक्ष्य हासिल गर्न सहयोग पुग्ने र प्रदेशमा समेत तथ्यमा आधारित नीति निर्माणको आधारशिला तयार गर्न उपयोगी हुने विश्वस लिइएको थियो।

**कार्यक्रममा**

अन्तर प्रदेश तथ्याङ्क तथा सूचनाहरुको विश्लेषणका आधारमा आर्थिक नीतिहरुको तर्जुमा गरी नेपालको संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख अर्थव्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन तथा प्रदेशहरुको योजना निर्माण, बार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्याहरु तथा चुनौतीहरुको पहिचान गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा कार्यमा सहयोग पुराउने उद्देश्यले यो अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। लुम्बिनी प्रदेशबाट शुभारम्भ गरिएको यो कार्यक्रमको उद्घाटन सत्रमा आर्थिक मामिला तथा सहकारी मन्त्रीज्यूले प्रमुख आथित्यता ग्रहण गर्नु भएको थियो।अर्थमन्त्रालयका राजश्व सचिव श्री कृष्णहरी पुष्कर कर्णले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु भएको उक्त कार्यक्रममा प्रदेश योजना आयोगका उपाध्यक्ष वामदेव क्षेत्री, लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री डिल्लीराम शर्माले कार्यक्रमको सफलताको कामनासहित विशेष मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको उद्देश्यहरु माथि प्रकाश पार्दै अर्थ मन्त्रालयका सह-सचिव एवम् आर्थिक नीति विश्लेषण महाशाखाका प्रमुख श्री महेश आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो। आर्थिक मामिला तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री कृष्णध्वज खड्काले उक्त कार्यक्रममा विशेष मन्तव्य राख्नु भएको थियो। उद्घाटन सत्रसहित दुई सत्रमा विभक्त उक्त कार्यक्रममा लुम्विनी प्रदेशका १३ वटा मन्त्रालयका अधिकृत र उपसचिव तहका कर्मचारीहरुको प्राविधिक सत्रमा सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा लुम्बिनी प्रदेश योजना आयोगका सदस्य डा. श्री दामोदर भुसाल, आर्थिक मामिला तथा सहकारी मन्त्रालयका सचिव श्री खोमराज कोइराला, अर्थ मन्त्रालयका सह-सचिव तथा बजेट तथा कार्यक्रम महाशाखा प्रमुख श्री भुपाल बराल, अर्थमन्त्रालयका उप-सचिव श्री निर्मल ढकाल तथा अर्थमन्त्रालयका तथ्याङ्कशास्त्री डा. श्री कमल पौडेलले सम्बन्धित विषयवस्तुमा प्रस्तुतीकरण दिनु भएको थियो।

**कमल पौडेलको रिपोर्टिंडमा आधारित**

# कृषि क्षेत्रको व्यवसायीकरणमा

## कृषि तथा पशुपन्छी बिमाको भूमिका



पुनम ज्ञवाली श्रेष्ठ
उप निर्देशक,
बिमा समिति

नेपाल कृषि प्रधान देशको रूपमा विश्वभर चिनिन्छ, करिब ६५ प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छन् । राष्ट्रिय अर्थतन्त्रमा कृषिक्षेत्रले लग्भग ३० प्रतिशतको योगदान दिएको देखिन्छ तथापि नेपाल कृषिमा आत्मनिर्भर छैन । कृषि प्रणालीमा जबसम्म आधुनिकता अपनाउन सकिन्न तबसम्म कृषि क्षेत्र व्यवसायिक हुन सक्दैन। कृषि क्षेत्रलाई विकास गर्न, कृषिमा व्यवसायीकरण बढाउन, कृषि क्षेत्रको माध्यमद्वारा देशमा रोजगारी सिर्जना गर्नका लागि सरकारद्वारा कृषिमा आधुनिकीकरण, सहुलियत, ऋण, अनुदान, बिमा जस्ता विभिन्न कार्यक्रम तथा रणनीतिहरू निर्माण भएका छन्।

कृषि क्षेत्रको विकासका लागि सरकारद्वारा गरिने विभिन्न कार्यक्रम अन्तर्गत कृषि तथा पशुपक्षी बिमा पनि एउटा महत्त्वपूर्ण कार्य रहेको छ। कृषकहरूको क्षमताबाहिरको परिस्थितिबाट हुन सक्ने क्षतिको आर्थिक सुरक्षा गरी कृषकहरूलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्नु, कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानीलाई आकर्षित गर्नु, कृषि क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्नु तथा कृषि उत्पादनलाई वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यसहित कृषि तथा पशुपक्षी विकास मन्त्रालयको सहकार्यमा बिमा समितिद्वारा २०६९ साल माघ ०१ गते देखि "बाली तथा पशुधन बिमा निर्देशिका" जारी गरेकोछ। यसै समयदेखि नेपालमा कृषि तथा पशुपक्षी बिमाको ककपचारिक सुरूवात भएको हो।

कृषिलाई व्यवसायीकरण गर्दा कृषकहरूद्वारा गरिने विभिन्न किसिमका बाली खेती, मौरीपालन, च्याउखेती, पशुपालन, माछापालन लगायतका विभिन्न बालीहरूमा प्राकृतिक प्रकोप, बाढी, पहिरो, भूस्खलन, खडेरी, अधिक वर्षा लगायत मौसमजन्य कारण तथा किरा, रोग आदि कारणबाट जोखिम हुन्छ। तसर्थ किसानले गरेको खेतीपाती, पशुपक्षी पालन लगायत अन्य बालीमा बेमौसमी बर्षा तथा बाढीको कारणबाट हुने क्षति, सलह किरा तथा पहिरो, भूकम्प, अधिक वर्षा, खडेरी, किरा लगायत अनेकौं अनिश्चित जोखिमबाट हुन सक्ने क्षतिलाई बिमाले आर्थिक सुरक्षा प्रदान गर्दछ। त्यसैगरी किसानहरूद्वारा विभिन्न बाली तथा पशुपक्षी पालन गर्दा निर्माण गरिने खोर, टनेल, खम्बा जस्ता भौतिक संरचनाको बिमा सम्पत्ति बिमा निर्देशिका, २०७५ अनुसार गरिने व्यवस्था रहेको छ भने यसमा कुनैपनि अनुदानको व्यवस्था रहेको छैन। कृषि तथा पशुपक्षी बिमाले प्रत्येक कृषकको दुई लाख रूपैयाँ बिमाङ्क रकम बराबरको दुर्घटना बिमाको व्यवस्था गरेको छ, यदि बिमालेख धारक कृषकको मृत्यु भएमा बिमा कम्पनीले दुर्घटना बिमा बापत दुई लाख रूपैयाँ भुक्तानी गर्दछ।

बिमा समितिबाट कृषि तथा पशुपक्षी बिमा निर्देशिकाको सुरूवात भए पश्चात नेपाल सरकारद्वारा कृषिमा आत्मनिर्भर हुन र स्वरोजगारी सिर्जना गर्ने उद्देश्यअनुरूप आ.व. ०७०।०७१ को बजेट वक्तव्यबाट कृषि तथा पशुपक्षी बिमाको बिमाशुल्कमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको थियो। सरकारद्वारा कृषिबिमाको प्रिमियममा अनुदानको व्यवस्था हुँदाहुँदै पनि कृषि बिमामा किसानहरूको आकर्षण कम रहेको पाइएकाले कृषि तथा पशुपक्षी बिमालाई अझ बढी प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि २०७१ साल साउन ०१ गतेबाट उक्त ५० प्रतिशतको अनुदानलाई ७५ प्रतिशतमा वृद्धि गरिएको थियो भने कृषि तथा पशुपक्षी बिमामा लाग्ने मूल्य अभिवृद्धि करलाई समेत छुट प्रदान गरिएको थियो। आ.व. ०७८।०७९ को बजेटबाट कृषि तथा पशुपक्षी बिमामा प्रदान गरिँदै आएको ७५ प्रतिशत अनुदान रकमलाई ५० प्रतिशतमा झारिएको थियो। आ.व. ०७८।०७९ को प्रतिस्थापन बजेटमार्फत् मिति २०७८।०६।०७ गते देखि कृषि तथा पशुपक्षी बिमाको प्रिमियममा हाल ८० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ। तसर्थ, कृषकहरूले आफूले पालन गर्ने पशुपक्षी, बाली, फलफूल, तरकारी लगायतको बिमा गर्दा कुल बिमाशुल्कको २० प्रतिशत मात्र आफूले तिर्नुपर्दछ र बाँकी ८० प्रतिशत नेपाल सरकारद्वारा बिमा कम्पनीलाई भुक्तानी गरिने व्यवस्था रहेको छ। यति मात्र नभई संघीय सरकारले प्रदान गरेकोबाहेक कतिपय प्रदेश तथा स्थानीय तहहरूले बाँकी २० प्रतिशतमा १० प्रतिशत पुरै २० प्रतिशत रकमसमेत अनुदान दिने गरेको पाइन्छ।

हाल नेपालमा सञ्चालनमा रहेका २० वटा निर्जीवन बिमा व्यवसाय गर्ने बीमा कम्पनीहरूबाट कृषि तथा पशुपक्षी बिमा गरिँदै आएको छ। कृषि तथा पशुपक्षी बिमालाई सबै जिल्लामा पहुँच पुर्याउन तथा प्रभावकारी रूपमा लागू गर्ने उद्देश्यस्वरूप बिमा समितिद्वारा ७७ वटै जिल्लामा बिमा कम्पनीलाई कार्यक्षेत्रको रूपमा तोकिएको छ। बिमा कम्पनीलाई तोकिएको जिल्लामा अनिवार्य रूपमा कृषि तथा पशुपक्षी बिमा गर्नैपर्ने व्यवस्था छ भने नतोकिएको जिल्लाको हकमा कम्पनीलाई अनिवार्य नगरिएको अवस्था छ। कृषि तथा पशुपक्षी बिमालाई व्यवस्थित तथा प्रभावकारी रूपमा कार्यान्वयन गरी बीमा कम्पनीहरूलाई कृषि तथा पशुपक्षी बिमाप्रति उत्तरदायी बनाउने उद्देश्य अनुरूप समितिबाट **बाली तथा पशुधन बिमा निर्देशन**, २०६९ लाई समयसापेक्ष परिमार्जन गरी मिति ०७७।०८।१५ देखि लागु हुने गरी **कृषि तथा पशुपक्षी बिमा निर्देशिका**, २०७७ जारी गरिएको छ।

### कृषि तथा पशुपक्षी बिमा प्रक्रिया

कृषि तथा पशुपक्षी बिमा गर्न चाहने व्यक्ति वा संस्थाले कृषि तथा पशुपक्षी बिमा अभिकर्तामार्फत् वा सोझै बिमा कम्पनीमा गई बिमा गराउनका लागि अनुरोध गर्न सक्दछ। कृषि तथा पशुपक्षी बिमा प्रक्रियाका लागि सामान्यतः निम्न कागजपत्रहरु आवश्यक पर्दछः

(क) पूर्णरुपले भरिएको प्रस्ताव फाराम
(ख) प्राविधिकको जाँच सिफारिसपत्र (बीमा गरिने बस्तु बिमा योग्य छ वा छैन)
(ग) बिमालेखमा उल्लेख भए अनुसार सम्बन्धित निकायको सिफारिसपत्र
(घ) कम्तीमा पाँचवटा स्थिर फोटो तथा कम्तीमा तीन मिनेटको भिडियो (प्राविधिक आफैले खिचेको हुनुपर्ने)

### कृषि तथा पशुपक्षी बिमामा क्षतिपूर्ति नपाईने अवस्थाहरु

(क) कानुनी निकायको आदेशमा नष्ट गर्नुपर्ने भएमा
(ख) बिमा गरिएको वस्तु हराएमा वा चोरी भएमा

(ग) बिमा गरिने बस्तुको बारेमा झुठ्ठा विवरण दिएमा

(घ) बिमालेखमा उल्लेख गरिएको क्षमता भन्दा बढी पालन गरेमा

(ङ) बर्डफ्लुको कारणबाट मरेमा (पन्छी बीमाको हकमा)

(च) अन्य प्रयोजनमा प्रयोग गरेमा (पशु बिमाको हकमा)

(छ) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बिमित वस्तु वा सम्पत्तिको क्षति भएमा।

**क्षतिको सूचना दिनु पर्ने**

कृषि तथा पशुपक्षी बिमाअन्तर्गत बिमा गरिएको सम्पत्तिको क्षति भएको अवस्थामा बीमालेखमा उल्लेख भएकोमा सोहीबमोजिम र अन्यको हकमा यथासम्भव छिटो वा क्षतिको प्रमाण नष्ट हुनु अगावै वा निरन्तर क्षति भइरहेको अवस्था भएमा वा त्यसरी क्षति भइरहेको अवधिभित्र बिमितले बिमकलाई टेलिफोन, फ्याक्स, इमेल, एसएमएस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट खबर वा जानकारी गराउनु पर्नेछ । हालसम्म जारी विभिन्न विमालेखबमोजिम निम्नानुसारको समयावधिभित्र बिमितले बीमा कम्पनीलाई जानकारी गारउनु पर्ने व्यवस्था रहेको छ।

- बिमित पक्षी मरेमा दुई (२) दिनभित्र
- बालीको क्षति हानी भएमा तीन (३) दिनभित्र
- पशुधनको मृत्यु भएमा तीन (३) दिनभित्र
- माछा मरेमा दुई (२) दिनभित्र
- बिमा गरेको सम्पत्तिको बिक्री गरी स्वामित्व परिवर्तन गरेको अवस्थामा बिमकले बिमा कम्पनीलाई जानकारी दिनु पर्नेछ, बिमकले जानकारी प्राप्त भएको १५ दिनभित्र निशुल्क नामसारी गरिदिनु पर्ने व्यवस्था रहेको छ।

**कृषि तथा पशुपन्छी बिमामा दावी सम्बन्धी व्यवस्था**

बिमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दाबी भुक्तानी प्रक्रियाको लागि बिमकले बिमितसँग देहायबमोजिमको कागजातहरू माग गर्नुपर्नेछः

» पूर्ण रूपले भरिएको दाबी फाराम,

» पूर्ण क्षतिको हकमा सक्कल बिमालेखको प्रति र आंशिक क्षतिको हकमा बिमालेखको छाँयाप्रति

» सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबै को नाम थर, ठेगाना र सम्पर्क नम्बरसमेत)

» स्थानीय तहको वडा कार्यालयको सिफारिस

» सम्बन्धित बिमालेखमा उल्लेख भएबमोजिमको अद्यावधिक अभिलेखको प्रति।

» बिमकले आफूसमक्ष परेको कृषि तथा पशुपक्षी बिमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

बिमा कम्पनी समक्ष उल्लेखित कागजात प्राप्त भएपछि बिमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ । दुईलाख रूपैयाँभन्दा कम बिमाङ्क रकम भएको बिमालेखको हकमा बिमा कम्पनी आफैले क्षतिको मूल्याङ्कन गर्न सक्ने व्यवस्था रहेको छ। कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले बिमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा तीन मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसङ्गै संलग्न गरेको हुनुपर्नेछ। कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमकसमक्ष पेस गर्नुपर्नेछ । क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेस गरेको पैंतीस दिन बिमकले दायित्व एकिन ठहर गरी बिमितलाई दाबी भुक्तानी गर्नु पर्नेछ र बिमितले दाबी बापत रकम नपाउने रहेछ भने कारणसहित लिखित जानकारी दिनु पर्नेछ। बिमकले दाबी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बिमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दाबी भुक्तानी गर्नुपर्नेछ। बिमकले दाबी निवेदन अस्वीकार गरेमा, दाबी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दाबी बापतको दायित्व निर्धारण गरेमा बिमा समितिमा उजुरी गर्न सकिने व्यवस्था रहेको छ। बिमा समितिले गरेको निर्णय उपर बिमितलाई चित्त नबुझेमा ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था बिमा नियमावली, २०४९ मा व्यवस्था गरिएको छ।

**कृषि तथा पशुपक्षी बिमामा समस्या तथा चुनौतीहरू**

कृषि तथा पशुपक्षी बिमा सञ्चालनमा रहेको नवौं वर्षमा प्रवेश गर्ने लाग्दा पनि यस क्षेत्रले अपेक्षित गति लिन सकेको छैन। यसो हुनुमा मुख्यतः निम्न कारणहरूलाई चुनौतीका रूपमा लिन सकिन्छः

- परम्परागत कृषि प्रणाली
- प्रचार प्रसारमा कमी
- कृषि तथा पशुपक्षी बिमाप्रति जनचेतनाको कमी
- व्यावसायिक कृषि पेसाको अभाव
- भौगोलिक कठिनाइ
- बिमा शिक्षाको अभाव
- बेरोजारी तथा न्युन आयस्तर
- बिमा कम्पनीहरूको ग्रामीण क्षेत्रमा न्युन उपस्थिति
- बिमा क्षेत्रसङ्ग संघीय, प्रादेशिक र स्थानीय सरकारको समन्वयको अभाव
- कृषि तथा पशुपक्षी बिमा अनुगमन कार्यमा कमी
- कृषि बिमाको लागि बिमा अभिकर्ता तथा कृषि प्राविधिकको कमी तथा प्रकृयागत ज्ञानको अभाव

**कृषि तथा पशुपक्षी बिमा सम्बन्धमा सुझावहरू**

- प्रत्येक स्थानीय तहमा कृषि तथा पशुपक्षी बिमासम्बन्धी नीति तयार गर्ने,
- स्थानीय तहमा बिमा कम्पनीसँग सम्झौता गरी कृषि तथा पशुपक्षी बिमालाई आवश्यक प्रयोजनमा ल्याउने,
- स्थानीय बिमा कम्पनी तथा कृषि कार्यालयसँग समन्वय गरी कृषि तथा पशुपक्षी बिमालाई प्राथमिकता दिने,
- समितिको सहकार्यमा बिमा सम्बन्धी जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- समितिले सञ्चालन गरेको बिमा सम्बन्धी तालिममा अन्य पक्षलाई सहभागी गराउने,
- कृषि तथा पशुपक्षी बिमा गर्ने बिमकहरूको भूमिकालाई सक्रिय बनाउने,
- प्रचलनमा रहेका बिमालेखहरूमा आवश्यकता अनुसार परिमार्जन गर्ने र नयाँ नयाँ किसिमका बिमालेखहरू निर्माण गर्ने।

**निष्कर्षः**

नेपालमा कृषि तथा पशुपक्षी बीमा प्रयोग अपेक्षित रूपमा हुन सकेको छैन। कृषि तथा पशुपक्षी बीमालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि बीमा समितिले कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभागसँगको सहकार्यमा विभिन्न कार्यहरू भइरहेको छ। कृषकहरूलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्न, कृषि क्षेत्रमा रोजगारीका अवसहरू सिर्जना गरी आयआर्जनको अवस्था सिर्जना गर्न समितिको सहकार्यमा सरोकारवाला निकायहरूसँग कृषि तथा पशुपक्षी बिमा अभिकर्ता तथा क्षति मूल्याङ्कनकर्ताको तालिम, अन्तरक्रिया, गोष्ठीजस्ता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। कृषि तथा पशुपक्षी बिमाको माध्यमबाट दुर्गम क्षेत्र लगायत कृषिमा आश्रित सबैलाई बिमाको दायराभित्र ल्याउन कृषि तथा पशुपक्षी बीमा कार्यक्रमलाई प्रवर्द्धन तथा विकास गरी कृषि क्षेत्रको जोखिम कम गरी उत्पादकत्व वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्न सबै सरोकारवाला निकाय, कृषक तथा अन्य सबै क्षेत्रको सहयोग आवश्यक हुने देखिन्छ।

# झिमरुक गाउँपालिकाले सम्पादन गरेका प्रभावकारी कार्यक्रमहरूको एक झलक


कृषकहरुको लागि नर्सरी राख्ने सम्वन्धी स्थलगत तालिम प्रदान गर्दै- कृषि एकाइ


झिमरुक गाउँपालिकाको कृषि तालिम तथा नमुना प्रर्दशनी केन्द्रमा  कृषकहरु आलु उत्पादन गर्ने तालिममा सहभागी ।


OJT मा आएका विद्यार्थीहरु च्याउको मुडा राख्दै


कृषकहरुलाई नमुना कृषि फर्ममा विउ लगाउन सिकाउदै


झिमरुक गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण हुने स्थान ढाँडाको स्थलगत अनुमगन गर्दै गा.पा.अध्यक्ष तिलक वहादुर जि.सी. ,प्र.प्र. अधिकृत कमल प्रसाद भुसाल सहितको टिम


झिमरुक गाउँपालिकामा कृषि तालिम तथा नमुना प्रदर्शनी केन्द्रको अनुमगन गर्दै अध्यक्ष तिलक वहादुर जि.सी. सहितको टिम

सम्बन्धित कार्यक्रमलाई पुष्टि गर्ने  तस्विर तथा अन्य प्रमाणहरु

## झिमरुक गाउँपालिका

**कृषि तालिम तथा नमुना प्रर्दशनी केन्द्र**

कुनै पनी प्रविधि देखेर भन्दा गरेर सिकेको प्रविधि दिगो अनि त्यसप्रति विश्वास हुन्छ भन्ने नारालाई सार्थक पार्नको लागि कृषकहरूको क्षमतामा वृद्धि ल्याई कृषकहरूलाई व्यावसायिकतातर्फ उन्मुख गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने हेतुले आ.व. २०७६/०७७ को माघ १ गतेदेखि २ रोपनी जग्गा भाडामा लिई कृषि तालिम तथा नमुना प्रदर्शनी केन्द्रको स्थापना गरिएको छ। यस कृषि तालिम तथा नमुना प्रदर्शनी केन्द्रमा झिमरुकगा.पा.मा दर्ता भएका कृषि समूह /फर्मका कृषकहरूलाई तालिममा सहभागी गराई नियमित रुपमा स्थलगत तालिमहरु सञ्चालन भइरहेका छन्।

**कार्यक्रम सञ्चालनपूर्व**

कार्यक्रम सुरु हुनुभन्दा पहिले कृषकहरुलाई झिमरुक गा.पा.को पहलमा सञ्चालन हुने तालिमहरूमा सहभागी गराई सैदान्तिक ज्ञान/सीप मात्र प्रदान गरिएको थियो जुन प्रभावकारी भएको थिएन। फलस्वरुप कृषकहरु परम्परागत रुपमा नै खेती गर्दै आएका थिए। तालिममा कृषकहरूको अत्याधिक चाँप थियो। वास्तविक किसानहरू तालिममा सहभागी नहुने अवस्था थियो।

**कार्यक्रम सञ्चालनपश्चात**

हाल कृषि तालिम तथा नमुना प्रर्दशनी केन्द्र स्थापना भएपछि वास्तविक किसानहरु तालिममा सहभागी भएका छन्। पालिकामा अन्य काम विशेषले आउनेहरु पनि कृषि फर्मको अवलोकन गर्ने र ज्ञान/सिप आर्जन गर्ने गरेका छन्। बाह्रै महिना मौसमी  तथा बेमौसमी तरकारीहरु उत्पादन भई बिक्री भएको छ। यसले गर्दा गा.पा.को आन्तरिक आय वृद्धि हुन सहज भएको छ। कार्यक्रम सञ्चालन पश्चात एकवटा मिनीटिलर, १ वटा हाइटेक पलाष्टिक टनेल, १वटा च्याउघर, १वटा पलाष्टिक टनेल, ३ वटा पलाष्टिकगुम्बजको निर्माण भएका छन्। विभिन्न समूह/फर्मको सहभागितामा कृषक पाठशाला सञ्चालन गरिएको छ।

**किसानमा परेको प्रभाव**

कृषिसम्बन्धी नयाँ प्रविधिको जानकारी लिई सो प्रविधि कृषकहरुले अनुशरण गरी खेती गर्दै आइरहेका छन् जस्तैः मर्चिङ्ग प्रविधि।

कृषक पाठशालाको माध्यमबाट कृषकहरुलाई आलु खेती प्रविधिमा परिवर्तन, जस्तैः आलुको ड्याङ बनाएर राख्ने, आलु पातलो रोप्ने, रोग तथा किराको पहिचान र समाधान गर्ने, तालिममा वास्तविक तथा गर्न इच्छुक कृषहरु तालिममा सहभागी भएका छन्।

**सारांश**

कृषि तालिम तथा नमुना प्रर्दशनी केन्द्र कृषकहरुलाई प्रयोगात्मक तालिम केन्द्रमा स्थापना भई कृषकहरूलाई तालिमहरू प्रदान गरिँदै लगिने छ। यस प्रर्दशनी केन्द्रलाई आम्दानीको स्रोत मात्र नबनाएर कृषकहरुलाई उत्पादनमुखी/व्यावसायिक बनाउनु पर्ने आवश्यकता रहेको छ।

# उत्पादनमा आधारित अनुदान कार्यक्रमले किसान उत्साहित



**दिपक भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत
मालिका गाउँपालिका, गुल्मी



मालिका गाउँपालिका गुल्मी वार्ड न ८ की सरस्वती खड्काले विगत सात वर्षदेखि बाखापालन गर्दै आउनु भएको छ। खड्काका खोरमा १२ देखि १५ वटा बाखा सदावार हुने गर्दछन्। तीनै बाखाबाट सामान्यतः घरको खर्च उहाँले चलाउँदै आउनु भएको रहेछ।

धेरै बाखा पाल्ने, बाखा फर्म प्यानमा दर्ता गर्ने हो भने सरकारी अनुदान पाइन्छ भन्ने कुरा खड्कालाई थाहा छ तर त्यो झन्झट भनौं अथवा कानुनी प्रक्रिया पुराएर अनुदान लिन जान सक्ने हैसियत वा सामर्थ्य उनमा छैन। जब मालिका गाउँपालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रम अर्थात् एक वर्षभित्र जिउँदो रूपमा एक सय केजी बराबर मासु ब्रिकी गरेमा एक केजी मासु बराबार एक सय रुपैयाँ अनुदान दिने कार्यक्रम घोषणा गर्यो तर उनलाई यसरी गाउँपालिकाले अनुदान दिन्छ भन्ने विश्वास नै थिएन।

पहिलो पटक आर्थिक वर्ष २०७४-७५मा गाउँपालिकाले उत्पादनमा आधारित अनुदान कार्यविधि २०७५ बनाएर गाउँपालिकाले मान्यता दिएको सहकारी बाट खसी बोका जोखेर बेचे अनुदान पाइने कार्यक्रम लागु गर्यो तर सरस्वती खड्काले त्यो पत्याउनु भएन र सहकारीमा जोखाएर बेच्नु पनि भएन। खड्काले मात्रै होइन अधिकांश किसानले त्यसरी किनबेच गरेका छैनन्।

त्यो वर्ष अर्थात् पहिलो वर्ष २०७५ मा १३ जना किसानले मात्रै एक सय केजीभन्दा धेरै मासु सहकारीको माध्यमबाट किनबेच गरेका रहेछन्। १३ जना किसानलाई गाउँपालिकाको वडा नम्बर ६ अर्जैको पोखराबारीमा फुल-माला र नगदले सम्मान गर्दा सम्मानित किसानको खुसीको कुनै सीमा रहेन भने अरु किसान पनि अच्चमित बने। पहिलो वर्ष गाँउपालिकाले १ लाख ६१ हजार रुपैया अनुदान दिएको विवरण पाइन्छ।

त्यस पछि किसानलाई साँच्चिकै अनुदान पाइने रहेछ भन्ने लाग्यो र चासोका साथ बाखापालन गर्ने र सहकारीमा जोखेर बेच्न थाले। अर्को वर्ष सरस्वती खड्काले मात्रै होइन मालिका गाउँपालकाका एक सय २६ जना किसानले १६ लाख पाए। सरस्वती खड्काले आर्थिक वर्ष २०७६,७७ मा दुई सय ८५ केजी बराबरका खसी बोका सहकारीको माध्यम बाट बेचेर २८ हजार अनुदान पाउँदा खुसीको सीमा नै रहेन। गलाभरि माला, निधारमा रातो टीका र हातमा नगद २८ हजार समात्दा मञ्चमै उहाँका हर्षका आँसु खसे।

त्यस्तै मालिका गाउँपालिका ६ अर्जैकी दीपा अर्यालले आर्थिक वर्ष २०७६,७७ मा तीन सय १० केजी बराबरका खसि बोका सहकारीको माध्यम बाट बेचेर ३१ हजार अनुदान पाउनु भयो। सबैको अगाडि सम्मानका साथ नगद उपहार पाउँदा उहाँको पनि खुसीको सीमानै रहेन्। अझ अर्को वर्ष झन धेरै अनुदान पाउने गरी बाखपालनतर्फ लाग्ने उद्घोष गर्नु भयो।

उत्पादनमा आधारित अनुदान कार्यक्रम प्रभावकारी बन्दै जान थाले पछि गाउँपालिकाले धेरै धेरै बजेट विनियोजन गर्न थाल्यो। आर्थिक वर्ष २०७७/०७८ मा पनि गाउँपालिकाले उत्पादनमा आधारित अनुदानको ३० लाख रकम किसानलाई वितरण गर्यो अनि एक वर्षभित्र एक सय ३० केजी मासु उत्पादन गर्नु पर्ने निमय बनायो।

आर्थिक वर्ष ०७७ ७८ मा सबैभन्दा धेरै अनुदान मालिका गाउँपालिका २ की मिठु अर्यालले ६० हजार पाउनु भयो। त्यस्तै अन्य किसानले पनि आफ्नो उत्पादनअनुसार अनुदान पाए। त्यस्तै सुरुसुरुमा विश्वासै नगर्ने सरस्वती खड्काले पनि चार सय ४३ केजी मासु बेचेर ४३ हजार अनुदान पाउनु भयो।

यसरी उत्पादनमा आधारित अनुदानले किसानमा उत्साह छाएको छ भने गाउँपालिका पनि मासुमा आत्मनिर्भर बनेको छ। बिनाझन्झट किसानले मासुसँगै दुधमा प्रति लिटर पाँच रुपैयाँ र तरकारीमा कृषि उपज हेरीकन अनुदान दिदैं आएको छ।

ग्रामीण क्षेत्रमा वास्तविक किसान अन्यन्त इमान्दार मेहनती छन् उनीहरूले काम गर्न जानेका छन् तर हिसाबकिताबका कागज मिलाउन जानेका छैनन् भन्ने उदाहरण पनि यस उत्पादनामा आधारित अनुदान कार्यक्रमले प्रस्ट पारेको छ। किसानले सजिलो प्रक्रियाबाट अनुदान पाए उत्पादनमा जोड दिन्छन् भन्ने कुरा पनि प्रस्ट भएको छ।

विद्यमान समयमा अनुदान पाउनको लागि फर्म खोल्ने प्रर्पोजल पेश गर्ने र पहुँचको भरमा अनुदान प्राप्त गर्ने कृतिम कृषकलाई लयो नतिजामा आधारित अनुदान कार्यले वास्तविक कृषकको पहिचान भएको र लाभ लिएको कुरा प्रमाणित भएको छ। सुरुमा १ लाख ६१ हजारबाट सुरु भएको यो कार्यक्रम ४ वर्षमा ३० लाखमा पुग्नु साथै आ व ०७८ ७९को लागि गाउँपालिकाले ४० लाख स्रोत सोही शीर्षकमा विनियोजन गर्नुले गाउँपालिकाको लागि स्रोत व्यवस्थापनमा चुनौती भए तापनि पशुपालनमा व्यवसायीकरण भएको गाउँपालिका मासुमा आत्मनिर्भर भएको छ।

# लुम्बिनी प्रदेश योजना आयोगका पदाधिकारीहरुको संक्षिप्त विवरण



**कुल प्रसाद के.सी.**
माननीय मुख्यमन्त्री एवं अध्यक्ष
प्रदेश योजना आयोग



उपाध्यक्ष
**बामदेव क्षेत्री (घिमिरे)**
९८५११८४७५२
bamdevchhetri@gmail.com



सदस्य
**डा. दामोदर भुसाल**
(पि.एच.डी. अर्थशास्त्र, एम. ए. अर्थशास्त्र, राजनीतिशास्त्र)
९८४१२९२३७०
damodarbhusal2002@hotmail.com



सदस्य
**शिव पुजन यादव**
९८०४४२५९२६
shivapujanyadav23@gmail.com



सदस्य
**विष्णु माया थापा मगर**
९८४७१७१९९८
bmthapapalpa@gmail.com

# लुम्बिनी प्रदेशका साँस्कृतिक धरोहर



धारापानी, दाङ



सुपादेउराली, अर्घाखाँची



स्वर्गद्वारी मन्दिर, प्यूठान



रानीमहल, पाल्पा



मायादेवी मन्दिर, लुम्बिनी

क्रमशः प्रकाशन गरिनेछ ।

**प्रदेश योजना आयोग**

लुम्बिनी प्रदेश, मुकामः बुटवल